# बजेट तथा कार्यक्रमको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन
# (आर्थिक वर्ष २०८०/०८१)

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

२०८०, फाल्गुन

# मन्तव्य

कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० बमोजिम आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम कार्यान्वयनको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। मूल्याङ्कन प्रतिवेदनमा समीक्षा अवधिमा बजेट तथा कार्यक्रमको कार्यान्वयन, वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त अनुदानहरूको कार्यान्वयन स्थिति तथा राजस्व सङ्कलनको अवस्थाका साथै बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या र चुनौतीहरू तथा आगामी दिनमा गर्नुपर्ने सुधारका कार्यहरूसहित यो अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ।

कर्णाली प्रदेशको सन्तुलित र तीव्र आर्थिक विकास गरी समृद्ध कर्णाली निर्माण गर्ने उद्देश्यका साथ बजेटको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका साथै निजी क्षेत्र र अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने गरी चालु आर्थिक वर्ष २०८०/०८१ को बजेट निर्माण भएको थियो। अर्धवार्षिक अवधिमा बजेटमा उल्लिखित कार्यक्रमहरूमध्ये बजेटको ठूलो हिस्सा विनियोजन भएका मन्त्रालयमा प्राविधिक जनशक्तिको अभाव, कर्णाली प्रदेशको कठिन भौगोलिक अवस्था र बजेट खर्चको लागि थुप्रै कार्यविधि तथा मापदण्डहरू निर्माण र स्वीकृति प्राप्त गर्नुपर्ने कारणले समीक्षा अवधिको बजेट कार्यान्वयन तोकिएको लक्ष्य बमोजिम हुन सकेको छैन। गत आर्थिक वर्ष २०७९/०८० को पहिलो ६ महिनाको तुलनामा चालु आर्थिक वर्षको पहिलो ६ महिनामा सार्वजनिक खर्चमा केही वृद्धि र राजस्व प्राप्तिमा भने उल्यख्य वृद्धि भएको छ। आर्थिक वर्षको बाँकी अवधिमा बजेट कार्यान्वयनमा सुधार आई लक्षित प्रगति हासिल हुने अपेक्षा गरेको छु।

समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजना छनोटका लागि अनलाईनमा आधारित सफ्टवेयर कार्यान्वयनमा रहेको छ। कर्णाली प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणाली स्वीकृत गरी बेरुजुको सम्परीक्षण र अभिलेख व्यवस्थापनको संरचना भई सञ्चालनमा रहेको छ। आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत भई कार्यान्वयनमा रहेको छ। यस प्रकारको सुधारबाट प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन तथा विनियोजन कुशलता अभिवृद्धिसँगै प्रभावकारी तथा कार्यान्वयनयोग्य बजेट निर्माण हुने तथा वित्तीय अनुशासनमा सुधार आउने विश्वास लिएको छु। यस प्रदेशको बजेट प्रणालीको संस्थागत विकासको लागि मन्त्रालय निरन्तर प्रयासरत रहेको छ। यसबाट बजेट प्रणाली थप व्यवस्थित, वस्तुपरक, पारदर्शी, कार्यान्वयनयोग्य र नतिजामुखी हुने विश्वास गरेको छु। आर्थिक वर्षको बाँकी अवधिको लागि कार्ययोजना तयार गरी बजेट तथा कार्यक्रमको कार्यान्वयनमा कटिबद्ध भई लाग्न सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछु।

अन्त्यमा, यो प्रतिवेदन तयारीका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराई सहयोग पुर्‍याउनु हुने सबै मन्त्रालय, निकाय र प्रतिवेदन तयारीको कार्यमा संलग्न हुनुहुने यस मन्त्रालयका सबै कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

**वेदराज सिंह**
**मन्त्री**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**

कर्णाली प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

# मन्तव्य

आर्थिक वर्ष २०८०/०८१ को अर्धवार्षिक अवधिको समष्टितग आर्थिक परिसूचक, राजस्व परिचालन, खर्च व्यवस्थापनको अवस्था र आर्थिक, सामाजिक विकासका प्रमुख सूचक र आगामी समयमा बजेट तथा कार्यक्रमको कार्यान्वयनको लागि अवलम्बन गर्नुपर्ने रणनीति समेत समावेश गरी प्रदेश सरकारको अर्धवार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ।

यस प्रतिवेदनमा चालु आर्थिक वर्षमा प्रदेशका सबै मन्त्रालय र निकायहरूको विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था र हालसम्मका उपलब्धिहरूको बारेमा संक्षिप्त चर्चा गरिएको छ। आर्थिक वर्षको पहिलो छ महिनाको प्रगति विवरणलाई विश्लेषण गर्दा आगामी दिनका प्रयासहरू थप घनिभूत गर्नुपर्ने देखिएको छ। सबै विषयगत मन्त्रालय र निकायहरूको मन्त्रालयस्तरीय समीक्षा, माननीय मुख्यमन्त्रीज्यू तथा विभागीय मन्त्रीज्यूहरूको समुपस्थितिमा समय-समयमा भएका छलफल र सो क्रममा प्राप्त सुझावहरूको आधारमा सबै निकायहरूको बाँकी अवधिमा कार्यसम्पादन प्रभावकारी हुने अपेक्षा गरेको छु।

अन्त्यमा, बजेटको अर्धवार्षिक समीक्षाले यस सम्बन्धी सूचना र तथ्याङ्कको आधारमा अध्ययन अनुसन्धान र जानकारी राख्न चाहने सबैको लागि यो प्रतिवेदन अत्यन्तै उपयोगी हुने विश्वास लिएको छु। यो प्रतिवेदन तयार गर्न आवश्यक सूचना एवम् तथ्याङ्क उपलब्ध गराई सहयोग गर्ने सबै विषयगत मन्त्रालय र निकाय तथा प्रतिवेदन तयारीमा संलग्न यस मन्त्रालयका सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**रमेश न्यौपाने**
**प्रदेश सचिव**

# विषयसूची


कार्यकारी सारांश.......... १

वित्तीय सङ्घीयता कार्यान्वयन.......... २

बजेट प्रणाली र वित्तीय व्यवस्थापनमा सुधार .......... २

बजेट कार्यान्वयन र व्यवस्थापनमा तत्काल गर्नुपर्ने सुधार.......... २

**परिच्छेद-एकः समष्टिगत आर्थिक तथा वित्तीय स्थिति.......... ४**

१.१ राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र.......... ४

**परिच्छेद-दुईः बजेट खर्च र स्रोत परिचालनको विश्लेषण.......... ८**

२.१ समष्टिगत खर्च स्थिति .......... ८

२.२ लक्ष्य अनुसार खर्च हुन नसक्नुका कारणहरू.......... १२

२.३ चालु आर्थिक वर्षको समीक्षा अवधिको मन्त्रालयगत/निकायगत खर्च विवरण.......... १३

२.४ स्रोतगत खर्च विश्लेषण.......... १५

**परिच्छेद-तीनः क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण .......... १६**

३.१ प्रदेश सभा सचिवालय .......... १६

३.२ प्रदेश लोक सेवा आयोग .......... १९

३.३ मुख्य न्यायाधिवक्ताको कार्यालय.......... २२

३.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय .......... २५

३.५ आर्थिक मामिला तथा योजना मन्त्रालय.......... २९

३.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय.......... ३७

३.७ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय .......... ४२

३.८ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय .......... ४७

३.९ आन्तरिक मामिला तथा कानुन मन्त्रालय.......... ५२

३.१० भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय.......... ५७

३.११ सामाजिक विकास मन्त्रालय .......... ६४

३.१२ कर्णाली प्रदेश योजना आयोग.......... ७४

**परिच्छेद-चारः बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास.......... ७७**

४.१ वित्तीय सङ्घीयता कार्यान्वयन र वित्तीय हस्तान्तरण.......... ७८

४.२ आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने अख्तियारी र मार्गदर्शन...... ७९

४.३ समीक्षा अवधिमा गरिएका प्रयास.......... ८४

४.३.१ समपूरक र विशेष अनुदान सम्बन्धी प्रणाली.......... ८४

४.३.२ प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा सुधार.......... ८५

४.३.३ सार्वजनिक वित्त व्यवस्थापनमा गरिएका अन्य सुधारहरू.......... ८५

**परिच्छेद-पाँचः स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति.......... ८६**

५.१ स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण.......... ८६

५.२ आर्थिक वर्ष २०८०/०८१ को लागि प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन.......... ८७

५.३ वित्तीय सङ्घीयता कार्यान्वयन गर्ने सन्दर्भमा भएका उपलब्धि र समीक्षा .......... ९१

५.४ वित्तीय सङ्घीयता कार्यान्वयनमा देखा परेका समस्याहरु.......... ९१

५.५ समाधानका उपायहरू .......... ९२

**परिच्छेद-छ : बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने प्रयासहरू ............................... ९४**
६.१ तत्काल गर्नुपर्ने कार्यहरू ........................................................................................ ९४
    ६.१.१ बजेट कार्यान्वयन ........................................................................................ ९४
    ६.१.२ राजस्व व्यवस्थापन ...................................................................................... ९५
६.२ दीर्घकालमा गर्नुपर्ने कार्यहरू ...................................................................................... ९६
    ६.२.१ बजेट तर्जुमा ............................................................................................... ९६
    ६.२.२ बजेट कार्यान्वयन ........................................................................................ ९६
    ६.२.३ स्रोत व्यवस्थापन ......................................................................................... ९७
    ६.२.४ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना ............................................ ९८
    ६.२.५ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउन गर्नुपर्ने कार्यहरु .................................. ९८
    ६.२.६ सूचना प्रविधिको प्रयोग ................................................................................ ९९
अनुसूचीहरू ........................................................................................... १००-१०७

# कार्यकारी सारांश

१. कर्णाली प्रदेश विनियोजन ऐन, २०८० का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति बमोजिम आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम कार्यान्वयनको ६ महिना पूरा भएको छ।

२. चालु आर्थिक वर्षको कुल विनियोजन रु. ३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार मध्ये पहिलो ६ महिनाको अवधिमा समग्रमा रु. ४ अर्ब ४० करोड १५ लाख ९४ हजार अर्थात १३.१९ प्रतिशत खर्च भएको छ।

३. समीक्षा अवधिमा कुल खर्च मध्ये चालु तर्फ रु. २ अर्ब ९१ करोड ३९ लाख ५५ हजार खर्च भएको छ। पुँजीगत तर्फ रु. १ अर्ब ४८ करोड ७६ लाख ४० हजार खर्च भएको छ। जुन विनियोजित रकमको क्रमशः २१.११ प्रतिशत र ७.६ प्रतिशत हुन आउँछ।

४. आन्तरिक राजस्व तर्फ चालु आर्थिक वर्षमा कुल रु. ८३ करोड ६२ लाख १२ हजार प्राप्त हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रु. ४५ करोड ९१ लाख प्राप्त भएको छ। (सवारी साधन कर बापत सङ्कलन भएको राजस्व स्थानीय तहमा बाँडफाँट गरी प्रदेशले पाउने हिस्सा मात्र समावेश गरिएको) जुन वार्षिक अनुमानको ५४.९० प्रतिशत हुन आउँछ। गत आर्थिक वर्षमा वार्षिक रु. ७१ करोड २९ लाख ७४ हजार आन्तरिक राजस्व प्राप्त हुने अनुमान गरिएकोमा अर्धवार्षिक अवधिमा कुल राजस्व रु. ३० करोड १७ लाख प्राप्त भएको थियो। यस्तै गत आ.व. २०७९/०८० मा वार्षिक रु. ६३ करोड ६१ लाख १८ हजार प्राप्त भई वार्षिक अनुमानको ८९.२२ प्रतिशत प्राप्त भएको थियो (प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रतिवेदन अनुसार)।

५. चालु आर्थिक वर्षमा सङ्घीय सरकारबाट ससर्त, समानीकरण, समपूरक र विशेष अनुदानमा कुल रु. १६ अर्ब २७ करोड ३९ लाख वित्तीय हस्तान्तरण प्राप्त हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रु. ६ अर्ब २३ करोड ५५ लाख अर्थात ३८.३२ प्रतिशत प्राप्त भएको छ। गत आ.व.मा वार्षिक रु. १८ अर्ब ३० करोड ६१ लाख वित्तीय हस्तान्तरण प्राप्त हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रु. ५ अर्ब ३६ करोड ३१ लाख अर्थात २९.३० प्रतिशत प्राप्त भएको थियो।

६. स्रोतगत रूपमा हेर्ने हो भने आ.व. २०८०/०८१ मा कुल खर्चमा समानीकरण तर्फ रु. १ अर्ब २७ करोड ५३ लाख २७ हजार, विशेष अनुदान तर्फ रु. ५ करोड २ लाख ३४ हजार, समपूरक अनुदानतर्फ रु. ३ करोड ३७ लाख ३३ हजार, ससर्त अनुदानतर्फ रु. १५ करोड ६७ हजार र अन्य स्रोत (राजस्व बाँडफाँट, आन्तरिक आम्दानी र गत आर्थिक वर्षको नगद मौज्दात) तर्फ रु.२ अर्ब ८९ करोड २२ लाख ३३ हजार खर्च भएको देखिन्छ।

७. गत आ.व. २०७९/०८० मा भने कुल खर्चमा समानीकरण तर्फ रु. १ अर्ब १५ करोड ४७ लाख ९९ हजार, विशेष अनुदान तर्फ रु. ११ करोड ४१ लाख ९५ हजार, समपूरक अनुदानतर्फ रु. २ करोड ६४ लाख ५३ हजार, ससर्त अनुदानतर्फ रु. ६० करोड ४१ लाख ३६ हजार र अन्य स्रोत (राजस्व बाँडफाँट, आन्तरिक आम्दानी र गत आर्थिक वर्षको नगद मौज्दात) तर्फ रु.२ अर्ब ३५ करोड ४६ लाख ५ हजार खर्च भएको देखिन्छ।

८. आ.व. २०७९/०८० को समीक्षा अवधिसम्म सङ्घीय सरकारबाट थप ससर्त अनुदान रु. ३ करोड ३१ लाख ३५ हजार हस्तान्तरण भई प्राप्त भएकोमा चालु आर्थिक वर्षमा ससर्त अनुदान बापत थप रकम हस्तान्तरण/प्राप्त भएको छैन।

## वित्तीय सङ्घीयता कार्यान्वयन

१. चालु आर्थिक वर्षमा प्रदेश सरकारबाट स्थानीय तहलाई समानीकरण, ससर्त, समपूरक र विशेष अनुदानमा कुल रु. ४ अर्ब ८० करोड ४ लाख ४० हजार वित्तीय हस्तान्तरण गरिने अनुमान गरिएकोमा समीक्षा अवधिसम्म कुल रु. १ अर्ब १ करोड ४ लाख अर्थात कुल विनियोजनको २१.०५ प्रतिशत हस्तान्तरण भएको छ।

२. गत आ.व. को सोही अवधिसम्म कुल रु. ७८ करोड ७१ लाख अर्थात कुल विनियोजनको १९.४८ प्रतिशत हस्तान्तरण भएको थियो।

३. चालु आ.व. को यस अवधिमा ससर्त अनुदान तर्फ रु. ६३ करोड ७० लाख २७ हजार, वित्तीय समानीकरण तर्फ रु. ३५ करोड ६६ लाख ४९ हजार, विशेष अनुदान तर्फ रु. ४२ करोड ६९ लाख ५७ हजार र समपूरक अनुदान तर्फ रु. १ करोड २४ लाख ५८ हजार ६ सय हस्तान्तरण गरिएको छ। जुन विनियोजनको क्रमशः २२.१० प्रतिशत, ४४.६० प्रतिशत, १.५५ प्रतिशत र १.४८ प्रतिशत हुन आउँछ।

## बजेट प्रणाली र वित्तीय व्यवस्थापनमा सुधार

१. कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट प्रदेश र स्थानीय तहका कर्मचारीहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको छ।

२. आयोजनाहरूको बहुवर्षीय खरिद प्रकृयालाई व्यवस्थित र परिणाममुखी बनाउन आधार र मापदण्ड सहितको बहुवर्षीय ठेक्का सम्बन्धी कार्यविधि रहेको छ। उक्त कार्यविधि संशोधन गरी समयाकुल बनाइएको छ।

३. प्रदेश सरकारको बेरुजुको अभिलेख अद्यावधिक, सोको फछ्र्यौट र सम्परीक्षणलाई व्यवस्थित र वैज्ञानिक बनाउन प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणाली (Province Beruju Management Information System) प्रदेश सरकार मन्त्रिपरिषद्‌बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

४. कर्णाली प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ बमोजिम मन्त्रालयहरूको वित्तीय जोखिम मूल्याङ्कन गर्ने परिपाटीको विकास भएको छ।

५. कर्णाली प्रदेश आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि, २०७९ स्वीकृत गरी सोही ढाँचामा रही विषयगत मन्त्रालयले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागू गर्ने व्यवस्था गरिएको छ।

६. कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८ को पहिलो संशोधन भई कार्यान्वयनमा रहेको छ।

## बजेट कार्यान्वयन र व्यवस्थापनमा तत्काल गर्नुपर्ने सुधार

१. समीक्षा अवधिसम्म बजेट खर्चको आधारमा आर्थिक वर्षको बाँकी अवधिको लागि संशोधित कार्ययोजना बनाई बजेट कार्यान्वयन प्रभावकारी बनाउन नियमित रूपमा छलफल गरी समस्याहरू समाधान गर्ने।

२. अध्ययन र पूर्वतयारी बिना बजेट विनियोजन गरिएका आयोजना कार्यान्वयनमा जान नसक्ने भएमा सोको एकीन गरी आयोजना वा कार्यक्रममा विनियोजित बजेट समर्पण गर्ने वा प्रचलित कानुनबमोजिम विगतको भुक्तानी दिनुपर्ने बाँकीको व्यवस्थापन गर्न रकमान्तर प्रस्ताव गर्ने तर नयाँ कार्यक्रमको लागि रकम प्रस्ताव नगर्ने।

३. चालु आर्थिक वर्षमा सिर्जित दायित्व आगामी आर्थिक वर्षमा नसार्ने गरी समयमै भुक्तानी व्यवस्थापन गर्ने।

४. सङ्घीय सरकारबाट ससर्त अनुदानमा सञ्चालित आयोजनामा थप रकम आवश्यक पर्ने भए सोको विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालयमा अनुरोध गर्ने।

५. राजस्व परिचालनका सम्बन्धमा स्थानीय तहहरूसँग आवश्यक समन्वय र सम्पर्क गरी आफ्ना क्षेत्राधिकारका कर उठाउने र राजस्व बाँडफाँट भई आउनुपर्ने रकमको अनुमान गर्ने।

६. आ.व. २०७९/०८० मा स्थानीय तहमा हस्तान्तरित ससर्त, समपूरक र विशेष अनुदानतर्फ खर्च हुन नसकि बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्न लगाउने।

७. प्रदेश सरकारले समपूरक, विशेष र ससर्त अनुदान बापत प्राप्त गरेको रकम खर्च हुन नसकि बाँकी रहेमा सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने।

## परिच्छेद-एक
# समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## १.१ राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र

१. नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/०८०) अनुसार नेपालमा गरिबीको दर २०.२७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको दर २६.६९ प्रतिशत रहेको छ।

२. नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/०८०) अनुसार सबैभन्दा कम गरिबी गण्डकी प्रदेशमा (११.८८ प्रतिशत) रहेको छ भने सबैभन्दा बढी गरिबी सुदूरपश्चिम प्रदेशमा (३४.१६ प्रतिशत) रहेको छ।

३. नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/०८०) अनुसार नेपालमा गरिबीको विषमता ४.५२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको विषमता ६.२५ प्रतिशत रहेको छ।

४. नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/०८०) अनुसार नेपालमा गरिबीको गहनता दर १.४८ रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको गहनता दर २.१६ रहेको छ।

१. नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/०८०) अनुसार कर्णाली प्रदेश शहरी क्षेत्रमा गरिबीको दर २३.२६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेश ग्रामीण क्षेत्रमा गरिबीको दर ३०.८६ प्रतिशत रहेको छ।

२. आ.व. २०७९/०८० मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (उपभोक्ताको मूल्यमा) १.८६ प्रतिशत रहने अनुमान छ भने आधारभूत मूल्यमा आर्थिक वृद्धिदर २.१६ प्रतिशत रहने अनुमान छ। गत आ.व.को आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ५.६१ प्रतिशत रहेको थियो।

३. आ.व. २०७९/०८० मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु. ५३ खर्ब ८१ अर्ब ३४ करोड हुने अनुमान रहेको छ। आ.व. २०७८/०७९ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन रु. ४९ खर्ब ३३ अर्ब ७० करोड रहेको थियो।

४. आ.व. २०७९/०८० मा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) १.९१ प्रतिशत रहने अनुमान छ भने आधारभूत मूल्यमा आर्थिक वृद्धिदर २.१८ प्रतिशत रहने अनुमान छ। आ.व. २०७८/०७९ को आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ५.३२ प्रतिशत रहेको थियो।

५. आ.व. २०७९/०८० मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु. २ खर्ब २१ अर्ब ५२ करोड रहने अनुमान छ भने आ.व. २०७८/०७९ मा कुल गार्हस्थ्य उत्पादन रु. २ खर्ब १ अर्ब ९० करोड रहेको थियो।

६. आ.व. २०७५/०७६ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको अंश ३.९४ प्रतिशत रहेको थियो भने आ.व. २०७९/०८० मा यो अंश बढेर ४.१० प्रतिशत पुगेको छ। आ.व. २०७८/०७९ मा पनि यस्तो अंश ४.१० प्रतिशत रहेको थियो।

७. आ.व. २०७९/०८० मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३१.० प्रतिशत, १०.१ प्रतिशत र ५८.९ प्रतिशत रहने अनुमान छ। आ.व. २०७८/०७९ मा यस्तो योगदान क्रमशः ३२.६ प्रतिशत, १०.६ प्रतिशत र ५६.८ प्रतिशत रहेको थियो।

८. आ.व. २०७९/०८० मा कर्णाली प्रदेशको कृषि क्षेत्रको वृद्धिदर ०.६० प्रतिशत र गैर कृषि क्षेत्रको वृद्धिदर ३.२३ प्रतिशत रहने अनुमान छ। आ.व. २०७८/०७९ मा यस्तो वृद्धिदर क्रमशः ३.१७ प्रतिशत र ६.१५ प्रतिशत रहेको थियो।

९. आ.व. २०७९/०८० मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ०.६० प्रतिशत, -१.२६ प्रतिशत र ४.६२ प्रतिशत रहने अनुमान छ भने आ.व. २०७८/०७९ मा यस्तो वृद्धिदर क्रमशः ३.२० प्रतिशत, ७.६९ प्रतिशत र ५.६८ प्रतिशत रहेको थियो।

१०. आ.व. २०७९/०८० मा नेपालको प्रतिव्यक्ति आय (प्रतिव्यक्ति कुल राष्ट्रिय उत्पादन) १ हजार ३ सय ९९ अमेरिकी डलर रहने अनुमान छ भने आ.व. २०७८/०७९ मा पनि नेपालको प्रतिव्यक्ति आय १ हजार ३ सय ९९ अमेरिकी डलर रहेको थियो।

११. आ.व. २०७९/०८० मा कर्णाली प्रदेशको प्रतिव्यक्ति आय (प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन) ९९७ अमेरिकी डलर रहने अनुमान छ भने आ.व. २०७८/०७९ मा कर्णाली प्रदेशको प्रतिव्यक्ति आय ९ सय ८९ अमेरिकी डलर रहेको थियो।

१२. बहुआयामिक गरिबी दर राष्ट्रिय औसतमा १७.४० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको बहुआयामिक गरिबी दर ३९.५ प्रतिशत छ।

१३. आ.व. २०८०/०८१ मा कर्णाली प्रदेशमा ५३.६० प्रतिशत प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन भएको छ भने गत आ.व. मा ३९.०० प्रतिशत प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन भएको थियो।

१४. हालसम्म कर्णाली प्रदेशका सबै स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ।

१५. समीक्षा अवधिसम्म कर्णाली प्रदेशमा रहेका बीमकका कुल शाखा/उपशाखाको सङ्ख्या १४८ रहेको छ।

१६. समीक्षा अवधिसम्म नेपालमा निर्जीवन बिमा व्यवसाय गर्ने बीमकहरुबाट जारी गरेको कुल बिमालेख सङ्ख्या १४ लाख ४१ हजार ४ सय ४९ रहेको छ भने कर्णाली प्रदेशबाट जारी गरेको कुल बिमालेख सङ्ख्या २२ हजार ७ सय ३३ रहेको छ।

१७. समीक्षा अवधिसम्म नेपालमा जीवन बिमा गर्ने बीमकहरुको सक्रिय रहेको कुल बिमालेख सङ्ख्या १ करोड ३७ लाख ५५ हजार ३ सय ९६ रहेको छ भने कर्णाली प्रदेशमा सक्रिय रहेको कुल बिमालेख सङ्ख्या १ लाख ७९ हजार १ सय ५१ रहेको छ।

१८. राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ रहेको छ भने दश वर्षको अवधिमा नेपालको जनसङ्ख्या १०.०८ प्रतिशतले बढेको छ। नेपालको जनसङ्ख्याको वार्षिक औसत वृद्धिदर ०.९२ प्रतिशत रहेको छ।

१९. नेपालको कुल जनसङ्ख्यामा १ करोड ४२ लाख ५३ हजार ५ सय ५१ अर्थात ४८.८७ प्रतिशत पुरुष र १ करोड ४९ लाख ११ हजार २७ अर्थात ५१.१३ प्रतिशत महिला रहेको छ भने लैङ्गिक अनुपात ९५.५९ रहेको छ।

२०. कर्णाली प्रदेशको कुल जनसङ्ख्या १६ लाख ८८ हजार ४ सय १२ रहेको छ भने दश वर्षको अवधिमा कर्णाली प्रदेशको जनसङ्ख्या ७.५१ प्रतिशतले बढेको छ। यस प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर ०.७० प्रतिशत रहेको छ।

२१. कर्णाली प्रदेशको कुल जनसङ्ख्यामा ८ लाख २३ हजार ७ सय ६१ अर्थात ४८.७९ प्रतिशत पुरुष र ८ लाख ६४ हजार ६ सय ५१ अर्थात ५१.२१ प्रतिशत महिला रहेको छ भने लैङ्गिक अनुपात ९५.२७ रहेको छ ।

२२. कर्णाली प्रदेशका जिल्लाहरु मध्ये सबैभन्दा बढी लैङ्गिक अनुपात हुम्ला जिल्लामा १०१.३७ र सबैभन्दा कम दैलेख जिल्लामा ९१.८२ रहेको छ।

२३. कर्णाली प्रदेशका १० जिल्लाहरु मध्ये सबैभन्दा बढी जनसङ्ख्या सुर्खेतमा र सबैभन्दा कम जनसङ्ख्या डोल्पामा रहेको छ। विगत १० वर्षमा सबैभन्दा बढी जनसङ्ख्या वृद्धि सुर्खेत जिल्लामा भएको छ भने दैलेख र सल्यानमा जनसङ्ख्या घटेको छ।

२४. कर्णाली प्रदेशमा घरपरिवारको सङ्ख्या ३ लाख ६६ हजार २ सय ५५ रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार कर्णाली प्रदेशमा परिवारको सङ्ख्या २ लाख ९८ हजार ३ सय ५९ रहेको थियो।

२५. नेपालको कुल जनसङ्ख्या मध्ये ६६.२ प्रतिशत सहरी जनसङ्ख्या र ३३.८ प्रतिशत ग्रामीण जनसङ्ख्या रहेको छ। कर्णाली प्रदेशको कुल जनसङ्ख्या मध्ये सहरी जनसङ्ख्या ५२.१ प्रतिशत र ग्रामीण जनसङ्ख्या ४७.९ प्रतिशत रहेको छ।

२६. कर्णाली प्रदेशका २५ वटा नगरपालिका मध्ये सबैभन्दा बढी वीरेन्द्रनगर नगरपालिकामा १ लाख ५३ हजार ८ सय ६३ र सबैभन्दा कम ठुलीभेरी नगरपालिकामा ९ हजार ८ सय ६१ जनसङ्ख्या रहेको छ।

२७. नेपालमा महिला परिवारमुली भएका परिवार ३१.५५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा महिला परिवार मुली भएका परिवार ३२.०७ प्रतिशत रहेको छ।

२८. नेपालमा घरको छाना खर/पराल/छवाली भएको परिवार ३.९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा घरको छाना खर/पराल/छवाली भएको परिवार ६.५ प्रतिशत रहेको छ।

२९. नेपालमा खाना पकाउन इन्धनको रुपमा अक्सर काठ/दाउरा प्रयोग गर्ने परिवार ५१.० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा खाना पकाउन इन्धनको रुपमा अक्सर काठ/दाउरा प्रयोग गर्ने परिवार ८२.२ प्रतिशत रहेको छ।

३०. नेपालमा बत्ती बाल्न अक्सर बिजुली प्रयोग गर्ने परिवार ९२.२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा बत्ती बाल्न अक्सर बिजुली प्रयोग गर्ने परिवार ४९.६ प्रतिशत रहेको छ। त्यस्तै कर्णाली प्रदेशमा बत्ती बाल्न अक्सर सोलार/सौर्य ऊर्जा प्रयोग गर्ने परिवार ४७.९ प्रतिशत रहेको छ।

३१. नेपालमा मोबाइल फोन (साधारण) प्रयोग गर्ने परिवार ७३.२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा मोबाइल फोन (साधारण) प्रयोग गर्ने परिवार ८२.२ प्रतिशत रहेको छ।

३२. नेपालमा अन्य लिङ्गी (यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक) को सङ्ख्या २ हजार ९ सय २८ रहेको छ जुन कुल जनसङ्ख्याको ०.०१ प्रतिशत हुन आउँछ। कर्णाली प्रदेशमा अन्य लिङ्गीको सङ्ख्या ८१ (२.८ प्रतिशत) रहेको छ।

३३. नेपालको (५ वर्ष वा सो भन्दा माथि) कुल साक्षरता दर ७६.२ प्रतिशत रहेको छ। जसमा पुरुष साक्षरता दर ८३.६ प्रतिशत र महिला साक्षरता दर ६९.४ प्रतिशत रहेको छ। कर्णाली प्रदेशको (५ वर्ष वा सो भन्दा माथि) कुल साक्षरता दर ७६.१ प्रतिशत रहेको छ। जसमा पुरुष साक्षरता दर ८३.३ प्रतिशत र महिला साक्षरता दर ६९.४ प्रतिशत रहेको छ।

३४. कर्णाली प्रदेशका १० जिल्ला मध्ये सबैभन्दा बढी साक्षरता दर भएको जिल्ला सुर्खेत (८२.७ प्रतिशत) र सबैभन्दा कम साक्षरता दर भएको जिल्ला हुम्ला (६३.८४ प्रतिशत) रहेको छ।

३५. कर्णाली प्रदेशका ७९ वटा स्थानीय तहहरु मध्ये सबैभन्दा बढी साक्षरता दर भएको स्थानीय तह वीरेन्द्रनगर नगरपालिका (८७.१६ प्रतिशत) र सबैभन्दा कम साक्षरता दर भएको स्थानीय तह शे-फोक्सुण्डो गाउँपालिका (४५.०३ प्रतिशत) रहेको छ।

३६. विगत १० वर्षमा कर्णाली प्रदेशका ७९ स्थानीय तह मध्ये ५५ स्थानीय तहको जनसङ्ख्या बढेको छ भने २४ स्थानीय तहको जनसङ्ख्या घटेको छ।

३७. कर्णाली प्रदेशका ७९ स्थानीय तह मध्ये सबैभन्दा बढी जनसङ्ख्या वृद्धिदर भएको स्थानीय तह वीरेन्द्रनगर नगरपालिका (वार्षिक जनसङ्ख्या वृद्धिदर ४.०९ प्रतिशत) र सबैभन्दा बढी जनसङ्ख्या घटेको स्थानीय तह भैरवी गाउँपालिका (वार्षिक जनसङ्ख्या वृद्धिदर -१.१८ प्रतिशत) रहेको छ।

३८. नेपालमा मातृ मृत्युदर (प्रति लाखमा) १५१ रहेको छ भने कर्णाली प्रदेशको मातृ मृत्युदर १७२ रहेको छ।

३९. नेपालमा ५ वर्ष वा सो भन्दा कम उमेरका बालबालिकाको सङ्ख्या ३० लाख ७ हजार ६ सय ४८ रहेकोमा ७४.० प्रतिशतले जन्म दर्ता गरेका छन्। त्यस्तै कर्णाली प्रदेशमा ५ वर्ष वा सो भन्दा कम उमेरका बालबालिकाको सङ्ख्या २ लाख ४ हजार ६ सय ३८ रहेकोमा ८७.३ प्रतिशतले जन्म दर्ता गरेका छन्।

४०. कर्णाली प्रदेशका १० जिल्ला मध्ये सबैभन्दा बढी जन्मदर्ता भएको जिल्ला कालिकोट (९४.४ प्रतिशत) र सबैभन्दा कम जन्मदर्ता भएको जिल्ला सुर्खेत (७६.८ प्रतिशत) रहेको छ।

४१. नेपालको कुल जनसङ्ख्या मध्ये २.२२ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। कर्णाली प्रदेशको कुल जनसङ्ख्या मध्ये ३.१२ प्रतिशत जनसङ्ख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ।

४२. कर्णाली प्रदेशका १० जिल्ला मध्ये सबैभन्दा बढी अपाङ्गता भएको जिल्ला जाजरकोट (४.९४ प्रतिशत) र सबैभन्दा कम अपाङ्गता भएको जिल्ला जुम्ला (२.२९ प्रतिशत) रहेको छ।

## परिच्छेद-दुई
# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## २.१ समष्टितग खर्च स्थिति

कर्णाली प्रदेश सरकारको चालु आर्थिक वर्षमा क्षेत्रगत नीति र कार्यक्रमहरूको कार्यान्वयनका लागि पुँजीगत तर्फ रु. १९ अर्ब ५७ करोड ७२ लाख ४३ हजार (५८.६५ प्रतिशत) र चालु तर्फ रु. ९ अर्ब २० करोड २४ हजार (२६.९७ प्रतिशत) र वित्तीय हस्तान्तरणतर्फ रु. ४ अर्ब ८० करोड ४ लाख ४० हजार अर्थात (१४.३८ प्रतिशत) बजेट तर्जुमा गरिएको थियो।

तालिका १- आ.व. २०७९/०८० र २०८०/०८१ को बजेट विनियोजन र खर्चको तुलनात्मक स्थिति (रु. हजारमा)

| शीर्षक | विनियोजन | | पहिलो ६ महिनाको खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७९/०८० | २०८०/०८१ | २०७९/०८० | २०८०/०८१ | २०७९/०८० | २०८०/०८१ |
| चालु | १३१६५२३८ | १३८००८१२ | २४८८३७२ | २९१३९५५ | १८.९० | २१.११ |
| पुँजीगत | १९४५०९२४ | १९५७८८९५ | १७६६३०९ | १४८७६४० | ९.०८ | ७.६० |
| जम्मा | ३२६१६१६२ | ३३३७९७०७ | ४२५४६८३ | ४४०१५९४ | १३.०४ | १३.१९ |


**स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चालु आ.व. मा कुल विनियोजन मध्ये समीक्षा अवधिमा चालुतर्फ रु. २ अर्ब ९१ करोड ३९ लाख ५५ हजार अर्थात २१.११ प्रतिशत र पुँजीगत तर्फ रु. १ अर्ब ४८ करोड ७६ लाख ४० हजार अर्थात ७.६० प्रतिशत खर्च भएको छ।

आर्थिक वर्ष २०७९/०८० को सोही अवधिमा कुल विनियोजन मध्ये समीक्षा अवधिमा चालुतर्फ रु. २ अर्ब ४८ करोड ८३ लाख ७२ हजार अर्थात १८.९ प्रतिशत र पुँजीगत तर्फ रु. १ अर्ब ७६ करोड ६३ लाख ९ हजार अर्थात ९.०८ प्रतिशत खर्च भएको थियो। तलको चित्र नं १ मा आ.व. २०७९/०८० र आ.व. २०८०/०८१ को चालु र पुँजीगत खर्चको तुलनात्मक विवरण देखाइएको छ।

तलको चित्र अनुसार चालु खर्चको भार बढी देखिएको छ। चालु प्रकृतिका खर्चहरू, विषयगत मन्त्रालयका वित्तीय कार्यक्रमहरूमा विनियोजित रकम र स्थानीय तहमा पुँजीगत कार्यको लागि हस्तान्तरण हुने रकम समेत चालु खर्चमा लेखाङ्कन हुने भएकोले पुँजीगत खर्चको अंश कम देखिएको छ। गत वर्षभन्दा यस वर्षको समीक्षा अवधिमा चालु र पुँजीगत खर्चको रकम र प्रतिशतमा केही बढोत्तरी देखिएता पनि समीक्षा अवधिको पुँजीगत खर्च सन्तोषजनक नभएको देखिन्छ।

चित्र १- आ.व. २०७९/०८० र २०८०/०८१ को ६ महिनाको चालु र पुँजीगत खर्चको तुलनात्मक स्थिति (प्रतिशतमा)




**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

कर्णाली प्रदेश सरकारको बजेटको ठुलो अंश विनियोजन हुने विषयगत मन्त्रालयहरूमा प्राविधिक जनशक्तिको अभावमा तोकिएको समयमा आयोजनाको ठेक्का लगायतका खरिद कार्य हुन नसकेको कारण अपेक्षित बजेट खर्च हुन सकेन। साथै चालु आर्थिक वर्षमा अधिकांश कार्यक्रमहरू कार्यविधि तथा मापदण्ड निर्माण गरी कार्यान्वयन गर्नुपर्ने, बढी लागतका आयोजनाहरूको बहुवर्षीय ठेक्का स्वीकृति प्रदान र अन्य प्रकृयागत ढिलाईको कारण खर्च कम भएको छ।

तालिका २- विषयगत मन्त्रालयको आ.व. २०७९/०८० र २०८०/०८१ को बजेट विनियोजनको तुलनात्मक आवस्था (रु. हजारमा)


| क्र.सं. | मन्त्रालय/कार्यालय | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | | परिवर्तन (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा बजेट | चालु बजेट | पुँजीगत बजेट | जम्मा बजेट | चालु बजेट | पुँजीगत बजेट | जम्मा बजेट | चालु बजेट | पुँजीगत बजेट |
| १ | प्रदेश व्यवस्थापिका | १७१९७९ | १४१४७९ | ३०५०० | १५०९१८ | १३९२६८ | ११६५० | -१२.२५ | -१.५६ | -६१.८० |
| २ | प्रदेश लोक सेवा आयोग | ११४२६८ | १००४६८ | १३८०० | १०९९९५ | ९९०९५ | १०९०० | -३.७४ | -१.३७ | -२१.०१ |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १८२३६ | १५९३६ | २३०० | १७६२९ | १७१७९ | ४५० | -३.३३ | ७.८० | -८०.४३ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६७३५९९ | ५०५८६२ | १६७७३७ | १८७४३०५ | ५७३८२३ | १३००४८२ | १७८.२५ | १३.४३ | ६७५.३१ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०९६९५ | १५५३६० | ५४३३५ | १९२७४० | १७३२९० | १९४५० | -८.०९ | ११.५४ | -६४.२० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २१३७४०१ | ९३७३६६ | १२०००३५ | २१४१२७३ | ९४६३२९ | ११९४९४४ | ०.१८ | ०.९६ | -०.४२ |
| ७ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ३७९३२०० | २५०००७ | ३५४३१९३ | ३५३९७३८ | २७२५८८ | ३२६७१५० | -६.६८ | ९.०३ | -७.७९ |
| ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २३८२६०० | १६७२९१५ | ७०९६८५ | २११२७०५ | १५१२०९० | ६००६१५ | -११.३३ | -९.६१ | -१५.३७ |
| ९ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २९६८९३ | २५२४८३ | ४४४१० | ३४४०२१ | २७२५२१ | ७१५०० | १५.८७ | ७.९४ | ६१.०० |
| १० | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | १०९२०९५८ | २५१४५८ | १०६६९५०० | १०११४२६१ | २७८७१८ | ९८३५५४३ | -७.३९ | १०.८४ | -७.८२ |
| ११ | सामाजिक विकास मन्त्रालय | ५८९५१४० | ३३३५३०६ | २५५९८३४ | ५९४०६८५ | ३१७७१२६ | २७६३५५९ | ०.७७ | -४.७४ | ७.९६ |
| १२ | कर्णाली प्रदेश योजना आयोग | ३६४६५ | ३५७७० | ६९५ | ४०९९७ | ३९९९७ | १००० | १२.४३ | ११.८२ | ४३.८८ |
| १३ | अर्थ - वित्तीय व्यवस्था | २५०००० | २५०००० | | २५०००० | २५०००० | | ०.०० | ०.०० | |
| १४ | अर्थ - विविध | १७०००००० | १२०००००० | ५०००००० | १७५००००० | १२५००००० | ५०००००० | २.९४ | ४.१७ | ०.०० |
| १५ | स्थानीय तह | ४०१५७२९ | ४०१५७२९ | ० | ४८००४४० | ४८००४४० | | १९.५४ | १९.५४ | |
| | **जम्मा** | ३२६१६१६३ | १३१२०१३९ | १९४९६०२४ | ३३३७९७०७ | १३८०२४६४ | १९५७७२४३ | २.३४ | ५.२० | ०.४२ |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चित्र २ अनुसार समीक्षा अवधिमा प्रदेश सरकारको आ.व.२०७९/०८० र आ.व. २०८०/०८१ मा सबैभन्दा कम खर्च श्रावण महिनामा भएको छ। आ.व. २०७९/०८० मा सबैभन्दा बढी खर्च असोज महिनामा भएको छ भने आ.व. २०८०/०८१ मा सबैभन्दा बढी खर्च पौष महिनामा भएको छ ।

चित्र २- प्रदेश सरकारको आ.व. २०७९/०८० र २०८०/०८१ मा मासिक खर्चको अर्धवार्षिक अवधिको तुलनात्मक विवरण (प्रतिशतमा)




**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

## २.२ लक्ष्य अनुसार खर्च हुन नसक्नुका कारणहरू

१. आयोजना बैङ्क तयार गरी कार्यान्वयनमा लैजानको लागि तयारी रहेका आयोजनामा रकम विनियोजन गर्ने परिपाटीको विकास गर्न नसकिनु तथा आयोजना छनोट प्रणाली वैज्ञानिक हुन नसक्नु।

२. आयोजना कार्यान्वयन गर्ने स्थानमा स्थानीय समुदायबिच नै विविध विवादहरू सिर्जना हुनु।

३. परियोजना मूल्याङ्कन प्रभावका साथै वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार नभई आयोजनाको ठेक्का गरी सम्झौता गर्ने र कार्य प्रारम्भ गर्दा अवरोध सिर्जना हुनु।

४. बजेटको ठुलो अंश रहेका विशेषगरी प्राविधिक जनशक्ति हुने मन्त्रालयहरूमा दरबन्दी अनुसार कर्मचारी पदपुर्ति हुन नसक्नु।

५. सङ्घ, प्रदेश तथा स्थानीय तहबिचमा समन्वयको कमीले दोहोरोपना हुने र कार्यान्वयन गर्न जटिलता उत्पन्न भएको।

६. वास्तविक आवश्यकताका आधारमा आयोजना छनोट नहुने र छनोट भएका आयोजनाहरूमा सानो-सानो बजेट छर्ने प्रवृतिले कार्यान्वयनमा समस्या भएको जसले गर्दा योजनाहरू लामो समयसम्म क्रमागत आयोजनाको रूपमा रहिरहने।

७. स्पष्ट कार्यविधिको अभाव तथा अन्तर मन्त्रालय समन्वयको अभावले गर्दा बजेट कार्यान्वयनमा समस्या भएको।

८. गुणस्तर परीक्षण प्रयोगशाला नहुँदा जोखिम मोलेर निर्माणाधीन आयोजनाहरूको मूल्याङ्कन गर्नुपर्ने अवस्था रहेको।

९. बहुवर्षीय आयोजनाहरूमा स्रोत सुनिश्चितता गरेको रकमलाई भन्दा नयाँ आयोजनाहरूमा रकम विनियोजन गर्ने प्रवृत्ति।

१०. खरिद प्रकृया लामो तथा झन्झटिलो हुनु। भौगोलिक अवस्थिति, निर्माण सामग्रीको आपूर्ति सहज नहुनु।

११. निर्माण व्यवसायीहरूले समयमै काम नगर्ने प्रवृत्ति हावी हुनु।

१२. बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका, मापदण्ड तयारीको कार्यले बढी समय खर्चिनु परेको र सोही बमोजिम अवण्डा रकमको समयमा बाँडफाँट हुन नसकेकोले खर्च न्यून भएको।

१३. पुँजीगत प्रकृतिका निर्माण सम्बन्धी आयोजनाहरूको समयमै ठेक्का र खरिद सम्झौता प्रचलित कानुन बमोजिम हुन नसकेको कारण आयोजना कार्यान्वयन हुन नसकेको।

१४. प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय र विषयगत मन्त्रालयको अनुगमन संयन्त्र प्रभावकारी हुन नसक्नु।

१५. बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा योजनाबद्ध रूपमा प्राथमिकता प्राप्त कार्यक्रमहरू छनोट नभई विभिन्न स-साना कार्यक्रमहरूमा बजेट विनियोजन हुने प्रवृत्तिले तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेको।

१६. मातहत कार्यालयहरूबाट कार्यान्वयन हुने कार्यक्रमहरूको बजेट विषयगत मन्त्रालयमा राख्ने र ढिलो विनियोजन गर्ने प्रवृत्तिले गर्दा समयमै बजेट कार्यान्वयनमा जान नसक्ने।

१७. कतिपय आयोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन तयार नगरी बजेट विनियोजन भएको कारण समयमै बोलपत्र आव्हान लगायतका कार्यहरू हुन नसकेको।

१८. आयोजनाको लागत बढी हुने तर विनियोजन न्यून भएका कतिपय आयोजनालाई बहुवर्षीय वा स्रोत सुनिश्चितताको लागि विषयगत मन्त्रालयहरूले स्वीकृति प्राप्तिको लागि समयमा प्रदेश योजना आयोगमा प्रस्ताव नगर्ने र प्रक्रियागत कारणले ढिलाई हुने कारण बजेट खर्च हुन सकेको छैन।

१९. स्थानीय तहबाट कार्यान्वयन हुने ससर्त अनुदानका कार्यक्रमहरू स्थानीय तहको समन्वयमा छनोट नभएको कारण कार्यान्वयनमा स्थानीय तहहरूको अपनत्व न्यून भई अपेक्षित रूपमा वित्तीय तथा भौतिक प्रगति हुन नसकेको।

२०. बजेट कार्यान्वयनको क्रममा अन्तरनिकाय साझेदारी, समन्वय र सहकार्यमा कमी हुँदा बजेट तथा कार्यक्रममा दोहोरोपना हुनुको साथै समयमा कार्यान्वयन वा अन्तरविरोधको समस्या हुनु।

## २.३ चालु आर्थिक वर्षको समीक्षा अवधिको मन्त्रालयगत/निकायगत खर्च विवरण

१. यो शीर्षक अन्तर्गत मन्त्रालयहरुमा सुरु विनियोजित बजेट र समीक्षा अवधिको कुल खर्च रकम र सोको प्रतिशत विश्लेषण गरिएको छ।

२. प्रदेश व्यवस्थापिका तर्फ कुल रु. १५ करोड ९ लाख १८ हजार विनियोजन भएकोमा समीक्षा अवधिमा कुल रु. ४ करोड ८० लाख ९९ हजार अर्थात ३१.८७ प्रतिशत खर्च भएको छ। विनियोजनको ठुलो अंश चालुतर्फ रहेको र बाँकी अवधिमा क्रमशः खर्च हुँदै जाने तथा पुँजीगत तर्फको कतिपय खरिद कार्य प्रक्रियामा रहेकोले भुक्तानी पश्चात वित्तीय प्रगति हासिल हुनेछ।

३. प्रदेश लोक सेवा आयोगको कुल रु. १० करोड ९९ लाख ९५ हजार विनियोजन भएकोमा समीक्षा अवधिसम्म रु. २ करोड ८६ लाख ६६ हजार अर्थात २६.०६ प्रतिशत खर्च भएको छ। प्रदेश लोक सेवा आयोगमा विनियोजनको ठुलो हिस्सा चालु खर्च रहेको र आयोगले विभिन्न पदहरूको विज्ञापन गरी परीक्षा सञ्चालन भएको र केही पदहरूको विज्ञापनको परीक्षा सञ्चालन हुने क्रममा रहेकोले खर्च प्रतिशतमा बढोत्तरी आउने देखिन्छ।

४. मुख्यन्यायधिवक्ता कार्यालयको रु. १ करोड ७६ लाख २९ हजार विनियोजन भएकोमा समीक्षा अवधिसम्म रु. ६७ लाख ८९ हजार अर्थात ३८.५१ प्रतिशत खर्च भएको छ।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कुल बजेट रु. १ अर्ब ९२ करोड ४३ लाख ५ हजार विनियोजन छ। समीक्षा अवधिसम्म कुल रु. ९ करोड ३६ लाख ८७ हजार अर्थात ५.०० प्रतिशत खर्च भएको देखिन्छ।

६. आर्थिक मामिला तथा योजना मन्त्रालयको रु. १९ करोड २७ लाख ४० हजार विनियोजन भएकोमा समीक्षा अवधिसम्म रु. ५ करोड ५९ लाख ६७ हजार अर्थात २९.०४ प्रतिशत खर्च भएको छ।

७. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको २ अर्ब १४ करोड १२ लाख ७३ हजार विनियोजन भएकोमा समीक्षा अवधिसम्म रु. ३२ करोड ७६ लाख ४५ हजार अर्थात १५.३० प्रतिशत खर्च भएको छ। कतिपय कार्यक्रम कार्यान्वयनको लागि निर्देशिका तथा कार्यविधि तयारी गर्न भएको ढिलाई तथा भएको खर्चको भुक्तानी प्रक्रियामा रहेकोले खर्च न्यून देखिएको छ।

८. जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको कुल विनियोजन रु. ३ अर्ब ५३ करोड ९७ लाख ३८ हजार भएकोमा समीक्षा अवधिसम्म रु. २९ करोड २७ लाख ८८ हजार अर्थात ८.२७ प्रतिशत खर्च भएको छ। कतिपय आयोजना/कार्यक्रमहरूको ठेक्का सम्झौता भईसकेको र हुने क्रममा रहेकोले क्रमशः खर्चको अंश बढ्दै गएको छ।

९. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कुल विनियोजन २ अर्ब ११ करोड २७ लाख ५ हजार भएकोमा समीक्षा अवधिसम्म रु. २७ करोड २ लाख ९९ हजार अर्थात १२.७९ प्रतिशत खर्च भएको छ।

१०. आन्तरिक मामिला तथा कानुन मन्त्रालयको कुल विनियोजन रु. ३४ करोड ४० लाख २१ हजार रहेकोमा समीक्षा अवधिसम्म रु. ७ करोड १२ लाख ९५ हजार अर्थात २०.७२ प्रतिशत खर्च भएको छ।

११. भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको कुल विनियोजन रु. १० अर्ब ११ करोड ४२ लाख ६१ हजार रहेकोमा समीक्षा अवधिसम्म रु. ७९ करोड ५३ लाख १२ हजार अर्थात ७.८६ प्रतिशत खर्च भएको छ। प्राविधिक जनशक्तिको अभावका कारण अपेक्षित प्रगति हुन सकेको छैन।

१२. सामाजिक विकास मन्त्रालयको कुल विनियोजन रु. ५ अर्ब ९४ करोड ६ लाख ८५ हजार विनियोजन भएकोमा समीक्षा अवधिसम्म रु. १ अर्ब ३९ करोड ३४ लाख ४६ हजार अर्थात २३.४६ प्रतिशत खर्च भएको छ। मन्त्रालयको अधिकांश आयोजना तथा कार्यक्रमहरू जिल्लास्थित कार्यालयहरू र स्थानीय तह मार्फत कार्यान्वयन गर्ने भएकाले कार्यसम्पन्न प्रक्रियामा रही न्यून प्रगति देखिएता पनि क्रमशः सुधार हुँदै जाने देखिन्छ।

१३. कर्णाल प्रदेश योजना आयोगको कुल विनियोजन रु. ४ करोड ९ लाख ९७ हजार रहेकोमा समीक्षा अवधिसम्म ७१ लाख ९७ हजार अर्थात १७.५५ प्रतिशत खर्च भएको छ।

## २.४ स्रोतगत खर्च विश्लेषण

प्रदेश सरकारको स्रोततर्फ विनियोजित बजेट रु. १७ अर्ब ८ करोड ७१ लाख १७ हजार मध्ये समीक्षा अवधिसम्म रु २ अर्ब ४९ करोड ३४ लाख ३८ हजार अर्थात १४.५९ प्रतिशत खर्च भएको देखिन्छ। त्यसैगरी सङ्घीय स्रोत तर्फको रु. १६ अर्ब २९ करोड २५ लाख ९० हजार मध्ये १ अर्ब ९० करोड ८१ लाख ५६ हजार अर्थात ११.७१ प्रतिशत खर्च भएको देखिन्छ।

तालिका ३- स्रोतगत खर्च विश्लेषण

| खर्च व्यहोर्ने स्रोत | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | पौष सम्मको खर्च | प्रतिशत | विनियोजन | पौष मसान्त सम्मको खर्च | प्रतिशत |
| प्रदेश | १४२८९५५९ | २३५४६०५ | १६.४८ | १७०८७११७ | २४९३४३८ | १४.५९ |
| सङ्घ | १८३२६६०४ | १८९९५८४ | १०.३७ | १६२९२५९० | १९०८१५६ | ११.७१ |
| **जम्मा** | ३२६१६१६३ | ४२५४१८९ | १३.०४ | ३३३७९७०७ | ४४०१५९४ | १३.१९ |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

## परिच्छेद-तीन

# क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

## ३.१ प्रदेश सभा सचिवालय

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ को उपधारा (२) बमोजिम राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान र कानुनबमोजिम गर्ने व्यवस्था रहेको र धारा १७५ बमोजिम पहिलो हुने निर्वाचित हुने तथा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यहरूबाट प्रदेश सभाको गठन हुने प्रावधान बमोजिम संविधानको अनुसूची-४ बमोजिम उल्लिखित १० जिल्ला (सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम पश्चिम, कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा) का ४० जना माननीय सदस्यहरू सम्मिलित यस कर्णाली प्रदेशसभा गठन भएको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित २४ जना र समानुपातिक निर्वाचन प्रणालीबाट १६ जना गरी जम्मा ४० माननीय सदस्यहरूको माथि उल्लिखित विभिन्न जिल्लाबाट प्रतिनिधित्व रहेको छ। कर्णाली प्रदेशसभाको पहिलो कार्यकालको पहिलो बैठक सम्वत् २०७४ साल माघ महिनाको २१ गते बसेको थियो भने दोस्रो कार्यकालको पहिलो बैठक सम्वत् २०७९ साल पौष महिनाको १८ गते बसेको थियो।

वर्तमान कर्णाली प्रदेशसभामा दलगत प्रतिनिधित्वका हिसाबले नेपाली काँग्रेसबाट १४ जना, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट १३ जना, नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट १० जना, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट १ जना, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) बाट १ जना र स्वतन्त्रबाट १ गरी जम्मा ४० जना मध्ये महिला १५ जना र पुरुष २५ जना माननीय सदस्यहरूको प्रतिनिधित्व रहेको छ।

### २. दीर्घकालीन सोच

प्रदेश सरकारको लागि आवश्यक ऐन-कानुन र नीति नियम निरन्तर निर्माण, परिमार्जन र व्यवस्थापन।

### ३. ध्येय

जनप्रतिनिधिमूलक संस्थाको हैसियतले जनताको हितलाई ध्यानमा राखी जनचाहना अनुरूप नीति, ऐन र नियमहरू बनाउने।

### ४. रणनीतिक उद्देश्यहरु

संसदीय परम्परा, मूल्य र मान्यता अनुरूप कार्यसम्पादन गरी तोकिएको लक्ष्य हासिल गर्ने।

### ५. कार्यक्षेत्र

प्रदेश सरकारसँग सम्बद्ध सम्पूर्ण विषयहरू नै प्रदेशसभाको कार्यक्षेत्र रहेको छ। यसका साथै प्रदेशसभाको प्रमुख कार्य सरकार निर्माण गर्नु, प्रादेशिक कानुन बनाउनु, प्रदेश सरकारको कामकारवाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकारका विषयमा प्रदेशसभामा छलफल गर्नु रहेको छ। नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिका, भाग १४ मा प्रदेश व्यवस्थापिका, भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधि र भाग १६ मा प्रदेश आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्थामा उल्लेख भए अनुसार प्रदेशसभाले आवश्यक कानुन बनाउनुपर्ने हुन्छ।


प्रदेश सभाले संविधानको विभिन्न भागमा उल्लेख भएका माथिका विषयको कानुनका साथसाथै संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा पनि कानुन बनाउनुपर्ने हुन्छ।

तालिका ४- आ.व. २०७९/०८० र २०८०/०८१ को अर्धवार्षिक अवधिको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शीर्षक | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च रकम | खर्च प्रतिशत | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
| चालु | १४१४७९ | २८९९२ | २०.४९ | १३९२६८ | ४७२०१ | ३३.८९ |
| पुँजीगत | ३०५०० | ५९०६ | १९.३६ | ११६५० | ८९८ | ७.७१ |
| **जम्मा** | **१७१९७९** | **३४८९८** | **२०.२९** | **१५०९१८** | **४८०९९** | **३१.८७** |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चित्र ३- आ.व. २०७९/०८० र २०८०/०८१ को खर्चको अर्धवार्षिक अवधिको तुलनात्मक विवरण (रु. हजारमा)




**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

तालिका ५- राजस्वको लक्ष्य/सङ्कलनको अवस्था (रु. हजारमा)

| क.सं. | राजस्व शीर्षक | लक्ष्य | अर्धवार्षिक अवधिसम्म सङ्कलनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|
| | | | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | |
| १ | १४१५१-सरकारी सम्पतिको बहालबाट प्राप्त आय | नतोकिएको | १४.५ | २४ | |
| | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | नतोकिएको | | १२ | |
| २ | १५१११-बेरुजु | नतोकिएको | ६५.७ | ४६ | |
| **जम्मा** | | | ८०.२ | ८२ | |

**स्रोत:** प्रदेश सभा सचिवालय।

## क. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरु

- प्रदेश सभा वरिपरिको पर्खाल निर्माण (क्रमागत) को E-Bid प्रकृया अघि बढाइएको।
- समितिका हल, पुस्तकालय, दलका कार्यालयहरुको छाना मर्मत सुधारको लागि प्रकृया अगाडि बढाइएको।

## ख. बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरु

- प्रदेशसभाको वरिपरि पर्खाल निर्माण कार्य।
- समितिका हल, पुस्तकालय, दलका कार्यालयहरुको छाना मर्मत सुधारको कार्य।
- अख्तियारीमा तोकिएका अन्य विभिन्न कार्यक्रमहरु।

## ग. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या/चुनौतीहरु

- दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति नहुनु।
- आवश्यकतानुसार कर्मचारीको उत्प्रेरणा, मनोबल तथा क्षमता अभिवृद्धिमा लगानी गर्न नसकिनु।
- कार्यक्रम सञ्चालनका लागि कार्यविधिको अभाव।

## घ. तत्काल गर्नुपर्ने सुधारका क्षेत्रहरु।

- जनशक्ति व्यवस्थापन।
- कर्मचारीको क्षमता अभिवृद्धि।
- समग्र बजेट व्यवस्थापनको वस्तुनिष्ठता र कार्यान्वयनयोग्यता आदि।

## ङ. बजेट तथा कार्यक्रम समयमै गर्ने उपायहरु

- कार्यक्रमको प्राथमिकीकरणलाई यथार्थपरक बनाउने।
- दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति तथा प्राविधिक जनशक्तिको आपूर्ति गर्न यथाशीघ्र समन्वय एवम् पहल गर्ने।
- प्रथम चौमासिक तथा अर्धवार्षिक प्रगति समीक्षा गरी बाँकी कार्यक्रमको पुनः कार्ययोजना बनाई जिम्मेवारी बाँडफाँटसहित यथासमयमै सम्पन्न गर्ने आदि।

## ३.२ प्रदेश लोक सेवा आयोग

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा रहेको व्यवस्था अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सभा सेवा, अन्य प्रदेश सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने उद्देश्यका साथ कर्णाली प्रदेशको प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश गठन भएको हो। कर्णाली प्रदेशमा मिति २०७७ साल फागुन ६ गते प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यज्यूहरूको नियुक्तिसमेत भई आयोगले पूर्णता पाएको छ।

### २. कार्यक्षेत्र

- प्रदेश सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।
- प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।
- प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।
- प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।
- प्रदेश सेवाको पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।
- देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

  (क) प्रदेश सेवाको शर्त सम्बन्धी कानुनको विषयमा,

  (ख) प्रदेश सेवाको पदमा छ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

  (ग) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा अन्य प्रदेश सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा, र


  (घ) प्रदेश निजामती सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

तालिका ६- आ.व. २०७९/०८० र २०८०/०८१ को अर्धवार्षिक अवधिको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शीर्षक | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च रकम | खर्च प्रतिशत | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
| चालु | १००४६८ | ३४६६८ | ३४.५१ | ९९०९५ | २५६१६ | २५.८५ |
| पुँजीगत | १३८०० | ३०८४ | २२.३५ | १०९०० | ३०५० | २७.९८ |
| **जम्मा** | **११४२६८** | **३७७५२** | **३३.०४** | **१०९९९५** | **२८६६६** | **२६.०६** |

**स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चित्र ४- आ.व. २०७९/०८० र २०८०/०८१ को खर्चको अर्धवार्षिक अवधिको तुलनात्मक विवरण (रु. हजारमा)




**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

तालिका ७- समीक्षा अवधिसम्म राजस्वको लक्ष्य/सङ्कलनको अवस्था

| सि.नं. | राजस्व शीर्षक | जम्मा राजस्व सङ्कलन (रु. हजारमा) | |
|---|---|---|---|
| | | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ |
| १ | १४२२४-परीक्षा शुल्क | ३७६९२ | ५३३१.१ |
| २ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | २९८.८ | ४.७ |
| ३ | १४१३२-प्रशासनिक दण्ड जरिवाना जफत | | ०.७० |
| | **जम्मा** | **३७९९०.८** | **५३३६.५** |

**स्रोत:** प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश।

## क. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरू

- समीक्षा अवधिमा चौथो तहमा २४८ जना, पाँचौं तहमा १०३ जना गरी कुल ३५१ जना उम्मेदवारहरुलाई स्थायी नियुक्तिका लागि सिफारिस गरिएको।
- नवौं तहको १७, सातौं तहको ९, पाँचौं तहको ५ र चौथो तहको ३ गरी जम्मा ३४ वटा पाठ्यक्रम तयार गरिएको।
- आ.ब. २०८०/०८१ को वार्षिक कार्यतालिका बमोजिम स्थानीय तहमा रिक्त पदपूर्तिको लागि पाँचौं र चौथो तहका ८९ पदको माग सङ्कलन भएको।
- नवौं तहको पदपूर्तिको लागि १५९ पदको माग सङ्कलन भएको।
- वनरक्षकको पद सङ्ख्या ५२ र स्थानीय सरकारी सेवा अप्राविधिक तर्फ पाँचौं तहको २४ पदको पदपूर्तिका लागि विज्ञापन प्रकाशन गरिएको।
- वन रक्षक पदको शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा सञ्चालन भई लिखित परीक्षा कार्यक्रम प्रकाशन भएको।

**ख. बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरू**

- प्रदेश निजामती सेवाको नवौं तहको पदपूर्ति सम्बन्धी कार्य गर्ने।
- स्थानीय सरकारी सेवाको कानुन बनेपछि स्थानीय सरकारी सेवाको बढुवा सम्बन्धी कार्य गर्ने।
- प्रदेश सरकार र स्थानीय तहको माग बमोजिम पदपूर्ति सम्बन्धी कार्य गर्ने।

## ३.३ मुख्य न्यायाधिवक्ताको कार्यालय

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा १६०(१) मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने र मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने संवैधानिक व्यवस्था रहेको छ। प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने, प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने। प्रदेश सरकार र मातहतका निकायहरूका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यन्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यन्वयनको अनुगमन गर्ने। प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानुन बनाउनु पर्ने वा भईरहेको कानुन संसोधन गर्नु परेमा त्यसको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने। प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी लिखतमा स्तर कायम गर्न आवश्यक समन्वय गर्ने। प्रदेशभित्र रहेका हिरासत, थुनुवा कक्ष तथा कारागारमा रहेका थुनुवा तथा कैदी उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा निरीक्षण गरी सो सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने लगायतका काम, कर्तव्य र अधिकार मुख्य न्यायाधिवक्तामा निहित छन्। मुख्यन्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताको कार्यालयबाट उपलब्ध गराएका सरकारी वकिलहरू र प्रदेश सरकारबाट समायोजन भई आएको जनशक्तिबाट कार्यालयमा कार्यसम्पादन हुँदै आएको छ। मुख्य न्यायाधिवक्तामा निहित अधिकारहरू मातहतका अधिकृत कर्मचारीहरूलाई सुम्पन सक्ने कानुनी व्यवस्था समेत रहेको छ।

### २. दीर्घकालीन सोच

संवैधानिक एवम् कानुनी विषयमा प्रदेश सरकार र प्रदेश सरकारकाले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने, प्रदेश सरकार पक्ष वा विपक्षी भएको मुद्धामा सम्बन्धित अदालतमा उपस्थित भई सम्बन्धित बहस, पैरवी र प्रतिरक्षा गर्ने, मानव अधिकारको संरक्षण गर्दै कानुनी शासनको सुनिश्चितता कायम गर्ने।

### ३ ध्येय

जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा प्रदेश सरकार पक्ष र विपक्षी भएको मुद्दामा सम्बन्धित अदालतमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने।

### ४. रणनीतिक उद्देश्यहरू

- रिट निवेदनको प्रभावकारी प्रतिरक्षा गर्ने।
- संवैधानिक र कानुनी जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्ने।
- संस्थागत सुदृढीकरण गर्ने।
- मानव अधिकारको संरक्षण गर्ने।
- कानुनी राय सल्लाह र परामर्श दिने।

### ५. कार्यक्षेत्र

- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा

सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट सम्बन्धित अदालतमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने,


- प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने।
- प्रदेश सरकार र मातहतका निकायहरूका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यन्वयनको अनुगमन गर्ने।
- प्रदेशभित्र रहेका प्रहरी हिरासत तथा थुनुवा कक्ष र कारागारमा रहेका थुनुवा तथा कैदी उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा निरीक्षण गरी सो सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने।

तालिका ८- आ.व. २०७९/०८० र २०८०/०८१ को अर्धवार्षिक अवधिको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शीर्षक | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च रकम | खर्च प्रतिशत | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
| चालु | १५९३६ | ५९२४ | ३७.१७ | १७१७९ | ६७०३ | ३९.०२ |
| पुँजीगत | २३०० | ४६३ | २०.१३ | ४५० | ८६ | १९.११ |
| **जम्मा** | **१८२३६** | **६३८७** | **३५.०२** | **१७६२९** | **६७८९** | **३८.५१** |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चित्र ५- आ.व. २०७९/०८० र २०८०/०८१ को खर्चको अर्धवार्षिक अवधिको तुलनात्मक विवरण (रु. हजारमा)




**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

**क. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरू**

- समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम।
- लिखित जवाफ सम्बन्धी १ दिने गोष्ठी सञ्चालन।

**ख. चुनौतीहरू**

- पर्याप्त जनशक्ति उपलव्ध नहुनु।
- तहगत निकायगत र कार्यगत समन्वय प्रभावकारी हुन नसक्नु।
- भौगोलिक विविधता र विकटताले गर्दा कार्यक्रम समयमा सम्पादन गर्न असजता हुनु।

**ग. बजेट तथा कार्यक्रम कार्यान्वयन समयमै गर्ने उपायहरू**

- बजेटको चौमासिक विभाजन अनुसार खरिद योजना गराई कार्यहरू समयमा सम्पन्न गर्नुपर्ने।

## ३.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### १. पृष्ठभूमि

नेपालको संविधान बमोजिम सङ्घीयता कार्यान्वयनसँगै प्रदेश सरकारको सर्वोच्च प्रशासकीय निकायको रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। वि.सं. २०७४ साल फागुन ३ गते प्रदेश मन्त्रिपरिषद्को गठन भएसँगै यस कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रशासकीय निकायको रूपमा कार्य गर्दै आएको छ। प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्न यस कार्यालयको स्थापना भएको हो।

यस कार्यालयको प्रदेश मन्त्रिपरिषद्, प्रदेश निजामती तथा अन्य सरकारी सेवा, सुशासन, मानव अधिकार, प्रदेश सरकारका निकायबिच समन्वय, निर्देशन र सुपरिवेक्षण, अन्तर सरकार समन्वय लगायतका कार्यजिम्मेवारी रहेको छ।

### २. दीर्घकालीन सोच

स्वच्छ, सक्षम, जवाफदेही र सुशासनयुक्त प्रशासन र शासन।

### ३. ध्येय

प्रदेश शासकीय र प्रशासकीय सक्षमता तथा जवाफदेहीता मार्फत सर्वजनिक सेवामा प्रभावकारिता ल्याउने।

### ४. रणनीतिक उद्देश्यहरु

- प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरूलाई तथ्यपरक एवम् नतिजामूलक बनाउनु।
- प्रदेश सरकारका निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु गराउनु।
- प्रदेशको प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममुखी, उत्तरदायी र सक्षम बनाउनुका साथै प्रदेशका संरचना र जनशक्तिको व्यवस्थित परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।
- सदाचारिता प्रवर्द्धन, प्रभावकारी कानुनी व्यवस्था एवम् शुन्य सहनशिलतामार्फत भ्रष्टाचार नियन्त्रण गर्नु।
- प्रदेशको समृद्धिका निमित्त बढी प्रतिफलदायी विकास नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा हुने वातावरण सिर्जना गर्नु।
- विकास निर्माण कार्यलाई समन्वयात्मक रूपमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारिता मार्फत नतिजामूलक बनाउनु।

### ५. कार्यक्षेत्र

प्रदेश मुख्यमन्त्रीको कार्यालय, प्रदेश मन्त्रिपरिषद्, प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन, सञ्चार, भ्रष्टाचार नियन्त्रण र सङ्घ र स्थानीय तहसँगको सम्पर्क र समन्वय।


तालिका ९- आ.व. २०७९/०८० र २०८०/०८१ को अर्धवार्षिक अवधिको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शीर्षक | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च रकम | खर्च प्रतिशत | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
| चालु | ५०५८६२ | ७२९०० | १४.४१ | ५७३८२३ | ७७१७६ | १३.४५ |
| पुंजीगत | १६७७३७ | ४४५३ | २.६५ | १३००४८२ | १६५११ | १.२७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **जम्मा** | ६७३५९९ | ७७३५३ | ११.४८ | १८७४३०५ | ९३६८७ | ५.०० |

**स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चित्र ६- आ.व. २०७९/०८० र २०८०/०८१ को खर्चको अर्धवार्षिक अवधिको तुलनात्मक विवरण (रु.हजारमा)




**स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

## क. आर्थिक वर्ष २०८०/०८१ को पौष मसान्त सम्मको सम्पादन भएका महत्त्वपूर्ण कार्यहरु

- जम्मा २६ वटा मन्त्रिपरिषद् बैठकबाट ८२ वटा निर्णय भएको।
- जम्मा २ हजार ९ सय २९ स्वीकृत दरवन्दीमध्ये समायोजन, सङ्घीय सरकारबाट कामकाजमा खटाइएका, लोक सेवा आयोगबाट सिफारिस भएका र करार सेवाबाट गरी जम्मा २०८६ जनशक्ति पदपूर्ति भएको।
- विद्युतीय हाजिरी प्रणाली (बिदा, काज, सरुवा आदि) सबै मन्त्रालयहरुमा अनिवार्य गरिएको छ भने अन्य कार्यालयहरुमा विद्युतीय हाजिरी जडान गर्ने कार्यमा आवश्यक समन्वय र सहयोग भएको।
- प्रदेश सरकारको आ.व. २०७९/०८० को वार्षिक समीक्षा कार्यक्रम र चालु आर्थिक वर्षको प्रथम चौमासिक कार्यक्रम सम्पन्न भएको।
- कर्णाली प्रदेश निजामती सेवा ऐन र नियमावली निर्माण भई कार्यान्वयनमा आएको।
- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना र सञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन निर्माण भई कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान सञ्चालनमा आएको।
- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण कार्य भईरहेको।
- कर्णाली प्रदेश निजामती सेवा पुरस्कारबाट कर्मचारीहरुलाई सम्मान गरिएको।
- कार्यालय परिसरमा सेवाग्राही प्रतिक्षालय निर्माण कार्य भइरहेको।
- कर्मचारीहरुको नियमित सरुवा तथा स्तरवृद्धि सम्बन्धी कार्य भएको।
- विद्यालयस्तरमा विभिन्न जिल्लामा लोकसेवा सचेतना कार्यक्रम भइरहेको।
- योजना अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको।
- मुख्यमन्त्री रोजगार कार्यक्रमको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको।
- कर्णाली समृद्धि परियोजना सञ्चालन सम्बन्धी विधेयकको मस्यौदा तयार भई स्वीकृतिको अन्तिम चरणमा रहेको।

## ख. बाँकी अवधिमा सम्पादन गर्नुपर्ने कार्यहरु

- स्थानीय तहका कर्मचारीहरुको लागि स्थानीय सेवा ऐन र नियमावली निर्माण गर्ने।
- कर्णाली समृद्धि परियोजना सञ्चालन गर्ने।
- आगामी आर्थिक वर्षको लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना छनौट गर्ने।
- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना र सञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०।
- स्वीकृत वार्षिक विकास कार्यक्रमहरुको कार्यान्वयन गर्ने।

## ग. कार्य सम्पादनको क्रममा देखिएका समस्याहरू/चुनौतीहरु

- कार्यविधिगत अस्थिरता।
- कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गर्न नसकिनु।
- अनुगमन भएका आयोजनाहरूको समीक्षा नहुनु।
- स्थानीय तहबाट प्रभावकारी रूपमा कार्यान्वयनको विवरण र प्रगति प्रतिवेदनमा वेवास्ता।
- विषयगत श्रोत व्यक्तिको उपलब्धता तथा समय व्यवस्थापनमा समस्या।
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रगति गर्न नसकिएको।
- कार्यक्रम कार्यान्वयनको लागि यथाशिघ्र आवश्यक ऐन नियम निर्माण गर्नुपर्ने।

## घ. तत्काल गर्नुपर्ने सुधारका क्षेत्रहरू/उपायहरु

- कार्यविधि निर्माण गर्दा वस्तुगत विश्लेषण गरी गर्नुपर्ने।

- अनुगमन प्रणालीलाई यथार्थपरक बनाउन विवरण प्रविष्टिमा जोड दिनुपर्ने।
- मन्त्रालयहरूको शासकीय अनुगमन मूल्याङ्कन गरी बजेट कार्यान्वयनमा अवरोध पुऱ्याउने तत्व पहिचान गरी त्यस्ता तत्वलाई तत्काल हटाउनु पर्ने।
- प्रदेश मन्त्रालयगत समन्वय र सहकार्यलाई थप चुस्त बनाउनु पर्ने।
- नियमित रुपमा मासिक बैठक बसी मासिक कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्ने।
- स्वीकृत बजेट तथा कार्यक्रम अनुसार वित्तीय प्रगति बढाउनु पर्ने।
- आयोजना/कार्यक्रमहरुको कार्यान्वयनको अवस्थाका सम्बन्धमा वस्तुनिष्ठ एकीकृत अनुगमन गर्ने
- बजेट तर्जुमा गर्दा अवण्डा बजेट राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने।

**ङ. बजेट तथा कार्यक्रम कार्यान्वयन समयमै सम्पादन गर्ने उपायहरु**

- लक्ष्य अनुसार प्रगतिको समीक्षा गरी देखिएका कमी कमजोरीहरु यथासमयमै सुधार गर्ने।
- प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने।
- आयोजना सुचना व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने।
- कर्णाली अनुगमन प्रणालीलाई प्रयोगमैत्री हुने गरी स्तरोन्नति गरी अनिवार्य रुपमा विवरण प्रविष्ट तथा अनुगमन मूल्याङ्कन हुने व्यवस्था मिलाउने।
- निकायगत समन्वय तथा सहभागितामा बजेट कार्यान्वयनलाई तिब्रता दिने।

## ३.५ आर्थिक मामिला तथा योजना मन्त्रालय

### १. पृष्ठभूमि

वि.सं. २०७४ माघ २४ गते प्रदेश सरकारको स्थापनासँगै आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयको मुख्य जिम्मेवारी आर्थिक मामिला र योजना गरी दुईवटा प्रमुख विषयहरू रहेका छन्। यसै सन्दर्भमा वार्षिक बजेट तर्जुमा गर्ने, आर्थिक नीति तथा सोको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने, आर्थिक तथा वित्तीय अनुशासन कायम राख्दै सार्वजनिक खर्चलाई प्रभावकारी बनाउने र स्रोत परिचालन भरपर्दो र दिगो बनाउने उद्देश्यमा केन्द्रित रही मन्त्रालयले कार्य सम्पादन गर्दै आएको छ।

सङ्घीयताको अभ्यासको चरणमा नयाँ-नयाँ सिकाई तथा अनुभव, नीतिगत कानुनी अन्योल, समन्वयको उपयुक्त संयन्त्रको अभाव र जनशक्तिको अभाव लगायतका समस्याहरूसँग जुध्दै प्रदेश स्थापनाको पाँच वर्षको अवधिमा कानुनी र संरचनात्मक ठोस आधारहरू खडा भएका छन्। आगामी दिनमा नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा आफ्नै मौलिक विशेषता तथा नागरिकको अपेक्षा बमोजिम **"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** को दीर्घकालीन सोच बमोजिम प्रदेशको समृद्धि र सन्तुलित विकासमा मन्त्रालयले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने रणनीति रहेको छ।

### २. दीर्घकालीन सोच

समृद्ध कर्णाली सुखारी कर्णालीबासीको सपना साकार पार्ने।

### ३. ध्येय

प्रदेशको सर्वाङ्गीण विकासको लागि आर्थिक नीति तथा योजना तर्जुमा गरी आवश्यक साधन स्रोतको व्यवस्था सहित वित्तीय अनुशासन कायम गर्दै प्रदेशवासीको समृद्धिको चाहना पूरा गर्ने।

### ४. रणनीतिक उद्देश्यहरु

- सार्वजनिक पुँजीगत खर्च विस्तार गर्ने।
- आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउने।
- अनुदान तथा सहायताको उच्चतम सदुपयोग गर्ने।
- वित्तीय अनुशासन कायम गर्ने।
- सम्भावित आर्थिक क्षेत्रको पहिचान र परिचालन गर्ने।
- विकासको लागि निजी क्षेत्र लगायतको लगानी आकर्षण गर्ने।
- सहकार्य र समन्वयलाई प्रभावकारी बनाउने।

### ५. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय बमोजिम रहेका छन्ः-

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन।
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन।
- सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन।
- प्रदेशस्थित सरकारी सम्पतिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लागत तथा असुल उपर।

- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन।
- राष्ट्रिय तथा अन्तर-प्रदेश विकास योजनाको समन्वय र ससर्त अनुदानको सदुपयोग।
- प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान।
- सङ्घीय नीति अनुरूप सह-वित्तीयकरण।
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन।
- कर्णाली प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन।
- प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन।
- प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी।
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन।
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पतिको एकीकृत विवरण र लेखा परीक्षण।
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि तथा आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिबाना सङ्कलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन।
- सङ्घीय कानुन अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण।
- राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
- सङ्घीय सरकारसँगको अन्तर सरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य।
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य।
- बिमा र बिमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन।
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन।
- आर्थिक विकासमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्य।

सङ्घीय सरकारबाट आ.व. २०७९/८० र २०८०/०८१ को पहिलो ६ महिनाको अवधिमा प्राप्त भएको अनुदानको तुलनात्मक विवरण तलको तालिकामा दिइएको छ। सङ्घीय सरकारबाट आ.व. २०७९/०८० को समीक्षा अवधिमा रु. ५ अर्ब ३६ करोड ३१ लाख र आ.व. २०८०/०८१ को सोही अवधिमा रु. ६ अर्ब २३ करोड ५४ लाख ७५ हजार प्राप्त भएको छ।

तालिका १०- सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानको लक्ष्य र प्राप्तिको विवरण (रु. हजारमा)

| क.सं. | अनुदान विवरण | आ.व २०७९/०८० | | आ.व २०८०/०८१ | |
|---|---|---|---|---|---|
| | | सुरु विनियोजन | पौष महिनासम्म प्राप्ति | सुरु विनियोजन | पौष महिनासम्म प्राप्ति |
| १ | समानीकरण | १०७२६४०० | ५३६३१०० | १०१६४१०० | ५०८२०५० |
| २ | सशर्त | ५६९६७०० | | ४७५०३०० | ११५३४२५ |
| ३ | विशेष | ६६८००० | | ५९७९०० | |
| ४ | समपूरक | १२१५००० | | ७६१६०० | |
| **कूल जम्मा** | | **१८३०६१००** | **५३६३१००** | १६२७३९०० | ६२३५४७५ |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।


तालिका ११- आ.व. २०७९/०८० र २०८०/०८१ को अर्धवार्षिक अवधिको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शीर्षक | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | **विनियोजन** | **खर्च रकम** | **खर्च प्रतिशत** | **विनियोजन** | **खर्च रकम** | **खर्च प्रतिशत** |
| चालु | १५५३६० | ५०६९७ | ३२.६३ | १७३२९० | ५३०८२ | ३०.६३ |
| पुँजीगत | ५४३३५ | ११९८६ | २२.०६ | १९४५० | २८८५ | १४.८३ |
| **जम्मा** | **२०९६९५** | **६२६८३** | **२९.८९** | **१९२७४०** | **५५९६७** | **२९.०४** |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

आ.व. २०७९/८० र २०८०/०८१ को पहिलो ६ महिनाको आर्थिक मामिला तथा योजना मन्त्रालयको खर्चको तुलनात्मक विवरण तलको चित्रमा दिइएको छ। आ.व. २०७९/०८० को समीक्षा अवधिमा जम्मा २९.८९ प्रतिशत खर्च भएको थियो भने आ.व. २०८०/०८१ को सोही अवधिमा २९.०४ प्रतिशत खर्च भएको छ।


चित्र ७- आ.व. २०७९/०८० र २०८०/०८१ को खर्चको अर्धवार्षिकअवधिको तुलनात्मक विवरण (रु.हजारमा)




**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

आ.व. २०७९/०८० र २०८०/०८१ को पहिलो ६ महिनाको राजस्व सङ्कलनको तुलनात्मक विवरण तलको चित्रमा दिइएको छ। आ.व. २०७९/०८० को समीक्षा अवधिमा रु. ३० करोड १७ लाख आन्तरिक राजस्व सङ्कलन भएको थियो भने आ.व. २०८०/०८१ को सोही अवधिमा रु. ४५ करोड ९१ लाख आन्तरिक राजस्व सङ्कलन भएको छ।

चित्र ८- आ.व. २०७९/८० र २०८०/०८१ को ६ महिनामा राजस्व सङ्कलनको तुलनात्मक स्थिति (रु. करोडमा)




**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

आ.व. २०७९/८० र २०८०/०८१ को पहिलो ६ महिनाको शीर्षकगत रुपमा आन्तरिक राजस्व सङ्कलनको तुलनात्मक विवरण तलको तालिकामा दिइएको छ। आ.व. २०७९/०८० को समीक्षा अवधिमा सबैभन्दा बढी राजस्व सङ्कन सवारी साधन कर शीर्षकमा रु. ५ करोड ६६ लाख ४२ हजार आन्तरिक राजस्व सङ्कलन भएको थियो भने आ.व. २०८०/०८१ को सोही अवधिमा सबैभन्दा बढी अनुदान फिर्ता शीर्षकमा रु.१० करोड ५० लाख ६१ हजार राजस्व सङ्कलन भएको छ।

तालिका १२- आ.व. २०७९/८० र २०८०/०८१ को अर्धवार्षिक अवधिमा राजस्व सङ्कलनको तुलनात्मक स्थिति (रु. हजारमा)

| क.सं. | राजस्व शिर्षक | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | परिवर्तन (प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | ११३१५-बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर | २६६७५ | ४०६५३ | ५२.४० |
| २ | ११४५२-बस्तुको उपयोग तथा उपयोगको अनुमतिमा लाग्ने कर | १ | ६८ | ६७००.०० |
| ३ | ११६११-व्यवसायीले भुक्तानी गर्ने | ६३४ | ८३० | ३०.९१ |
| ४ | १४१५१-सरकारी सम्पतिको बहालबाट प्राप्त आय | १० | ५४८ | ५४९१.८४ |
| ५ | १४१५७-बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट पाप्त हुने आय | ४३९१ | ८९५८ | १०४.०१ |
| ६ | १४१५९-अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी | २३८ | १५३ | -३५.७१ |
| ७ | १४२११-कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १६६ | ३३७ | १०३.०१ |
| ८ | १४२१२-सरकारी सम्पतिको बिक्रीबाट प्राप्त रकम | ६ | १८५ | २८८३.८७ |
| ९ | १४२१३-अन्य बिक्रीबाट प्राप्त रकम | १३४१ | १३ | -९९.०३ |
| १० | १४२१३-अन्य सेवा शुल्क तथा बिक्रीबाट प्राप्त रकम | | ४ | |
| ११ | १४२२३-शिक्षा क्षेत्रको आम्दानी | ३०४ | २६४ | -१३.१६ |
| १२ | १४२२४-परीक्षा शुल्क | ३७७७६ | ८८९० | -७६.४७ |
| १३ | १४२२५-यातायात क्षेत्रको आम्दानी | ३९१९ | ४७०४ | २०.०३ |
| १४ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | ९९६९ | १२७५७ | २७.९७ |
| १५ | १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | ६५३० | ८०६६ | २३.५२ |
| १६ | १४२५४-रेडियो/एफ.एम.सञ्चालन दस्तुर | ७०० | २५६ | -६३.४३ |
| १७ | १४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | २४४०१ | ३८७६१ | ५८.८५ |
| १८ | १४२६४-वन क्षेत्रको अन्य आय | १७५६ | १८५९५ | ९५८.९४ |
| १९ | १४३११-न्यायिक दण्ड, जरिवाना र जफत | ४० | ६ | -८५.०० |
| २० | १४३१२-प्रशासनिक दण्ड, जरिवाना र जफत | २२१२ | २८७२३ | ११९८.५१ |
| २१ | १४५२९-अन्य राजस्व | १४०३ | ८३ | -९४.०८ |
| २२ | १५१११-बेरूजू | २९५२३ | २५३६३ | -१४.०९ |
| २३ | १५११२-निकासा फिर्ता | २३१७४ | ३७९९१ | ६३.९४ |
| २४ | १५११३-अनुदान फिर्ता | ४६७१८ | १०५०६१ | १२४.८८ |
| २५ | ३३३४१-सवारी साधन कर | ५६६४२ | ८५०२९ | ५०.१२ |
| २६ | ३३३६१-वन क्षेत्रको रोयल्टी | २३१७१ | ३२८०५ | ४१.५८ |
| | कुल जम्मा | ३०१७०० | ४५९१०३ | ५२.१७ |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

**क. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरू**

- बजेट कार्यान्वयनको लागि ६२ बुँदे मार्गदर्शन सहितको खर्च गर्ने अख्तियारी तथा बजेट कार्यान्वयन कार्यतालिका विषयगत मन्त्रालयलाई पठाइएको।
- स्थानीय तहमा हस्तान्तरण भएको बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि ३२ बुँदे मार्गदर्शन सहितको खर्च गर्ने अख्तियारी स्थानीय तहमा पठाइएको।
- आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन गरिएको र विषयगत मन्त्रालयमा पठाइएको।
- कर्णाली प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ बमोजिम मन्त्रालयको आ.व. २०७९/०८० को वित्तीय जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गरिएको।
- आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिकमा सम्पादन भएका कार्यहरूको सूचनाको हकसम्बन्धी ऐन बमोजिम स्वतः प्रकाशन गरिएको।
- लेखा समूहका कर्मचारीहरुको सरुवा तथा कामकाज व्यवस्थापन गरिएको।
- मन्त्रालय तथा मातहतका निकायको व्यवस्थापन सर्वेक्षण तथा सङ्गठन संरचना पुनरावलोकन गर्न मस्यौदा तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको।
- प्रदेश लेखा इकाई कार्यालयहरूबाट आर्थिक वर्ष २०७९/०८० को प्रदेश अन्तर्गतका कार्यालयहरूको आन्तरिक लेखा परीक्षण सम्पन्न भएको।
- प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हिसाब भिडान कार्य सम्पन्न भएको।
- आर्थिक वर्ष २०८०/०८१ मा सवारी साधन कर बाँडफाँट सम्बन्धी कार्य मासिक रूपमा गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयलाई अख्तियारी प्रदान गरिएको।
- कर्णाली प्रदेशको आन्तरिक राजस्व वृद्धि गर्न स्थानीय तहमा अनुगमन गरी निकासा फिर्ता समयमै गर्न तथा दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर प्रदेश सञ्चित कोषमा मासिक रूपमा दाखिला गर्न निर्देशन दिइएको।
- विषयगत मन्त्रालयबाट माग भए बमोजिम ऐन, नियम, कार्यविधि उपर सहमति प्रदान गरिएको।

**ख. बजेट तथा कार्यक्रम कार्यान्वयका क्रममा देखा परेका समस्या/चुनौतीहरू**

- प्रदेश सरकारबाट सङ्घीय सरकार अन्तर्गतका कार्यालयहरुको भौतिक संरचना निर्माणका लागि बजेट माग हुने गरेको जसबाट केन्द्रबाट आएको अनुदान केन्द्रकै संरचना निर्माणमा खर्च हुने गरेको।
- वार्षिक बजेट विनियोजन गर्दा एकमुष्ट रुपमा (अवण्डा) बजेट राख्न नपाईने भएतापनि केही मन्त्रालयले एकमुष्ट रुपमा बजेट राखेको र उक्त रकम समयमा बाँडफाँट हुन नसक्दा बजेट कार्यान्वयन हुन नसकेको, यसले पुँजीगत खर्च वृद्धिमा अवरोध सिर्जना गरेको।
- प्रदेश लेखा इकाई कार्यालयहरु निमित्तको भरमा चलेका, कार्यालय प्रमुख लगायत प्राविधिक जनशक्तिको अभाव भएको।
- अन्तर मन्त्रालय तथा स्थानीय तहसँगको समन्वयको अभावमा आयोजनाहरु दोहोरो पर्ने सम्भावना रहेको।
- बहुवर्षीय ठेक्का स्वीकृतिका लागि योजना आयोगमा पेश गरी आयोग मार्फत स्रोत सुनिश्चितताको लागि आउनुपर्नेमा विभिन्न मन्त्रालयबाट सिधै आर्थिक मामिला तथा योजना मन्त्रालयमा स्रोत सुनिश्चितताको लागि आउने गरेको। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०/०७/१५ को सुझाव कार्यान्वयन सम्बन्धी पत्रमा स्रोत सुनिश्चितता सम्बन्धी निर्देशन प्राप्त भएको।

- वार्षिक विकास कार्यक्रममा समावेश नभएका नयाँ आयोजनाका लागि बजेट माग गर्ने प्रवृत्ति अत्याधिक रहेको।
- बहुवर्षीय आयोजनामा न्यून बजेट विनियोजन गर्ने र पछि थप रकम माग गर्ने तथा रकमान्तर प्रस्ताव गर्ने प्रवृत्तिले विनियोग कुशलता कायम गर्न नसकिएको।
- लैङ्गिक उत्तरदायी बजेट तर्जुमा निर्देशिका २०८० तर्जुमा गरिएको।

**ग. तत्काल गर्नुपर्ने सुधारका क्षेत्रहरु**

- विषयगत कार्यालय तथा मन्त्रालयहरूमा रहेको अवण्डा बजेट तत्काल बाँडफाँट गरी कार्यक्रम कार्यान्वयनमा लैजानु पर्ने।
- कार्यविधि निर्माण गर्दा वस्तुगत विश्लेषण गरी गर्नुपर्ने।
- अनुगमन प्रणालीलाई यथार्थपरक बनाउन कार्यक्रमको विवरण अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गर्ने तर्फ जोड दिनुपर्ने।
- मन्त्रालयहरूको शासकीय अनुगमन मूल्याङ्कन गरी बजेट कार्यान्वयनका समस्या पहिचान गरी समाधानका दीर्घकालीन उपायहरू खोजी गर्ने।
- मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक नियमित रूपमा गर्नुपर्ने।
- प्रदेश मन्त्रालयगत समन्वय र सहकार्यलाई थप चुस्त बनाउनु पर्ने।
- बजेट कार्यान्वयन कार्ययोजना स्वीकृत गराई सोको अक्षरशः पालना गर्नुपर्ने।
- एकीकृत र बहुसरोकारवाला सम्मिलित अनुगमन संयन्त्र निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने।
- बजेटको त्रैमासिक विभाजनको पालनालाई अनिवार्य बनाउने।
- बजेट कार्यान्वयनमा सरोकारवालासँग प्रभावकारी समन्वय गर्नुपर्ने।
- एउटै प्रकृतिको कार्यक्रम विभिन्न मन्त्रालयबाट सम्पादन हुँदै आएकोमा त्यसलाई एकद्वार प्रणालीबाट गर्नुपर्ने।
- कार्यालय प्रमुख लगायत प्राविधिक जनशक्तिको पदपूर्ति गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्ने।
- प्रचलित कानुन र नीतिको पूर्ण परिपालना हुनुपर्ने र बजेट कार्यान्वयनलाई व्यवस्थित गर्न आवश्यक पर्ने निर्देशिका र मापदण्ड तयार गर्नुपर्ने।
- जिल्लास्थित प्रदेश सरकारका कार्यालयबिच समन्वय गर्नुपर्ने।
- आर्थिक ऐन, नियम विपरित अबण्डा बजेट नराख्ने।
- बहुवर्षीय आयोजनाको स्रोत सुनिश्चितताको लागि कर्णाली प्रदेशको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्डको पूर्ण पालना गर्ने।
- वहुवर्षीय ठेक्का लागेका आयोजनाको प्रगति न्यून हुँदा स्रोत परिचालनमा कठिनाई भएकोले त्यस्ता आयोजनाको Payment Schedule गराई कार्यान्वयन गरिनुपर्ने।
- रकमान्तर तथा कार्यक्रम संशोधनलाई थप व्यवस्थित बनाउनुपर्ने।

**घ. बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरू**

- आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रमको तयारी गर्ने।
- कर्णाली प्रदेश सरकारको बजेटका उद्देश्य, नीति, सिद्धान्त तथा प्राथमिकताहरू निर्धारण गर्ने।

- आ.व. २०८१/०८२ का लागि समपूरक र विषेश अनुदानका आयोजना/कार्यक्रमहरु स्थानीय तहबाट माग गरी छनोट गर्ने।
- मध्यमकालीन खर्च संरचना तयार गर्ने।
- कर्णाली प्रदेशको आर्थिक सर्वेक्षण तयार गर्ने।
- राजस्व परामर्श समितिको प्रतिवेदन तयार गरी माननीय मन्त्रीज्यू समक्ष पेश गर्ने।
- बजेट वक्तव्य लेखनको तयारी गर्ने।
- विनियोजन विधेयक तथा आर्थिक विधेयकको तयारी गर्ने।
- बहुवर्षीय दायित्वको व्यवस्थापन गरी बहुवर्षीय आयोजना वस्तुपरक बनाउने।
- बेरुजुको लगत तयार गरी सम्परीक्षण तथा फछ्र्यौटको कार्ययोजना बनाइ सोही बमोजिम कार्यान्वयन गर्ने।
- लक्ष्य बमोजिम त्रैमासिक रूपमा बजेट खर्च गर्ने पद्धति सुरुआत गर्ने।
- विनियोजन कुशलता कायम गर्ने।
- बजेट तर्जुमा दिग्दर्शन तयार गर्ने।
- बजेट कार्य सञ्चालन निर्देशिका तयार गर्ने।
- कर्णाली प्रदेश खर्च मापदण्डलाई समसामयिक बनाउने।

## ३.६ उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

### १. पृष्ठभूमि

प्रदेशलाई औद्योगिकीकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै औद्योगिक क्षेत्रमा निजी, स्वदेशी, तथा बिदेशी लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधारको निर्माण गर्दै लैजाने, मौजुदा पूर्वाधारको उपयोग गर्ने, कच्चा पदार्थको प्रशोधन गरी निर्यातजन्य पदार्थको उत्पादन गरी निर्यात गर्ने, लघु, घरेलु, तथा साना उद्योगहरूको माध्यमबाट गरिबी न्युनीकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउँदै, वाणिज्य क्षेत्रलाई सबल तुल्याउँदै आन्तरिक, अन्तर प्रादेशिक तथा बाह्य व्यापारको सहजीकरण, प्रवर्द्धन र नियमन गर्दै, कर्णाली प्रदेशमा रहेको मुर्त तथा अमुर्त सांस्कृतिक तथा धार्मिक र प्राकृतिक सम्पदाहरूको संरक्षण र विकास गर्दै प्रदेशको आर्थिक विकासको प्रमुख आधारको रूपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र प्रादेशिक आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउँदै, वन, वातावरण तथा जलाधार क्षेत्रको संक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोगमार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउने लक्ष्यका साथ यो मन्त्रालयको स्थापना मिति २०७४/११/०३ गते भएको हो।

### २. दीर्घकालीन सोच

दिगो वन व्यवस्थापन, उद्योग, उद्यमशीलता, पर्यटन र सन्तुलित पर्यावरणमार्फत प्रदेशको समृद्धि।

### ३. ध्येय

व्यवस्थित वन क्षेत्र, उद्योग, उद्यमशीलता, पर्यटनको विकास र सन्तुलित पर्यावरण मार्फत प्रदेशको आर्थिक, सामाजिक, सांस्कृतिक समृद्धिमा योगदान पुऱ्याउने।

### ४. रणनीतिक उद्देश्यहरू

- जनसहभागितामूलक तथा वैज्ञानिक व्यवस्थापन पद्धति अवलम्बन गर्दै वन, वन्यजन्तु तथा जैविक विविधताको दिगो संरक्षण तथा व्यवस्थापनबाट वनक्षेत्रको उत्पादकत्व वृद्धि गर्ने।
- सामुदायिक वन मार्फत वातावरणमैत्री हरित अर्थतन्त्र विकास गर्न उच्च मूल्य तथा बहुउपयोगी फलफूल, जडिबुटी र बोटबिरुवाहरू वृक्षारोपण अभियानकै रूपमा सञ्चालन गर्ने।
- निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै जडिबुटी, काठ तथा लघु घरेलु उद्यमहरूको प्रवर्द्धन, विविधीकरण र बजारीकरण गर्ने।
- प्रदेशमा रहेका सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल, भाषा, धर्म संस्कृतिको खोज, संरक्षण र सम्वर्द्धन गर्ने।
- जलवायु परिवर्तनको नकारात्मक प्रभाव कम गर्न अनुकुलनका उपायहरू अवलम्बन गर्दै हिमाली क्षेत्रमा वनबुट्यान, बिउ र बाली संरक्षणको विशेष कार्यक्रम सञ्चालन गर्ने।
- स्वच्छ वातावरण, जलाधार पुनरुत्थान, सार्वजनिक क्षेत्र सरसफाइ गर्दै सार्वजनिकस्थल, नदी किनार, सडकछेउ, खोल्सा-खोल्सीमा बाँस, अम्रिसो, फलफूल लगायतका आयमुलक बहुउपयोगी बोट बिरूवा लगाई जैविक प्रविधि प्रयोग गरी सबै स्थानीय तहका केन्द्रहरूलाई हरित नगरको रूपमा विकसित गर्ने।
- हवाई यातायातको सुविधाका लागि आवश्यक समन्वयात्मक कार्य गर्ने।

## ५. कार्यक्षेत्र

मन्त्रालयको कार्यक्षेत्र/जिम्मेवारीहरू (प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ बमोजिम) देहायअनुसार रहेका छन्:-

- व्यापार, वाणिज्य र बजार प्रतिष्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण।
- प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, वौद्धिक सम्पति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन।
- ढुवानी, परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन।
- नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता।
- व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन।
- खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन अभिलेखाङ्कन, अन्वेषण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सङ्घसँग समन्वय।
- भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी।
- कल कारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन।
- प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना सञ्चालन र विस्तार।
- औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन।
- सार्वजानिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन।
- उपभोक्ताहरूको अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन।
- मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन।
- सङ्घीय मापदण्ड अनुसार स्टाण्डर्ड वर्गीकरण, गुणस्तर परिक्षण र नियमन।
- उपभोक्ता अदालत गठन र सञ्चालन।
- अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपुर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपुर्ति ब्यवस्था, मौज्दातको व्यवस्था र आपुर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहबिच समन्वय।
- लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन।
- करार, साझेदारी र एजेन्सीसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन।
- सङ्घसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन।
- दामासाहीमा परेका उद्योग, व्यावसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यन्वयन र नियमन।
- प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन।
- प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन।

- सङ्घीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी।
- प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्द्धन सम्वन्धमा नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यन्वयन र नियमन।
- औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन।
- उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग।
- स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता।
- प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन।
- पर्यटक प्रहरी व्यवस्थापन।
- पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन।
- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- वन्यजन्तु र वन पैदावार ओसार-पसार सम्बन्धी नियमन र अपराध नियन्त्रण।
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन।
- प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन।
- हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन।
- जडीबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा वजारीकरण सम्बन्धी नीति तथा कानुन तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क सङ्कलन।
- वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह।
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग।
- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यावस्थापन।
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट।
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन।
- प्रदेशभित्र भू–स्खलन नियन्त्रण।
- प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन।
- प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना।
- प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार।
- प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन।
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण।
- प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातारणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन।
- प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन।
- प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परिक्षण।
- भू-परिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन।


- संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण।
- अन्तर प्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन।
- वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बिउ उत्पादन, बिउ बगैंचा स्थापना र व्यवस्थापन।
- प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेशभित्र जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन।
- वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग।
- वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास।
- विज्ञान सङ्ग्रहालय र प्लोटोरियमको स्थापना र सञ्चालन र व्यवस्थापन।

तालिका १२- आ.व. २०७९/०८० र २०८०/०८१ को अर्धवार्षिक अवधिको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शीर्षक | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च रकम | खर्च प्रतिशत | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
| चालु | ९३७३६६ | २६७०७३ | २८.४९ | ९४६३२९ | २६२५९० | २७.७५ |
| पुँजीगत | १२०००३५ | ३३४८३ | २.७९ | ११९४९४४ | ६५०५५ | ५.४४ |
| **जम्मा** | **२१३७४०१** | **३००५५६** | **१४.०६** | **२१४१२७३** | **३२७६४५** | **१५.३०** |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चित्र ९- आ.व.२०७९/०८० र २०८०/०८१ को खर्चको अर्धवार्षिक अवधिको तुलनात्मक विवरण (रू. हजारमा)




**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

## क. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरु

- प्रदेश वन नियमावली, २०८० र प्रदेश पर्यटन नियमावली, २०८० कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा रहेको।
- आर्थिक वर्ष २०८०/०८१ को वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि, २०८० तयार गरी वार्षिक कार्यक्रमहरु सञ्चालन भईरहेको।
- ११ वटा खोटो सङ्कलनसँग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत भएको छ। लखरपाटा-जामु-सुनगाडा सडक आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन स्वीकृतिको चरणमा रहेको।
- कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम कर्मचारीहरुको स्तरवृद्धि गरिएको।

## ख. तत्काल गर्नुपर्ने सुधारका क्षेत्रहरू

- पर्यटन तर्फका पूर्वाधार निर्माणका कार्यहरु भौतिक पूर्वाधार विकास मन्त्रालयबाट सम्पादन हुने गरी कार्यविभाजन नियमावली संशोधन हुनुपर्ने, मन्त्रालयले पर्यटन प्रवर्द्धन लगायत प्रचारप्रसारका कार्यहरु गर्दा उपयुक्त हुने।
- साँस्कृतिक महत्वको मन्दिर संरचना निर्माण, मर्मत, जगेर्ना लगायतका कार्य सामाजिक विकास मन्त्रालयबाट गरिनुपर्ने, पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण धार्मिक सम्पदाहरु मात्र पर्यटन मन्त्रालय मार्फत गर्ने व्यवस्था मिलाउदा प्रभावकारी हुने।
- प्रादेशिक महत्वका विकास निर्माणका कार्यको लागि वातावरणमा प्रतिकुल असर नपर्ने गरी निश्चित अवधिको लागि वन क्षेत्र प्रयोग गर्न दिने अधिकार प्रदेश सरकारमा रहने गरी सङ्घीय सरकार समक्ष पहल गर्ने।

## ग. बजेट तथा कार्यक्रम कार्यान्वयन समयमै गर्ने उपायहरु

- बजेट तर्जुमा गर्दा जिल्लाबाट प्रस्ताव गरिएका कार्यक्रमहरूलाई पहिलो प्राथमिकताका साथ बजेट विनियोजन गरिनुपर्ने।

## ३.७ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

### १. पृष्ठभूमि

कर्णाली, तिला र भेरी नदीमा गरिएको सम्भाव्यता अध्ययन अनुसार जलविद्युत उत्पादन क्षमता करिव १८ हजार मेगावाट रहे तापनि कर्णाली प्रदेशबाट हालसम्म ८.२५ मेगावाट जलविद्युत मात्र राष्ट्रिय ग्रीडमा आवद्ध छ। विद्युत सेवाको पहुँच प्रदेशको ५७ प्रतिशत जनतामा मात्र पुगेको छ। अतः प्रदेशको सबै घरधुरीमा विद्युत सेवाको पहुँच पुऱ्याउन, कृषि, उद्योग र सेवा क्षेत्रमा बढ्दै गएको विद्युतको मागलाई सम्बोधन गर्न एवम् विद्युतमा आत्मनिर्भर भई निर्यात गर्न प्रदेशको अपार जलविद्युत क्षमतालाई सदुपयोग गर्न आवश्यक छ। वैकल्पिक र नवीकरणीय ऊर्जाको क्षेत्रमा भएको नवप्रवर्तन र प्रगतिबाट प्रदेशले फाइदा लिन सकिने देखिएको छ। वैकल्पिक ऊर्जाको उपयोगबाट छरिएर रहेका गाउँ बस्तीहरूलाई उज्यालो पार्नुका साथै नागरिकहरूको ऊर्जाको आवश्यकता सुपथ र सुलभ रूपमा पूरा गर्न सकिन्छ। प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विकास गरी प्रदेशको ऊर्जाको आवश्यकतालाई पुरा गर्नेछ।

**सिँचाइ**

कर्णाली प्रदेशको खेती योग्य जमिनको २० प्रतिशतमा मात्र वर्षैभरी सिँचाइ सुविधा उपलब्ध छ। हिमाली र उच्च पहाडी भू-भाग बढी र केही न्यून मात्रामा भए पनि भित्री मधेश रहेको यस प्रदेशमा परम्परागत सतह सिँचाइबाट जम्मा ३० हजार ३ सय ९६ हेक्टर जमिनमा मात्र परम्परागत सिँचाइ सेवा उपलब्ध हुनसक्ने देखिन्छ भने थप ६९ हजार ५ सय ९६ हेक्टर जमिनमा लिफ्ट सिँचाइ प्रणालीको मर्मत-सम्भार गराउनु पर्ने देखिन्छ। हालका दिनमा परम्परागत सिँचाइ प्रणालीको मर्मत-सम्भार तथा नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको माध्यमबाट सिंचित कृषि क्षेत्रको विस्तार हुँदै आइरहेको छ। योजना अवधिमा सिँचाइ हुन बाँकी खेती भइरहेको तथा खेतीयोग्य जमिनलाई हिमाली क्षेत्रको हिउँ सङ्कलन पोखरी, पहाडी भूमिगत जलस्रोतको उपयोग तथा सबै स्थानमा वर्षातको पानी सङ्कलन पोखरी, मूलको पानी सङ्कलन पोखरी जस्ता वैकल्पिक उपायहरूमार्फत सिँचाइ सेवा उपलब्ध गराई कृषि उत्पादनमा वृद्धि गर्नेतर्फ प्रयास केन्द्रित रहनेछ।

**खानेपानी**

मानव जीवनको लागि अत्यावश्यक सेवामा पर्ने खानेपानी तथा सरसफाइ सेवा मध्ये हालसम्म यस प्रदेशमा आधारभूत खानेपानी सुविधामा करिब ९१ प्रतिशत जनसङ्ख्याको पहुँच पुगिसकेको छ। कर्णाली प्रदेशका सबै जिल्ला खुला दिसामुक्त घोषणा भई आधारभूत सरसफाइ सुविधाको उपयोग गरिरहेका छन्। नागरिकलाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेका सेवाहरू सुनिश्चित गर्नको लागि खानेपानी तथा सरसफाइ सुविधा दिगो, भरपर्दो, सर्वसुलभ हुन जरुरी छ। यसरी दिगो र भरपर्दो आधारभूत खानेपानी सरसफाइ सुविधा पुऱ्याउने राष्ट्रिय लक्ष्यका साथै दिगो विकास लक्ष्य हासिल गर्न यस प्रदेशले धेरै प्रयास गर्नुपर्ने देखिन्छ।

### २. दीर्घकालीन सोच

- जलविद्युतको उत्पादन तथा उपयोगबाट समृद्धि।
- वैकल्पिक ऊर्जा विकासमार्फत ऊर्जामा पहुँच विस्तार।
- दिगो सिँचाइ व्यवस्थापनबाट कृषि उत्पादन र उत्पादकत्व वृद्धि।
- स्वच्छ, सुलभ र सुरक्षित खानेपानी, सफा सुग्घर वातावरण।

### ३. लक्ष्य

- जलविद्युतको विकास गरी तीव्र आर्थिक विकास गर्ने।

- वैकल्पिक ऊर्जाको उत्पादन बढाई स्वच्छ ऊर्जामा पहुँच सुनिश्चित गर्ने।
- कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने।
- आधारभूत खानेपानी र सरसफाइ सेवा सबै नागरिकहरूलाई उपलब्ध गराउने।

## ४. रणनीतिक उद्देश्यहरू

- जलविद्युतको उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु।
- न्यून कार्वन उत्सर्जन गरी वातावरण संरक्षण तथा दिगो विकासमा टेवा पुऱ्याउनु।
- परम्परागत तथा आधुनिक सिँचाइ प्रविधिको उपयोग गरी अधिकतम कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउनु।
- सबैका लागि आधारभूत खानेपानी सुविधा उपलब्ध गराउनुका साथै बस्तीहरूलाई सफा सुग्घर बनाई पूर्ण सरसफाइतर्फ अग्रसर बनाउनु।

## ५. रणनीतिहरु

- सङ्घ सरकारसँगको समन्वयमा ठुला जलविद्युत आयोजनाहरू निर्माणका लागि आवश्यक पर्ने नीति नियम निर्माण गरी लगानी जुटाउन पहल गर्ने।
- विद्युत उत्पादनलाई राष्ट्रिय प्रसारण ग्रीडमा प्रवाह गर्न प्रसारण लाईनहरू निर्माण गर्ने।
- प्रदेश सरकारको अगुवाइमा प्रदेशस्तरीय जलविद्युत आयोजनाहरू सञ्चालन गर्ने।
- वैकल्पिक ऊर्जाको विकास र बहुउपयोग वृद्धि गर्ने।
- स्थानीयबासीमा वैकल्पिक ऊर्जाको विकास र प्रयोगको लागि क्षमता अभिवृद्धि गर्ने।
- सिँचाइ विकासको नीति तथा गुरुयोजना तयार गर्ने।
- सिँचाइमा नयाँ प्रविधिको प्रयोग गर्ने।
- सिँचाइ प्रणालीको दिगो व्यवस्थापन एवम् मर्मत सम्भार सुनिश्चित गर्ने।
- आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने।
- सामुदायिक सहभागितामा सरसफाइलाई अभियानका रूपमा सञ्चालन गर्ने।
- मौजुदा खानेपानी सेवालाई स्तरवृद्धि गरी क्रमिक रूपमा मध्यम तथा उच्चस्तरको बनाउँदै लैजाने।

## ६. कार्यक्षेत्र

- प्रदेशस्तरको ऊर्जा, विद्युत, सिँचाइ, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन र खानेपानी तथा सरसफाइ सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन गर्ने।
- प्रदेशस्तरमा ऊर्जा, विद्युत, खानेपानी तथा सिँचाइ सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन गर्ने।
- ऊर्जा, विद्युत, सिँचाइ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन गर्ने।
- राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन गर्ने।
- राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन गर्ने।
- प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय गर्ने।


- प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय गर्ने।
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन गर्ने।
- मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन।
- जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन।

तालिका १३- आ.व. २०७९/०८० र २०८०/०८१ को अर्धवार्षिक अवधिको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण (रू. हजारमा)

| बजेट शीर्षक | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च रकम | खर्च प्रतिशत | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
| चालु | २५०००७ | ७३२६५ | २९.३१ | २७२५८८ | ८३८१८ | ३०.७५ |
| पुँजीगत | ३५४३१९३ | ३२५७८६ | ९.१९ | ३२६७१५० | २०८९७० | ६.४० |
| **जम्मा** | **३७९३२००** | **३९९०५१** | **१०.५२** | **३५३९७३८** | **२९२७८८** | **८.२७** |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चित्र १०- आ.व.२०७९/०८० र २०८०/०८१ को खर्चको अर्धवार्षिक अवधिको तुलनात्मक विवरण (रु. हजारमा)




**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

## क. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरू

- मन्त्रालय अन्तर्गत १० कार्यालयहरूबाट भए गरेका कामकारबाहीको सम्बन्धमा कार्यालय प्रमुखको भौतिक उपस्थितिमा अर्ध वार्षिक प्रगति समीक्षा सम्पन्न गरी सो समीक्षामा जिल्ला कार्यालयहरूबाट प्राप्त समस्याहरूको समाधान गरिएको।

- खानेपानी, सरसफाइ तथा स्वच्छता विधेयक मस्यौदा छलफलका लागि स्थानीय जनप्रतिनिधि सहित सरोकारवालाहरूको उपस्थितिमा एक दिने कार्यशाला सञ्चालन गरिएको।
- जाजरकोट भूकम्प प्रभावित क्षेत्रका आयोजनाहरूका लगभग २५० जना मर्मत सम्भार कार्यकर्ता तथा समितिका पदाधिकारीहरूलाई मर्मत सम्भार तालिम दिइएकोमा सो क्षेत्रका योजनाबाट MASS CHLORINATION गरी पानी वितरण भइरहेको।
- कर्णाली प्रदेश स्थित ७९ वटै पालिकाहरूबाट प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने आयोजनाहरूको आयोजना बैङ्क बनाउने प्रयोजनार्थ माग गरिएको।
- यस मन्त्रालय अन्तर्गत कार्यान्वयन हुने खानेपानी, सिँचाइ, ऊर्जा तथा नदि नियन्त्रण सम्बन्धी योजना कार्यान्वायनको लागि आवश्यक अनुगमन, सुपेरिवेक्षण,समन्वय तथा निर्देशन लगायत सम्पूर्ण काम गरिएको।

## ख. बाँकी अवधिमा सम्पादन गर्नु पर्ने प्रमुख कार्यहरू

- आयोजना कार्यान्वयन प्रभावकारी बनाउन आयोजना छनोट प्रक्रियामा सुधार ल्याइ, योजनाको लाभ लागत अनुपात विश्लेषण गरी योजना तर्जुमा गर्न तथा योजना तर्जुमामा स्वयम् कार्यालय प्रमुखलाई जिम्मेवार बनाउन आयोजना पहिचान सम्बन्धी जिल्लास्तरीय अभिमुखीकरण गोष्ठी सञ्चालन गर्नुपर्ने।
- आयोजनालाई दिगो रूपमा सञ्चालन गर्न तथा उपभोक्ताहरूको आयोजना प्रति अपनत्व वृद्धि गर्न उपभोक्ता समितिलाई मर्मत सम्भार कार्यकर्ता तालिम तथा सिँचाइ संस्थागत विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- ऊर्जा क्षेत्रको विकासको लागि आवश्यक कार्यालयको स्थापना र विषयविज्ञ जनशक्ति नहुँदा ऊर्जा क्षेत्रको विकास प्रभावित भएकोले तत्काल समस्या समाधान गर्न आवश्यक पहल गर्नुपर्ने।
- प्रदेशमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासका अवसर रोकिएकोले कर्मचारीमा नैराश्यता उत्पन्न भई कामकाज प्रभावित भएकोले कानुन बनाइ वृत्ति विकासका अवसर सिर्जना गर्न आवश्यक पहल गर्नुपर्ने।

## ग. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या/चुनौतीहरू

- हालसम्म पनि ६० प्रतिशत प्राविधिक जनशक्तिको पद रिक्त रहनु र कार्यालयको विद्यमान जनशक्ति एवम् उपलब्ध साधनहरूको तुलनामा अत्यधिक मात्रामा आयोजनाहरू कार्यान्वयन गर्नुपर्दा आयोजनाको गुणस्तर कायम गर्नुका साथै अनुगमन र मूल्याङ्कनमा अपेक्षित प्रतिफल हासिल गर्न चुनौती भएको।
- भुगोल सुहाउँदो तथा कार्यक्रम र कार्यबोझको आधारमा कार्यालयको साङ्गठनिक संरचना बन्न नसक्नु।
- ऊर्जा क्षेत्रको विकासको लागि आवश्यक कार्यालयको स्थापना र विषय विज्ञ जनशक्ति नहुँदा ऊर्जा क्षेत्रको विकास प्रभावित भएको।
- बजेट तर्जुमाको स्पष्ट मापदण्ड नबन्दा र तिनै तहका सरकारको अधिकार क्षेत्र निश्चित नहुँदा, योजना तर्जुमामा दुविधा उत्पन्न भएको र प्रदेश सरकारको आवधिक योजना अनुसार बजेट कार्यक्रम नआउने विद्यमान अवस्था रहेको।
- सडक निर्माण गर्दा अधिकांश खानेपानी एवम् सिँचाइ संरचनाहरूमा क्षति पुगेको।
- Construction Material Testing Lab को स्थापना र प्राविधिक जनशक्तिको अभावमा निर्माण कार्यको गुणस्तर जाँच गर्न नसकिएको।
- मन्त्रालयमा जनशक्ति अभाव हुँदा अन्तर्गतका कार्यालयबाट कार्यान्वयन भएका योजनाहरूको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन नसकेको।

## घ. तत्काल गर्नुपर्ने सुधारका क्षेत्रहरू

- जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य।

- कार्यक्रम र कार्य प्रकृति कार्यबोझ तथा भूगोल सुहाउँदो सङ्गठन निर्माण गर्न सङ्गठन व्यवस्थापन सम्बन्धी कार्य।
- योजना तर्जुमादेखि योजना कार्यान्वायन अनुगमन तथा मूल्याङ्कन सम्मका कामकाज सहज, सरल र तथ्यमा आधारित बनाउन आयोजना व्यवस्थापन सम्बन्धी कार्य।
- बजेट व्यवस्थापन र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक कार्य।

**ङ. बजेट तथा कार्यक्रम कार्यान्वयन समयमै गर्ने उपायहरू**

- कार्यक्रम र कार्य प्रकृति कार्यबोझ तथा भूगोल सुहाउँदो सङ्गठन संरचना निर्माण गर्ने।
- स्वीकृत सङ्गठन संरचना अनुसार जनशक्ति व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने।
- योजना तर्जुमाको चरणमा प्रचलित कानुनको पूर्ण परिपालना गर्ने।

## ३.८ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### १. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ। संविधान बमोजिम सङ्घको एकल अधिकार अनुसूची-५ मा र साझा अधिकार अनुसूची-७ र ९ मा, प्रदेशको एकल अधिकार अनुसूची-६ मा र साझा अधिकार अनुसूची-७ र ९ मा तथा स्थानीय तहको एकल अधिकार अनुसूची-८ मा र साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित छ। सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था अनुरूप नेपाल सरकारको मिति २०७४/१०/१० गतेको निर्णयानुसार यस **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**को स्थापना गरिएको हो।

प्रदेशको कृषि, पशु विकास तथा खाद्य, पोषण, गरिबी निवारण, सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, नियमन, समन्वय र सहकार्य गर्ने मुख्य उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको छ। ४०६ जना कर्मचारी दरवन्दी सहितको मन्त्रालय स्थापना हुँदा २४ वटा कार्यालय (मन्त्रालय १, निर्देशनालय २, तालिमकेन्द्र २, कृषि प्रयोगशाला ३, बागवानी फार्म २, कृषि ज्ञान केन्द्र ७, विज्ञ केन्द्र ७) रहेकोमा २०७६ भाद्र ६ गते कर्णाली प्रदेश मन्त्रिपरिषद्बाट पारित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको सङ्गठन संरचना तथा दरवन्दी सङ्ख्या अनुसार यस मन्त्रालयमा प्रशासन तथा सहकारी महाशाखा, योजना महाशाखा, कृषि विकास महाशाखा, पशुपन्छी विकास महाशाखा र भूमि व्यवस्था तथा भूमि श्रोत नक्साङ्कन महाशाखा गरी ५ वटा महाशाखाहरू र १३ वटा विषयगत शाखाहरू रहेका छन्। यसका अलावा मन्त्रालय मातहत कृषि विकास निर्देशनालय, पशुपन्छी विकास निर्देशनालय, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र, एकीकृत कृषि प्रयोगशाला, भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय, ९ वटा कृषि विकास कार्यालयहरू, ९ वटा पशु अस्पताल तथा पशु सेवा कार्यालयहरू र २ वटा बागवानी विकास केन्द्रहरू गरी २५ वटा कार्यालयहरू रहेका छन्।

### २. दीर्घकालीन सोच

- प्राङ्गारिक कृषिको माध्यमबाट स्वच्छ, स्वस्थ पोषणयुक्त खाद्य र बहुउपयोगी कृषि उपजको उत्पादन गरी आय आर्जन र रोजगारी सिर्जना गर्दै समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको प्रत्याभुति दिने।

### ३. ध्येय

प्राङ्गारिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यवसायिक, मर्यादित, वातावरणमैत्री र प्रतिस्पर्धी बनाई कृषकहरूको आय वृद्धि गर्ने।

### ४. रणनीतिक उद्देश्यहरू

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान र टेवा पुऱ्याउने।
- तुलनात्मक लाभका कृषि उपज प्रवर्द्धन गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउने।
- रैथाने बाली र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी वातावरणमैत्री कृषिको प्रवर्द्धन गर्ने।

## ५. मुख्य कार्यक्षेत्रहरू


भूमि व्यवस्थापन, गुठी व्यवस्थापन, कृषि विकास एवम् प्रवर्द्धन, पशुपन्छी विकास एवम् प्रवर्द्धन, सहकारी विकास, गरिवी निवारण आदि।

तालिका १४- आ.व.२०७९/०८० र २०८०/०८१ को अर्धवार्षिक अवधिको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण (रू. हजारमा)

| बजेट शीर्षक | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च रकम | खर्च प्रतिशत | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
| चालु | १६७२९१५ | २४१३१९ | १४.४३ | १५१२०९० | २४८८५६ | १६.४६ |
| पुँजीगत | ७०९६८५ | १४९३८ | २.१० | ६००६१५ | २१४४३ | ३.५७ |
| **जम्मा** | **१३८२६००** | **२५६२५७** | **१०.७६** | **२११२७०५** | **२७०२९९** | **१२.७९** |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चित्र ११- आ.व.२०७९/०८० र २०८०/०८१ को खर्चको अर्धवार्षिक अवधिको तुलनात्मक विवरण (रू. हजारमा)




**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

## तालिका १५- समीक्षा अवधिसम्म राजस्वको लक्ष्य/सङ्कलनको अवस्था

| सि. नं. | राजस्व शीर्षक नं | अर्धवार्षिक अवधिसम्म राजस्व सङ्कलनको अवस्था (रकम रु. हजारमा) | | फरक (प्रतिशतमा) |
|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | |
| १ | अनुदान फिर्ता र कृषि जन्य उपज विक्री वितरण | १६७३ | १९३६ | १५.७२ |

**स्रोत:** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश।

## क. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरु

- पहिलो त्रैमासिकमा सबै कार्यक्रमहरु सञ्चालनको लागि प्रस्ताव पेश गर्नको लागि सूचना प्रकाशन गरी प्रस्ताव सङ्कलन गरिएको।
- प्रस्ताव सङ्कलन पश्चात फिल्ड भेरीफिकेशन र योजना छनोट र सम्झौता गरी कार्यक्रम कार्यान्वयन भईरहेको।
- कृषि सिँचाइका ७३२ वटा आयोजना मध्ये ४७ वटा सम्पन्न भएको अन्य कार्यान्वियन अवस्थामा रहेको।
- केही जिल्लाहरुमा दूधमा प्रोत्साहन अनुदान वितरण गरिएको।
- उच्च घनत्वका स्याउका विरुवाहरु ल्याउनका लागि आवश्यक प्रकृयाको थालनी गरिएको।
- कृषि व्यवसाय प्रवर्द्धन नियमावलीको मस्यौदा तयार गरी सहमतिका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छ।
- कर्णाली प्रदेश भू-उपयोग नीति, जोखिम संवेदनशिल भू-उपयोग योजना र भू-उपयोग योजना कार्यान्वयन निर्देशिकाको मस्यौदा तयार भएको।
- कर्णाली प्रदेशमा आयात र निर्यात हुने कृषि तथा पशुपन्छी जन्य उत्पादनको तथ्याङ्क सङ्कलन गरी तथ्यमा आधारित नीति तथा योजना निर्माण गर्न प्रमुख नाका सुर्खेतको बबई र सल्यानको कपुरकोटमा अस्थाई तथ्याङ्क सङ्कलन केन्द्र स्थापना गरी तथ्याङ्क सङ्कलन कार्य सुरु गरिएको।
- तरल नाइट्रोजन कारखाना स्थापनाको लागि डिपिआर तयार भएको।
- कर्णाली प्रदेशका व्यवसायिक फर्महरुले अवलम्बन गर्नुपर्ने गाईभैंसी कल्याण सम्बन्धी मापदण्ड, २०८० जारी गरी गाईभैंसी संरक्षण र स्वस्थ उत्पादन कार्यलाई नियम तथा प्रवर्द्धन गर्न सुरु गरिएको।
- मिति २०८० असोज १८ गतेका दिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशका माननीय मन्त्री श्री भीमप्रकाश शर्माज्यूको प्रमुख आतिथ्यमा हुम्ला जिल्लामा संयुक्त राष्ट्र सङ्घको महासभाबाट सन् २०२३ लाई अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्षको रुपमा घोषणा भए अनुसार मन्त्रालय, कृषि विकास कार्यालय, हुम्ला, स्थानीय तह एवम् गैरसरकारी सङ्घ सस्थाहरुको सयुक्त आयोजनामा हुम्ला जिल्लाको सिमकोटमा पहिलो पटक अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्षको कार्यक्रम आयोजना गरिएको।

## ख. बाँकी अवधिमा सम्पादन गर्नु पर्ने प्रमुख कार्यहरु

- कार्यक्रम कार्यन्वयन हुनुभन्दा अगाडिका प्रकृया पूरा भई सकेको।
- सिँचाइ लगायतका पूर्वाधारका निर्माण कार्य सुरु हुनेछ।
- उत्पादन प्रवर्द्धनका कार्यहरु सञ्चालन गरिनेछ।
- दुध लगायतका उत्पादनमा दिइने प्रोत्साहन अनुदानका कार्यक्रम तेस्रो त्रैमासिक सम्म सम्पन्न गरिने छ।
- हिउँदे फलफूल विरुवा रोपणका कार्यक्रमहरु माघ महिनाभित्र सम्पन्न गरिने छ।
- वर्षे फलफूल विरुवा रोपणका कार्यक्रमहरु असार महिनाभित्र सम्पन्न गरिने छ।

## ग. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेमा समस्या/चुनौतीहरु

- भौगोलिक विकटता/न्युन बजेट विनियोजनका टुक्रे कृषि सिँचाइ आयोजना कार्यान्वयन गर्न।
- प्राविधिक जनशक्ति अभावका कारण कार्यक्रम कार्यान्वयन गर्न।

- स्थानीय, प्रदेश र सङ्घीय सरकारबिच कार्य सञ्चालन नमर्समा एकरुपता नहुन र नीतिगत रुपमा समन्वय नहुनु।
- थ्री-फेज विद्युतको अभावको कारण शीत भण्डार, दुग्ध चिस्यान केन्द्र र साना उद्योग लगायतका पूर्वाधारहरु सञ्चालनमा कठिनाई भएको।

## घ. तत्काल गर्नुपर्ने कार्यहरु

- संभाव्यताको अध्ययन गरि लागत इष्टिमेटका आधारमा आयोजना निर्माण गरिनु पर्ने ।
- प्राविधिक जनशक्तिको पदपुर्ति गरिनुपर्ने ।
- स्थानीय, प्रदेश र सङ्घीय सरकारको कार्यक्रम सञ्चालन नमर्समा एकरुपता र नीतिगत रुपमा समन्वय हुनु पर्ने।

## ङ. बजेट तथा कार्यक्रम कार्यान्वयन समयमै गर्ने उपायहरु

- कार्यक्रम कार्यन्वयन हुनु भन्दा अगाडिका प्रकृया पूरा भई सकेकोले समयमा कार्यक्रम सम्पन्न हुनेछ।

## ३.९ आन्तरिक मामिला तथा कानुन मन्त्रालय

### १. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ। नेपालको संविधान बमोजिम प्रदेशको कार्यक्षेत्र अनुसूची-६, ७ र ९ मा उल्लेख छ। सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपाल सरकारको मिति २०७४ साल माघ १० गतेको निर्णयानुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालय स्थापना भएको हो।

शान्ति सुरक्षा, विपद् व्यवस्थापन, कानुन, सञ्चारका क्षेत्रमा नीति, कानुन, मापण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र सहजीकरण गर्न क्षेत्राधिकारभित्र रही क्रियाशील रहेको छ।

### २. दीर्घकालीन सोच

- दिगो र भरपर्दो शान्ति सुरक्षा व्यवस्था, विपद् व्यवस्थापन, सञ्चार क्षेत्रको नियमन र समन्वय गर्ने।

### ३. ध्येय

- शान्ति सुरक्षा, अमन-चयन, विपद् व्यवस्थापन, सूचना प्रविधि तथा सञ्चार क्षेत्रको नियमन र विकास गर्ने।

### ४. रणनीतिक उद्देश्यहरू

- प्रदेश शान्तिसुरक्षा कायम गर्न सङ्घ तथा स्थानीय तह र सवै सुरक्षा निकायबिच समन्वय र सहकार्य गरी नागरिक सुरक्षा अनुभूति अभिवृद्धि गर्ने।
- मानव अधिकारको मान्यता अनुरुप प्रदेशमा शासकीय गतिविधिमा मानव अधिकारको संरक्षण तथा विश्वसनीय गतिविधि सञ्चालन गर्ने।
- प्रदेश कानुनलाई सङ्घीयता अनुकूल बनाउन कानुन निर्माण, कार्यान्वयन र अनुगमन मुल्याङ्कनलाई प्रभावकारी बनाउने।
- विपद् उत्थानशील समाजको निर्माण गर्न जनचेतना, विपद् प्रतिरोधी विकास निर्माण, विपद् व्यवस्थापनमा संस्थागत क्षमता विकास गर्ने।
- डिजिटल प्रदेश निर्माणका लागि नागरिकको सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा पहुँच अभिवृद्धि गर्ने।

### ५. कार्यक्षेत्र

- प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँगको समन्वय र सहकार्य।
- अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा।
- सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान-प्रदान र समन्वय।
- सङ्घीय कानुन बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन।
- प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय।
- कानुन, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी कार्य।
- प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी कार्य।
- अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग।
- आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग।

- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण।
- सामुदायिक प्रहरी।
- प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन।
- प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन।
- प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख र समन्वय।
- गुनासो र विवाद व्यवस्थापन।
- सङ्घीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन।
- फौजदारी कार्यविधि कानुनको कार्यान्वयन।
- अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति।
- निवारक नजरबन्द र स्थान हद सम्बन्धी।
- अन्तरप्रदेश सम्बन्ध।
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान।
- स्थानीय प्रशासनको सन्चालन, व्यवस्थापन र समन्वय।
- पारिवारिक मामिला (विवाह, सम्पति हस्तान्तरण, सम्बन्ध विच्छेद, अभिभावकविहीन बालबालिका, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
- विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- उपाधि, सम्मान तथा विभुषणको सिफारिस।
- प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन।
- प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना।
- सत्यनिरूपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी।
- प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण।
- प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन।
- प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन।
- प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन।
- प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाईन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन।
- साइवर सुरक्षा अनुगमन।
- छापा सञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन।
- प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण।
- श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम् पारिश्रमिक अनुगमन।
- प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी।


- केबुल वितरणको इजाजत, नवीकरण र नियमन।
- सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन।
- चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन।
- प्रदेश सरकार अन्तर्गत रहेका सरकारी सवारी साधनको अभिलेख, नियन्त्रण, संरक्षण, व्यवस्थापन र समन्वय गर्ने।
- अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनी स्पष्ट रूपमा नतोकिएको कार्य।

तालिका १५- आ.व. २०७९/०८० र २०८०/०८१ को अर्धवार्षिक अवधिको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण (रू. हजारमा)

| बजेट शीर्षक | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च रकम | खर्च प्रतिशत | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
| चालु | २५२४८३ | ४४५०६ | १७.६३ | २७२५२१ | ६६२९५ | २४.३३ |
| पुँजीगत | ४४४१० | ११८९ | २.६८ | ७१५०० | ५००० | ६.९९ |
| **जम्मा** | **२९६८९३** | **४५६९५** | **१५.३९** | **३४४०२१** | **७१२९५** | **२०.७२** |

**स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चित्र १२- आ.व.२०७९/०८० र २०८०/०८१ को खर्चको अर्धवार्षिक अवधिको तुलनात्मक विवरण (रू. हजारमा)




**स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

**(क) समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरु**

- कर्मचारी पारिश्रमिक भुक्तानी, कार्यालय सञ्चालन, राजपत्र सम्पादन तथा छपाइ, कम्प्युटर उपकरण खरिद।
- विपद्, घरेलु हिंसा नियन्त्रण, साइबर अपराध सचेतना, मर्यादित यातायात सम्बन्धी अभिमुखीकरण, दिवस समारोह आयोजना, अनुगमन मुल्याङ्कन, बैठक, समन्वय।
- जिल्ला विपद् व्यवस्थापन कोषमा रकम थप, जाजरकोट भुकम्प पीडितलाई राहत सामग्री वितरण।
- प्रिफ्याव भवन लागत अनुमान तयारी।
- सङ्घ सरकारको सहमतिमा नेपाल प्रहरीका कार्यालयहरु निर्माणका लागि बजेट हस्तान्तरण।
- द्वन्द्वपीडित घाइते उपचारका लागि प्रदेश अस्पतालमा रकम हस्तान्तरण।

**(ख) बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरू**

- मन्त्रालय परिसरमा प्रिफ्याव भवन निर्माण।
- सङ्घ सरकारको सहमतिमा नेपाल प्रहरीका कार्यालयहरु निर्माणका लागि बजेट हस्तान्तरण भएकोमा सोको कार्यान्वयन गराउने।
- शिक्षाका लागि डिजिटल पूर्वाधार र विपद् व्यवस्थापन सूचना सम्बन्धी डिजिटल डिस्प्ले निर्माण।
- विपद सम्बन्धी पोर्टल तथा एप्लिकेसन निर्माण।
- डिजिटल कर्णालीको गूरुयोजना **(Masterplan)** निर्माण।
- प्रदेश सरकारका वेवसाइट तथा एप्लिकेसन सुरक्षा जोखिम परीक्षण।
- डिजिटल तथ्याङ्क सङ्कलन सूचना प्रणाली निर्माण।
- विज्ञापन अनुगमन सूचना प्रणाली निर्माण।
- विपद्को कारण क्षतिग्रस्त घरहरुको लघुबिमा कार्यक्रम।
- प्रदेश मन्त्रालय र स्थानीय तहका प्रवक्ता, सूचना अधिकारीबिच अन्तरक्रिया कार्यक्रम।
- प्रदेशसुरक्षा गोष्ठी कार्यक्रम।
- जेलमा रहेका बन्दीलाई मनोसामाजिक परामर्श कार्यक्रम।
- प्राकृतिक प्रकोप एवम् विपत् सम्बन्धी सेमुलेसन अभ्यास।
- विपद् उद्दार सामग्री खरिद तथा वितरण।
- प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र व्यवस्थापन।
- विपद्सँग सम्बन्धित पूर्वसूचना प्रणाली व्यवस्थापन कार्यक्रम।
- प्रादेशिक पत्रकारिता पुरस्कार वितरण।

**(ग) बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या/चुनौतीहरू**

- वार्षिक कार्यक्रम निर्माण गर्दा कार्यान्वयनको तरिका तथा पद्धति स्पष्ट नहुनु।
- स्वीकृत कार्यक्रम अनुसारको जनशक्तिको अभाव।
- कार्यक्रम कार्यान्वयन निर्देशिकाको अभाव।

**(घ) तत्काल गर्नुपर्ने सुधारका क्षेत्रहरू**

- सङ्घ सरकार तथा प्रदेश मन्त्रिपरिषदको निर्णयबाट बाधा फुकाउने विषयहरुलाई तत्काल पत्राचार गर्ने।
- बोलपत्र आह्वान गर्नुपर्ने कार्यक्रमको समय निश्चित गरी आर्थिक वर्षको अन्तमा खर्च गर्ने प्रणालीको अन्त्य गर्ने।

- मन्त्रालयमा दरबन्दी अनुसार जनशक्ति व्यवस्थापन गर्ने।

**(ङ) बजेट तथा कार्यक्रम कार्यान्वयन समयमै गर्ने उपायहरू**

- कार्ययोजना (**Milestone**) अनुसारको कार्य अघि वढाउने।
- दरबन्दी अनुसारको जनशक्ति पदपुर्ति गर्ने।
- मन्त्रालयको कार्यक्षेत्र अनुसार मात्र वार्षिक बजेट विनियोजन गर्ने।

## ३.१० भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

### १. पृष्ठभूमि

नेपालको संविधान लागू हुनुपूर्व भौतिक पूर्वाधार, यातायात तथा सहरी विकास मन्त्रालय र सो अन्तर्गतका संरचनाहरूबाट सम्पादन हुँदै आएका कार्यक्रमहरू संविधान लागू भएपछि सङ्घ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुनुपर्ने संवैधानिक व्यवस्था अनुसार प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, योजना तर्जुमा, प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन, प्रदेशभित्र उपयुक्त भवन प्रविधिको विकास, प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, प्रदेशको यातायात व्यवस्थापन सम्बन्धी नीति, कानुन मापदण्ड, योजनाको तर्जुमा तथा कार्यान्वयन, प्रदेशभित्रको सवारी दर्ता, नवीकरण, चालक अनुमति, सार्वजनिक यातायातको रुट अनुमति, वातावरणमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री यातायात प्रणालीको प्रवर्द्धन यस मन्त्रालय अन्तर्गत रहेको छ। सङ्घ र प्रदेशको साझा अधिकारको सूची, सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची, कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधित २०७९ समेत) मा उल्लिखित कार्यहरू यस मन्त्रालयको कार्य जिम्मेवारीमा राखिएको छ। उक्त नियमावली अनुसार प्रदेशस्तरको प्रदेश लोकमार्ग तथा यातायात, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, सहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मत-संभार लगायतका विषयको आवश्यक नीति, कानुन, गुरुयोजना, योजना निर्माण, मापदण्ड तयारी, सवारी दर्ता, नवीकरण, बाटो इजाजत, सवारी चालक अनुमति पत्र तथा समग्र प्रदेशको यातायात व्यवस्थापन जस्ता कार्य यस मन्त्रालयको कार्यजिम्मेवारी तोकिएको छ। यिनै भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत-सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्ग निर्देशनको कार्य यस मन्त्रालयबाट सम्पादन हुँदै आएका छन्।

### २. दीर्घकालीन सोच

- सडक पूर्वाधार र यातायातको विकास मार्फत् प्रदेशमा रहेका बस्तीमा पहुँच अभिवृद्धि गरी आर्थिक समृद्धि हासिल गर्ने।
- प्रतिस्पर्धी, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री यातायात प्रणालीको विकास र व्यवस्थित सहरीकरण मार्फत दिगो आर्थिक सामाजिक समृद्धि हासिल गर्ने।
- सुरक्षित र सुविधायुक्त एकीकृत आवास तथा बस्ती विकास मार्फत दिगो विकास गर्ने।

### ३. ध्येय

- वातावरणमैत्री, कम खर्चिलो, सुरक्षित र दिगो सडक पूर्वाधारको विकास एवम् विस्तार, भरपर्दो यातायात व्यवस्था र सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरी आर्थिक क्रियाकलाप विस्तार गर्ने।
- सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार गरी कनेक्टिभिटी वृद्धि गर्ने।
- सङ्घ र प्रदेश, प्रदेश-प्रदेश, प्रदेश र स्थानीय तहबिचको सडक पूर्वाधार विकासको माध्यमद्वारा पहुँच स्थापना र अभिवृद्धि मार्फत् सेवा प्रवाहको गुणस्तर कायम गरी व्यापारिक सम्बन्ध विस्तार गर्ने।
- सडक पूर्वाधारको उचित मर्मत-सम्भार र संरक्षण गरी सहज सवारी आवागमनको सुनिश्चितता गर्ने।
- यातायात सेवालाई प्रतिस्पर्धी, सर्वसुलभ, भरपर्दो, सुरक्षित र अनुशासित बनाई आवागमन र ढुवानीलाई सहज बनाउने।
- विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिक रूपमा गतिशील, स्वच्छ, सफा र व्यवस्थित सहर निर्माण गर्ने।

- सहरको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा विस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र सहरी पूर्वाधार सुशासनको संस्थागत विकास गर्ने।
- सबै वर्गका जनताको निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, आधारभूत सुविधा सम्पन्न आवास निर्माण गर्ने।
- भवन निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ सुलभ र किफायती भवनहरूको निर्माण गर्ने।
- एकीकृत सरकारी भवन डिजाईन, निर्माण, प्रयोग तथा मर्मत-सम्भार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानुनी संरचनाको सुधार गर्ने।

## ४. रणनीतिक उद्देश्यहरू

- प्रदेश राजधानीबाट स्थानीय तहका केन्द्रहरू, स्थानीय तहका केन्द्रबाट वडा केन्द्र र बस्तीसम्म साविक सडक सञ्जालको स्तरोन्नति र नयाँ सडकको निर्माण तथा विस्तार गरी कृषि, उद्योग तथा व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य र अन्य सरकारी तथा गैर सरकारी क्षेत्रबाट उपलब्ध हुने सेवामा पहुँच अभिवृद्धि गर्ने।
- सडक पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित बाह्रै महिना सञ्चालन र भरपर्दो यातायात सुविधा विस्तार गर्ने।
- आयोजनाको मर्मत-सम्भार, पुनर्स्थापना तथा सेवास्तर अभिवृद्धि गरि दिगो सेवा उपलब्ध गराउने। संस्थागत सुदृढीकरण र प्रक्रियागत सरलीकरण गर्दै यातायात क्षेत्रमा सुशासन कायम गर्ने।
- दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा जोड दिने। सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित गर्ने। विद्यमान सहरको वातावरणीय सुधारका लागि सामाजिक, भौतिक र आर्थिक पूर्वाधारको व्यवस्था गर्ने।
- सुरक्षित र सुविधा सम्पन्न आवास निर्माण गर्ने गरी एकीकृत बस्ती विकास मार्फत् भौगोलिक रूपमा विकट र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीहरूलाई निरुत्साहित गर्ने।

## ५. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधन समेत) बमोजिम मन्त्रालयले सम्पादन गर्नु पर्ने कार्यहरू देहाय अनुसार रहेका छन्ः

- प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन।
- प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण।
- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन।
- वातावरणमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन।
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन।
- रज्जुमार्ग, जलमार्ग, लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन।
- प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन।


- प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्ग निर्देशन।
- प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन।
- प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन।
- प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण।
- सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन।

तालिका १६- आ.व. २०७९/०८० र २०८०/०८१ को अर्धवार्षिक अवधिको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शीर्षक | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च रकम | खर्च प्रतिशत | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
| चालु | २५१४५८ | ७८००७ | ३१.०२ | २७८७१८ | ९१९४७ | ३२.९९ |
| पुँजीगत | १०६६९५०० | ८८०६६० | ८.२५ | ९८३५५४३ | ७०३३६५ | ७.१५ |
| **जम्मा** | **१०९२०९५८** | **९५८६६७** | **८.७८** | **१०११४२६१** | **७९५३१२** | **७.८६** |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चित्र १३- आ.व.२०७९/०८० र २०८०/०८१ को खर्चको अर्धवार्षिक अवधिको तुलनात्मक विवरण (रु.हजारमा)




**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

तालिका १७- राजस्व सङ्कलनको लक्ष्य र प्राप्तिको अवस्था

| क्र.सं. | कार्यालय | अर्ध वार्षिक अवधिसम्म राजस्व सङ्कलनको अवस्था (रु. हजारमा) | | परिवर्तन (प्रतिशतमा) |
|---|---|---|---|---|
| | | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | |
| १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | - | ६ | |
| २ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन इकाई, सुर्खेत | | ६७१.११ | |
| ३ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना, आयोजना व्यवस्थापन इकाई, सुर्खेत | | ९ | |
| ४ | पूर्वाधार विकास निर्देशनालय, सुर्खेत | ३३९.१२ | २७७२७.७४ | |
| ५ | पूर्वाधार विकास कार्यालय, दैलेख | ३५१६ | ६६२ | -८१.१७ |
| ६ | पूर्वाधर विकास कार्यालय, जुम्ला | ५७० | ३२१ | -४३.६५ |
| ७ | पूर्वाधार विकास कार्यालय, सल्यान | २६५३ | ७३५.३१ | -७२.२८ |
| ८ | पूर्वाधार विकास कार्यालय, रुकुम पश्चिम | ८९७ | ८०३.६ | -१०.४१ |
| ९ | पूर्वाधार विकास कार्यालय, जाजरकोट | ३०९ | २३१३.८५ | |
| १० | पूर्वाधार विकास कार्यालय, कालिकोट | १२४ | १९० | ५३.२३ |
| ११ | पूर्वाधार विकास कार्यालय, मुगु | १५० | ६०३ | ३०२.०० |
| १२ | पूर्वाधार विकास कार्यालय, हुम्ला | १२२४ | २३ | -९८.१२ |
| १३ | पूर्वाधार विकास कार्यालय, डोल्पा | १४० | ४३२ | २०८.५७ |
| १४ | सडक कार्यालय, रुकुम पश्चिम | ० | ० | |
| १५ | सडक कार्यालय, जुम्ला | ० | ० | |
| १६ | यातायात व्यवस्था कार्यालय, सुर्खेत | १०७३३१ | १३८२८० | २८.८४ |
| १७ | यातायात व्यवस्था सेवा कार्यालय, जुम्ला | ६२१६ | ९७६६ | ५७.१२ |
| १८ | यातायात व्यवस्था सेवा कार्यालय, रुकुम पश्चिम | ० | १५३०० | |
| **जम्मा** | | १२३४६८ | १९७८४४ | ६०.२४ |

**स्रोत:** भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, कर्णाली प्रदेश।

**(क) यस अवधिसम्म सम्पादन भएका मुख्य कार्यहरू**

- सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा सञ्चालनको लागि ट्रायल सेन्टर निर्माण कार्य भइरहेको।
- चालु आ.व. २०८०/०८१ को ६ महिनासम्म ३१ वटा जनता आवास निर्माण कार्य सम्पन्न भएको।
- मन्त्रालयहरुको एकीकृत भवन निर्माण गर्न जग्गा प्राप्तिको लागि सङ्घीय सरकारसँग पहल भइरहेको।
- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण कार्य तीव्र रूपमा अगाडि बढेको।

- विभिन्न जिल्लामा विपद्का कारण क्षति भएका सडकहरूको तत्काल मर्मत गरी यातायात सेवा सुचारु गर्ने कार्य गरिएको।
- कर्णाली प्रदेशमा झोलुङ्गे पुल सम्बन्धी नीतिगत व्यवस्था नभएको सन्दर्भमा यसको योजना, छनोट तथा निर्माण कार्यमा एकरुपता तथा सहजता ल्याउने उद्देश्यले झोलुङ्गेपुल रणनीतिको प्रारम्भिक मस्यौदा तयार गरिएको।
- कर्णाली प्रदेश लोकमार्ग ऐन तथा यातायात ऐन तयार भई प्रदेश सभामा पेश गर्न तयारी भएको।
- एउटा सडकको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिका लागि सिफारिस गरिएको, चारवटा सडकको प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति गरिएको। साथै २ वटा सडकहरूको संक्षिप्त प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको कार्यसूची स्वीकृत गरिएको।
- एशियाली विकास बैङ्क **(ADB)** को सहयोगमा सञ्चालित ग्रामीण सडक सञ्जाल आयोजना **(RCIP)** कार्यान्वयनका लागि **Project Agreement Document** मा हस्ताक्षर भई सुर्खेत, जाजरकोट र रुकुम पश्चिममा ३ वटा आयोजनाहरुको बोलपत्र आह्वान भई सम्झौताको चरणमा रहेको।
- विश्व बैङ्कको सहयोगमा सञ्चालित प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना **(PLRIP)** अन्तर्गतका दैलेख र हुम्लामा २ वटा आयोजनाहरुको ठेक्का आह्वानको पुर्व तयारीको कार्य अन्तिम चरणमा पुगेको।

तालिका १८- समीक्षा अवधिमा भएको पूर्वाधार निर्माणको विवरण

| विवरण | आ.व. २०७९/०८० को पहिलो छ महिना | आ.व. २०८०/०८१ को पहिलो छ महिना | कैफियत |
|---|---|---|---|
| १.सडक निर्माण तर्फ | | | |
| क. कालोपत्रे (कि.मि) | ७.३९ | ३.१९ | |
| ख. ग्राभेल/खण्डस्मिथ (कि.मि.) | ५४.६ | ३०.६० | |
| ग. माटे/नयाँ ट्र्याक (कि.मि.) | २६०.५८ | १०२.९४ | |
| घ. अन्य स्तरोन्नति नाला आदि (कि.मि.) | | ९.९५ | |
| २. पुल निर्माण (सङ्ख्या) | | | |
| क. झोलुङ्गे पुल निर्माण (सङ्ख्या) | १ | १६ | |
| ख. सडक पुल निर्माण (सङ्ख्या) | | ५ | |
| ३. सार्वजनिक भवन निर्माण (सङ्ख्या) | | ३ | |
| ४. जनता आवास (सङ्ख्या) | | ३१ | |

**स्रोत:** भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, कर्णाली प्रदेश।

### (ख) बजेट कार्यान्वयनमा देखिएका समस्याहरू

- दरबन्दी अनुसार कर्मचारी पदपूर्ति हुन नसक्नु, ६०% प्राविधिक जनशक्ति पदहरू रिक्त रहेको।
- सङ्घ, प्रदेश तथा स्थानीय तहबिच समन्वयको कमीले काममा दोहोरोपना हुने र कार्यान्वयन गर्न जटिलता उत्पन्न भएको।
- वास्तविक आवश्यकताका आधारमा आयोजना छनोट नहुने, टुक्रे आयोजनाका कारण कार्यान्वयनमा समस्या भएको जसले गर्दा आयोजनाहरू लामो समयसम्म क्रमागत रूपमा रहिरहने।

- स्पष्ट कार्यविधिको अभाव तथा अन्तरमन्त्रालय समन्वयको अभावले गर्दा बजेट कार्यान्वयनमा समस्या भएको छ, जस्तो राष्ट्रिय निकुञ्ज सम्बन्धी कार्यविधिमा भएको अफ्ठ्याराहरू।
- गुणस्तर परीक्षण प्रयोगशाला नहुँदा जोखिम मोलेर निर्माणाधीन आयोजनाहरूको मूल्याङ्कन गर्नुपर्ने अवस्था रहेको।
- बहुवर्षीय आयोजनाहरुमा स्रोत सुनिश्चितता गरेको आयोजना भन्दा नयाँ आयोजनाहरुमा रकम विनियोजन गर्ने प्रवृत्ति।
- योजना निर्माण प्रणाली वैज्ञानिक नभएकाले अत्यधिक टुक्रे आयोजनाका कारण काम गर्न तथा गुणस्तर नियन्त्रणमा समस्या।
- वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको प्रक्रिया पूरा नगरी खरिद प्रक्रियामा गएका आयोजनाहरूको कारण निर्माण कार्यमा व्यवधान हुनु। मन्त्रालयमा वातावरण सम्बन्धी विज्ञ कर्मचारीको अभावका कारण वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिमा ढिलाइ हुनु।
- प्रदेश सरकारबाट निर्माण भएका बाटोहरूको सङ्ख्या बर्सेनी बढ्दै गएको तर सोको तुलनामा मर्मत संभारमा प्रयाप्त बजेट विनियोजन नहुँदा र प्रदेशको आफ्नो मर्मत सम्भार कार्यालय तथा साधन नहुँदा बाढी पहिरोको कारण बाटो अबरुद्ध भएको खण्डमा तत्काल बाटो खुलाई यातायात सुचारु गर्न कठिनाइ भइरहेको।
- सहरी क्षेत्रमा खानेपानी, बिजुली, टेलिफोन लगायतका पोल तथा पाइपहरू स्थानान्तरण गर्न ढिलाइ हुँदा निर्माण कार्यमा समस्या भएको।
- आयोजनाको कार्यान्वयनमा जग्गा प्राप्ति तथा घरटहरा हटाउन नसक्दा विवादको सामना गर्नुपरेको, काममा ढिलाइ भएको।
- निर्माण व्यवसायीहरूले अत्यधिक घटेर ठेक्का कबोल गर्ने र कामको सम्झौता गर्ने तर काम चाहिँ नगर्ने प्रवृत्तिले गर्दा काममा प्रगति कम हुने, आयोजनाहरू रुग्ण हुँदै जाने।
- हुम्ला, मुगु, कालिकोट, डोल्पा लगायतका कतिपय जिल्लामा कडा चट्टान फोर्नको लागि ब्लास्टिङ गर्नुपर्ने तर यसका लागि विष्फोटक पदार्थ खरिद, ढुवानी, भण्डारण र प्रयोगमा हुने झन्झटिलो व्यवस्थाले कामको प्रगतिमा अत्यधिक असर पर्ने।
- वन क्षेत्रमा सडक निर्माण गर्दा वातावरणीय अध्ययन स्वीकृति गरी रुख कटान तथा जग्गा भोगाधिकार सङ्घीय सरकारबाट प्राप्त गर्न निकै अप्ठेरो तथा झन्झटिलो हुने भएकाले निर्माण कार्यमा ढिलाई हुने। निकुन्ज क्षेत्रमा परेको खण्डमा धेरै अप्ठेरो हुने।
- वेरुजुको मात्रा बढ्दै जानु र बेरुजु फछ्र्यौट गर्न सम्बन्धित कार्यालयले आबश्यक पहलकदमी नचाल्नु।

**(ग) तत्काल गर्नुपर्ने कार्यहरू**

- जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य।
- कार्यक्रम, कार्यप्रकृति, कार्यबोझ तथा भूगोल सुहाउँदो सङ्गठन संरचना निर्माण गर्न सङ्गठन व्यवस्थापन सम्बन्धी कार्य।
- न्यून बजेट भएका आयोजनाहरूमा पर्याप्त बजेट विनियोजन गरी समयमै सम्पन्न गर्ने।
- अन्तर मन्त्रालय समन्वय गर्नुपर्ने।
- बजेट व्यवस्थापन र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक काम गर्नुपर्ने।

**(घ) बजेट तथा कार्यक्रम कार्यान्वयन समयमै गर्ने उपायहरू**

- आयोजना बैङ्क बनाई सोही बमोजिम प्राथमिकता तथा आवश्यकताका आधारमा छनोट तथा कार्यान्वयन गर्नुपर्ने, बजेट तर्जुमा प्रकृया वस्तुनिष्ठ र वैज्ञानिक हुनुपर्ने।
- पूर्व तयारी भएका आयोजनाहरू मात्र छनोट गर्नुपर्ने।
- दरबन्दी अनुसार प्राविधिक कर्मचारी पदपूर्ति गर्नुपर्ने।
- आयोजना छनोट गर्दा Bottom Up Approach अवलम्बन गर्ने।
- सङ्घ, प्रदेश तथा विभिन्न कार्यगत मन्त्रालय बिच समन्वय गर्नुपर्ने ।
- Material Testing Lab स्थापना गर्नुपर्ने।

## ३.११ सामाजिक विकास मन्त्रालय

### १. पृष्ठभूमि

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णय अनुसार ७ वटा विषयगत कार्यक्षेत्र समेटने गरी स्थापना भएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय साविक जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतको भवनमा मिति २०७४/११/०२ गते स्थापना भई सञ्चालनमा रहेको छ। प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०७६/०५/०६ को निर्णयानुसार यस मन्त्रालय र अन्तर्गतका २६ वटा कार्यालयमा कुल जम्मा १ हजार ७० स्थायी दरवन्दी स्वीकृत भएको थियो। हाल यस मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय, मानव संसाधन विकास केन्द्र, प्रदेश अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १० जन/स्वास्थ्य सेवा कार्यालयहरू, ९ सामाजिक विकास कार्यालयहरू, ९ आयुर्वेदिक स्वास्थ्य केन्द्रहरू, प्रदेश संग्रहालय, मेहेलकुना अस्पताल र प्रदेश आयुर्वेद औषधालय गरी ३९ वटा कार्यालयहरू र कुल १ हजार १ सय ३६ स्वीकृत दरवन्दी रहेका छन्। मन्त्रालयमा प्रदेश सचिव (रा.प.प्रथम श्रेणी) को नेतृत्वमा ५ महाशाखा र १२ शाखाहरूमा गरी जम्मा ५२ स्थायी दरबन्दी रहेको छ।

### २. दीर्घकालीन सोच

- कर्णाली प्रदेशको स्वास्थ्य शिक्षा र मानव संसाधन विकासमा सुधार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा सशक्तिकरण गर्दै विशिष्ट सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गरी कर्णालीबासीको सामाजिक आर्थिक रूपान्तरण गर्ने।

### ३. दीर्घकालीन सोच

- कर्णालीबासीको स्वास्थ्य र पोषणको अवस्थालाई सुदृढ बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने।
- सभ्य र समृद्ध समाज निर्माणका लागि सबै तहका शिक्षामा पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्ने।
- समाजमा विद्यमान सबैखाले विभेदको अन्त्य गर्दै समतामूलक र समावेशी विकासको प्रत्याभूति गर्ने।
- उद्यमशील, सिपयुक्त, उत्पादनमूलक तथा स्वरोजगार उन्मुख मानव संसाधन विकासमा जोड दिने।
- स्वस्थ मानव जीवनको अपरिहार्य आवश्यकताका रूपमा खेलकुद विकासलाई जोड दिने।
- कर्णालीको विशिष्ट साँस्कृतिक सम्पदा र धरोहरको संरक्षण र संवर्द्धन गर्ने।

### ४. रणनैतिक उद्देश्यहरू

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुनेगरी पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन र स्वास्थ्य आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थापन गर्ने।
- विद्यमान पोषणको अवस्थामा सुधार ल्याउनको लागि समन्वयात्मक र सहकार्यात्मक कार्यहरू सञ्चालन गर्ने।
- आधारभूत तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गर्दै माध्यमिक तहसम्मको शिक्षालाई सिप युक्त, जीवनोपयोगी, रोजगार मूलक र उत्पादनमूलक बनाउने।
- उच्चशिक्षाको पहुँचलाई विस्तार गरी वैज्ञानिक, खोजमूलक, उद्यमशील र अनुसन्धानमूलक बनाउदै आत्मनिर्भर नागरिक तयार गर्ने।
- वालअधिकार, लैङ्गिक समानता, र सामाजिक समावेशीकरणलाई कर्णालीको सामाजिक विकासमा मूलप्रवाहीकरण गर्ने।

- विकासका विभिन्न आयामहरूमा अपाङ्गतामैत्री, वालमैत्री, ज्येष्ठ नागरिकमैत्री लैङ्गिकमैत्री रणनीति अवलम्वन गर्दै लोपोन्मुख, सीमान्तकृत तथा वन्चितिकणमा परेका जोखिमयुक्त वर्ग तथा समुदायको उत्थान गर्ने।
- युवालाई ज्ञान, सिप, प्रविधियुक्त, उद्यमशील र स्वाबलम्बी बनाउदै कर्णाली विकासको सम्वाहक शक्तिको रूपमा विकास गर्ने।
- कर्णालीको मानव संसाधन विकास ढाँचा विकास गर्दा भातृत्व, कर्णाली प्रदेशमा काम गर्ने र लगानी गर्ने लगाव  सबैका लागि खेलकुदको अभिप्राय बमोजिम खेलकुदको पूर्वाधार विकास, प्रतिस्पर्धी र व्यवसायिक खेलाडीहरू उत्पादन गर्दै प्रदेशको समग्र खेलकुद जगतको संस्थागत विकास गर्ने।
- कर्णालीमा अवस्थित भाषिक, साहित्यिक, साँस्कृतिक, पुरातात्विक वहुमूल्य सम्पदाहरूको संरक्षण र संबर्द्धन गर्ने।

## ५. कार्यक्षेत्र

- स्वास्थ्य तथा जनसङ्ख्या।
- शिक्षा तथा मानव संसाधन।
- महिला बालबालिका तथा समाज कल्याण।
- युवा तथा खेलकुद।
- भाषा धर्म तथा संस्कृति।
- पोषण खानेपानी तथा सरसफाइ।

प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्।

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्चशिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
- शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन।
- प्रदेशस्तरमा पुस्तकालय, सङ्ग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण।
- प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन।
- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवाशर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन।
- माध्यमिक तहको परीक्षा व्यवस्थापन।
- प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन।
- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन।

- स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन।
- प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन।
- राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन।
- राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्गहोम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन।
- खानेपानी, ध्वनी र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन।
- राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बिमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन।
- प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन।
- औषधि निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण।
- खोप र परिवार नियोजन।
- संवेदनशील औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन।
- प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह।
- प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन।
- सूर्ति, मदिरा र लागूपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन।
- स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवाप्रवाह, आपतकालीन अवस्थाका लागि औषधि तथा औषधिजन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन।
- सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम।
- राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन।
- स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन।
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेश स्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन।
- जनसङ्ख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय।
- महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार-पसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तरराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापन।
- महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान।
- लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण।


- बालबालिकाको हक हित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना।
- प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिला सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन।
- लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन।
- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य।
- विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्त्वका स्थल सम्बन्धी।
- भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तुकलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिकस्तरका दरवारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन।
- प्रदेशस्तरमा सङ्ग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन।
- प्रदेशस्तरका पुरातात्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, सङ्ग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एव संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन् तथा पुनर्निर्माण।
- धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन।
- संस्कृतिको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन।
- युवा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन।
- खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन।
- खेलकुद प्रशासन र सङ्घसंस्थाको समन्वय र नियमन।
- राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता।

तालिका १९- आ.व. २०७९/०८० र २०८०/०८१ को अर्धवार्षिक अवधिको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शीर्षक | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च रकम | खर्च प्रतिशत | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
| चालु | ३३३५३०६ | ७९३३०६ | २३.७९ | ३१७७१२६ | ९३३२९६ | २९.३८ |
| पुंजीगत | २५५९८३४ | ४८४३५५ | १८.९२ | २७६३५५९ | ४६०१५० | १६.६५ |
| **जम्मा** | **५८९५१४०** | **१२७७६६१** | **२१.६७** | **५९४०६८५** | **१३९३४४६** | **२३.४६** |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चित्र १४- आ.व. २०७९/०८० र २०८०/०८१ को खर्चको अर्धवार्षिक अवधिको तुलनात्मक विवरण (रु. हजारमा)




**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

**तालिका- २० प्रमुख स्वास्थ्य सूचकहरु**

| सूचक | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | २०८० पौषसम्म |
|---|---|---|---|
| कार्यरत स्वास्थ्यकर्मीको जम्मा सङ्ख्या (स्थानीय समेत) | २६०८ | २६६९ | २७३४ |
| पूर्णखोप प्राप्त गर्ने बालबालिका (प्रतिशतमा) | ८८.६ | ८३ | ८२ |
| कम तौल भएका २ वर्ष मूनिका बालबालिका (प्रतिशतमा) | ४.१ | ३.६ | २.७ |
| नवजात शिशु मृत्युसङ्ख्या | २ | ० | ६ |
| ५ वर्षमूनिको जम्मा मृत्यु सङ्ख्या | १० | ८ | १० |
| जम्मा मातृमृत्यु सङ्ख्या | १७ | १६ | ६ |
| परिवार नियोजन साधन प्रयोगदर (प्रतिशतमा) | १८.७ | १६.१ | १६.१ |
| ४ पटक गर्भ जाँच गराउने (प्रतिशतमा) | ७२.३ | ९८.३ | ८५ |
| ८ पटक गर्भ जाँच गराउने (प्रतिशतमा) | - | ३४.६ | ३१.४ |

| सूचक | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | २०८० पौषसम्म |
| --- | --- | --- | --- |
| सुत्केरी पश्चात प्रोटोकल अनुसार ३ पटक जाँच गराउने आमाको (प्रतिशतमा) | ५२.६ | ५७.३ | ६८.८ |
| संस्थागत प्रसुति (प्रतिशतमा) | ६९.८ | ८३.६ | ८३ |
| दक्ष प्रसुतिकर्मीबाट प्रसुति भएको (प्रतिशतमा) | ७०.१ | ७४.५ | ५३.४ |
| जम्मा क्षयरोगका बिरामी सङ्ख्या | १६५२ | १५७२ | ६८५ |
| नयाँ कुष्ठरोगका बिरामी सङ्ख्या | ६८ | ७३ | २८ |
| जम्मा एच.आइ.भि. संक्रमित सङ्ख्या | ७० | ५६ | ४४ |
| बहिरङ्ग स्वास्थ्य सेवा लिएका जनसङ्ख्या (प्रतिशतमा) | १०४.५ | ८४.७ | ७९.३ |
| अस्पतालमा आकस्मिक सेवा लिएको जनसङ्ख्या (प्रतिशतमा) | ३.४ | ५.१ | ६.२ |

**स्रोत:** सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।

**क. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरू**

- प्रदेशस्तरीय वार्षिक समिक्षा कार्यक्रम सम्पन्न।
- कर्णाली प्रदेश पूर्ण खोप प्रदेश घोषणा।
- नागरिक स्वास्थ्य परीक्षणको पाइलट परीक्षणको सफलता पश्चात सुर्खेत र रूकुम पश्चिममा निरन्तरता।
- विपन्न नागरिक उपचार सहायता कार्यक्रम यातायात रकम नियमित वितरण।
- भूकम्प प्रभावित जाजरकोट, रूकुमपश्चिम र सल्यानका स्थानीय तहहरूमा स्वास्थ्यकर्मी परिचालन, खानेपानी सर्भिलेन्स, सेन्ड्रोमिक सर्भिलेन्स, तथा RRT परिचालन र अनुगमन।
- डेङ्गि अन्तरगत लार्भा खोज र नस्ट अभियान।
- विद्यालय पोषण कार्यक्रम।
- पहिलो चरणको MSS सम्पन्न (डोल्पा बाहेक)
- भूकम्प प्रभावित जिल्लामा तत्काल Initial Rapid Assessment, उपचार सामग्री र जनशक्ति परिचान गरी आधारभुत स्वास्थ्य सेवा सुचारुका साथै सामग्री उपलब्धताको सुनिश्चितता।
- सर्भिलेन्सलाई निरन्तरता।
- प्रदेशमा रहेका साझेदार संस्थाहरुसँग नियमित बैठक बसी रणनीति तय गरी कार्यक्रम कार्यान्वयन(PHCT) तथा समन्वयात्मक रुपमा सामग्री तथा आवश्यक सहयोगको लागि समन्वय।
- मनोसामाजिक परामर्श र पुनःस्थापना सेवा सञ्चालन।
- स्वास्थ्य शिविर सञ्चालन तथा समन्वय।
- मुगुमा फैलिएको औलो रोग तथा मौषमी खोकीको महामारी नियन्त्रणको लागि समन्वय।
- Regular supply of medicines and vaccines in districts.

- Effective logistics management in earthquake response.
- Supply chain management guidelines drafted.
- Coordination with local level to ensure regular availavility of key commodities at local level too(including medicines listed in local level responsibility).
- Regular supply chain meetings.
- विपत्मा क्षति भएका बिद्यालयहरूको लागि भौतिक पूर्वाधार सहयोग(ससर्त)।
- विपत् व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम(ससर्त)।
- प्रदेश शिक्षा ऐन, कानुन, नीति, नियम कार्यविधि निर्देशिका निर्माण तथा प्रकाशन (ससर्त)।
- प्रदेशको EMIS अद्यावधिक सम्बन्धी कार्यशाला (शैक्षिक कार्यक्रम)।
- विभिन्न विश्वविद्यालयहरु, क्याम्पससँग सहकार्य गरी अध्ययनरत सोधकर्ताहरुद्वारा कर्णाली प्रदेश सरकारका शिक्षा लगायत अन्य सम्बन्धित कार्यक्रमहरुको प्रभाव सम्बन्धमा अनुसन्धान।
- कर्णाली प्रदेशका दश वटै जिल्लामा पुर्व सिकाइको मान्यता विधि (RPL) अनुसार सिप परिक्षण।
- युवा वैज्ञानिकहरुको प्रतिभा पहिचान कार्यक्रम।
- सार्वजनिक शिक्षा सुधार (उच्च शिक्षण संस्थाहरुसँग सहकार्य समेत)।
- वार्षिक शैक्षिक कार्यक्रम अनुगमन निरीक्षण।
- शैक्षिक पूर्वाधार निर्माण (सार्वजनिक शिक्षा सुधार)ः मा.वि. तहमा सुचना प्रविधिको जडान तथा व्यवस्थापन।
- शैक्षिक गुणस्तर सुधारका (लागि अगुवा विद्यालय सुधार)ः क्षमता वृद्धि, शैक्षिक सहयोग र भौतिक पूर्वाधार सुधार।
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, प्रदेश सरकारको भुमिका, निजी क्षेत्रको सहकार्य विषयक प्रदेश स्तरीय सरोकारवाला बीच कार्यशाला गोष्ठी।
- विपत् व्यवस्थापन कार्यक्रम।
- QUALITY र NVQS सँग सम्बन्धित कार्यक्रम कार्यान्वयनमा कर्मचारी अभाव भएतापनि कार्यक्रम अगाडि वढेको।
- प्रदेश खेलकुद परिषद् र जिल्ला खेलकुद परिषद्सँगको अन्तरक्रिया कार्यक्रम।
- खेल तथा खेलकुद कार्यक्रम सहयोग।
- युवा तथा खेलकुदसँग सम्बन्धित ऐन, कानुन, नियम, निर्देशिका, कार्यविधि, दिग्दर्शन तयारी।
- युवा सम्बद्ध संस्थाहरुसँगको सहकार्यमा प्रदेश युवा सम्मेलन (प्रदेश स्तर)।
- पर्यटन प्रवर्द्धन, भाषा, कला र संस्कृति नेतृत्व विकास तथा अन्य क्षेत्रको सम्वर्द्धनमा युवा प्रशिक्षण क्षमता अभिवृद्धि कार्यक्रम(दश जिल्ला)।
- नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम (सङ्घीय ससर्त)।
- युवा वैज्ञानिक सम्मेलन (सङ्घीय ससर्त)।
- प्रदेश नमुना युवा संसद अभ्यास (सङ्घीय ससर्त)।
- युवामैत्री स्थानीय तह विकास तथा प्रोत्साहन (सङ्घीय ससर्त)।
- खेल तथा खेलकुद सहयोग कार्यक्रम।
- दिवसीय कार्यक्रमहरु सञ्चालन।
- युवामैत्री स्थानीय तह विकास तथा प्रोत्साहन कार्यक्रम।
- महाशाखाको कार्यक्रम सञ्चालन दिग्दर्शन तयार भई कार्यान्वयनमा रहेको।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० प्रमाणीकरण।

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० प्रमाणीकरण।
- प्रदेश प्रमुख सामाजिक रुपान्तरण कार्यक्रम सञ्चालन कार्यविधिको सैद्धान्तिक सहमतिको प्रकृयामा।
- प्रदेश बाल अधिकार समिति गठन सञ्चालन तथा व्यबस्थापन कार्यविधिको सैद्धान्तिक सहमतिको प्रकृयामा।
- बालबिवाह अन्त्यका लागि रणनीतिक योजनाको मस्यौदा तयारी भएको।
- संरक्षण विषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण।
- कर्णाली प्रदेश संरक्षण विषयगत समूहलाई ८ घण्टा भित्रबाट नियमित बैठक मार्फत सक्रियता प्रदान।
- भूकम्प प्रभावित क्षेत्रका बालबालिकाको उद्धार, संरक्षण र सहयोग।
- बाल संरक्षण कार्यका लागि समन्वय सहयोग, सहजीकरण र अनुगमन गरिएको।
- मनोविमर्शकर्ता र श्रोतको नक्साङ्कन तथा परिचालन।
- जोखिममा परेका बालबालिकाहरुको तथ्याङ्क सङ्कलन र अध्यावधिक।
- बाल सुलभ केन्द्र स्थापना र सञ्चालन।
- महिला केन्द्र स्थापना र सञ्चालन।
- डिगनिटि किट व्यवस्थापन तथा वितरण।
- भूकम्प प्रभावित स्थानीय तहका संरक्षण क्षेत्रका कर्मचारीका लागि क्षमता विकास।
- जाजरकोट र रुकुम पश्चिम जिल्लाका ३ हजार ९ सय स्तनपान गराईरहेका आमाहरु र सुत्केरी आमाहरुलाई चिसोबाट बचाउनका लागि बल्याङ्केट सहयोग।
- दुवै अभिभावक र आमा वा बाबु मध्ये १ जना अविभावक गुमाएका ४७ जना बालबालिकालाई सहयोग।
- संरक्षण क्षेत्रको सूचना तथा सन्देशमुलक सामग्री तयार गरी सन्देश प्रवाह गरिएको।
- विपद्मा हुन सक्ने लैङ्गिक हिंसा, बालबालिका ओसारपसार, दुर्व्यवहार र शोषण कम गर्नका लागि सचेतना अभिवृद्धि।
- प्रारम्भिक मनोसामाजिक परामर्श सम्बन्धी शिक्षकहरुलाई तालिम।
- विद्यालय तथा समुदायमा प्रारम्भिक मनोसामाजिक परामर्श सम्बन्धी सचेतना अभियान।
- व्यवस्थापकीय कार्यका लागि ८ वटा समुह बनाई कार्य गरिएको।
- ३ W reporting तथा संरक्षण क्षेत्रको सङ्घीय क्लष्टरसँग समन्वय।
- भूकम्पमा संरक्षण विषयगत समितिको बैठक बसी उद्धार राहत वितरणमा सहयोग।
- बालबिवाह अन्त्यका लागि रणनीतिक योजनाको मस्यौदामा जिल्ला तथा प्रदेशस्तरीय सुझाव सङ्कलन कार्यशाला गोष्ठी।
- लैङ्गिक हिंसा बिरुद्ध २९ बुँदे घोषणा कार्यान्वयनका लागि गोष्ठी तथा कार्ययोजना तयारी।
- बालिका तथा समावेशी शिक्षाका लागि स्थानीय तहका जनप्रतिनिधि, शिक्षा प्रमुख तथा सरोकारवालाका लागि पालिकास्तरीय समिति गठनका लागि अभिमुखीकरण कार्यक्रम।
- सामाजिक सुरक्षा बिषयक प्रदेशस्तरीय कार्यशाला।,
- भूकम्प प्रभावित क्षेत्रका बालकल्याण अधिकारीका लागि सूचना व्यवस्थापन।

**ख. चालु आ.व. को बाँकी अवधिमा सम्पादन गर्नुपर्ने कार्यहरू**

- शैक्षिक पूर्वाधार विकास।
- अस्पतालहरूको पूर्वाधार निर्माण।
- प्रदेश रङ्गशालाको निर्माण।

- टेलिमेडिसिन, ई-हेल्थ, सिप नक्साङ्कन कार्यक्रम सञ्चालन।
- सुत्केरी पोषण कार्यक्रमको व्यवस्थापन।
- औषधि एवम् चिकित्सा सामग्रीहरू खरिद गरी जिल्ला एवम् स्थानीय तहहरूसम्म पुऱ्याउने।
- माध्यमिक शिक्षा परीक्षा सञ्चालन, समन्वय, अनुगमन सुपरीवेक्षण।
- राष्ट्रिय व्यवसायिक योग्यता प्रणाली कार्यक्रम कार्यान्वयन।
- विपन्न नागरिक स्वास्थ्य बिमा तथा उपचार सहयोग कार्यक्रम सञ्चालन।
- आगामी आ.व. २०८१/०८२ को नीति, बजेट तथा कार्यक्रम तयारी।

## ग. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौतीहरू

- पूर्ण खोपको सुनिश्चितता तथा दिगोपन।
- विभिन्न सरूवा रोगहरूको प्रकोप नियत्रण र व्यवस्थापन।
- अस्पतालहरुमा नसर्ने रोगहरूको उपचार तथा व्यवस्थापन।
- रूग्ण निर्माणाधीन स्वास्थ्य संरचनाहरू।
- हुम्ला, जुम्ला, मुगु, कालिकोट र डोल्पा जिल्लामा गर्भवती तथा २ वर्ष मुनिका बालबालिकाहरुलाई कुपोषणको न्यूनिकरणको लागि पौष्टिक आहार निरन्तरता।
- अस्पतालहरूमा विशेषज्ञ सेवाको अभाव।
- अस्पतालमा पुनर्स्थापन सेवाको निरन्तरता।
- अस्पतालमा **EHR/EMR** पूर्णरुपमा सञ्चालनमा कठिनाई।
- टेलिमेडिसिनको सेवा सञ्चालन र निरन्तरता (निर्देशिका संशोधनमा रहेको, अन्यौलको स्थिति)।
- औषधी तथा औषधीजन्य सामग्रीहरुको भण्डारणका लागि पर्याप्त ठाउँको अभाव।
- पहाडी जिल्लाहरूमा औषधी तथा औषधीजन्य सामग्रीहरुको ढुवानीको लागि सहज यातायातको व्यवसथा नभएको।
- प्रदेशमा स्वास्थ्यजन्य सामग्रीहरुको आपूर्तिको लागि स्वास्थ्य आपूर्ति श्रृंखलामा सम्बन्धी निर्देशिका तयार भएको तर स्वीकृति हुन नसकेकोले माग बमोजिम समयमै औषधी तथा औषधीजन्य सामग्रीहरुको आपूर्तिमा कठिनाई भएको।
- जिल्लास्थित अस्पतालहरुबाट उपकरणहरुको उच्च माग रहेको।
- बजेट तथा कार्यक्रममा दोहोरोपना।
- स्थानीय तह र जिल्लाहरूबिच समन्वयको अभावले स्थानीयस्तरमा कार्यक्रमगत औषधी तथा औषधीजन्य सामग्रीहरुको अधिकतम तथा न्यून मौज्दात रहेको।
- म्याद सकिएको औषधी र खोपहरूको विसर्जन व्यवस्थापनमा समस्या भएको।

## घ. तत्काल गर्नुपर्ने सुधारका क्षेत्रहरू

- मापदण्ड अनुसार सङ्गठन तथा व्यवस्थापनको पुनरावलोकन।
- कार्यविधि तयारी, राय सहमति तथा स्वीकृतिमा छिटो छरितोपना ल्याउनुपर्ने।
- कार्यक्षेत्र, कार्यभार एवम् मापदण्ड अनुसारको स्रोत साधनको व्यवस्थापन।
- प्रभावकारी अनुगमन, सुपरीवेक्षण, समन्वय।
- तथ्य र आवश्यकतामा आधारित कार्यान्वयनयोग्य कार्ययोजना।
- प्रकृयामुखी निर्णय प्रकृयालाई नतिजामुखी छिटोछरितो बनाउनुपर्ने।

- बढ्दो रकमान्तर र थप बजेटको मागलाई निरुत्साहित गर्नुपर्ने।
- बजेट तथा कार्यक्रमको कार्यान्वयनमा ढिलाई गर्ने, अवरोध ल्याउन खोज्ने प्रवृत्तिलाई निरुत्साहन।

**ङ. बजेट तथा कार्यक्रम कार्यान्वयन समयमै गर्ने उपायहरू**

- प्रकृयामुखी भन्दा काममुखी सोचको विकास, निर्णयमा छिटोछरितोपना ल्याउनुपर्ने।
- उत्प्रेरणा र दण्डको व्यवस्था गर्नुपर्ने।
- प्रभावकारी अनुगमन, सुपरीवेक्षण एवम् निगरानी।
- समयमै कार्यविधि, दिग्दर्शनको तयारी गर्नुपर्ने।
- जिम्मेवारी सहितको मासिक कार्ययोजना, कार्यान्वयन र सोको समीक्षा।
- बाह्य निकायका कार्यक्रममा सहभागितालाई निरुत्साहन, आफ्नो कार्यक्रम कार्यान्वयनमा प्राथमिकता।
- सवै सरोकारवालाहरूको प्रतिबद्धता, उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्नुपर्ने।

## ३.१२ कर्णाली प्रदेश योजना आयोग

### १. पृष्ठभूमि

प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेशस्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरूको अनुगमन एवम् मूल्याङ्कन गरी प्राप्त सूचनाहरूको अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रूपमा कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम प्रदेश योजना आयोगको गठन भएको हो। प्रदेश योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ६ मा आयोगको काम, कर्तव्य र अधिकारहरू उल्लेख गरिएका छन्।

### २. दीर्घकालीन सोच

- कर्णाली प्रदेशको उच्च आर्थिक वृद्धि, आधारभूत भौतिक सुविधा, सबैलाई सम्मानजनक रोजगारी सहित सुरक्षित र स्वच्छ वातावरणमा बसोबास गर्ने सुखी कर्णालीबासीको प्रदेश बनाउने दीर्घकालीन सोच रहेको छ।

### ३. ध्येय

- प्रदेश सरकारको योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि विज्ञ समूहको रूपमा प्रदेश सरकारलाई नीतिगत सल्लाह र सहजीकरण गर्ने।

### ४. उद्देश्य

- दिगो विकासका लक्ष्यहरु हासिल गर्ने।
- प्रदेश मन्त्रालयहरूसँग समन्वय गरी प्रभावकारी ढङ्गले कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने।
- प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने।
- तहगत समन्वयका लागि सहजीकरण गर्ने।
- अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी कार्य गर्ने।
- लगानीका लागि वातावरण तयार गर्न सहजीकरण गर्ने।
- प्रदेशको समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमामा सहजीकरण गर्ने।
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तयार गर्न सहजीकरण गर्ने।
- आयोजना बैङ्क तयार गर्ने।
- प्रादेशिक स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्रविधिक र वातावरणीय विश्लेषणका लागि मापदण्ड तयार गर्न सहजीकरण गर्ने।
- प्रादेशिक योजनाको अध्यावधिक विवरण खुल्ने स्थिति पत्र तयार गर्ने।
- योजनाको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने।

### ५. कार्यक्षेत्र

- दीर्घकालीन सोच तथ्यपरक नीति तथा योजना तर्जुमा सम्बन्धी कार्य।


➢ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य।
➢ तहगत समन्वय सम्बन्धी कार्य।
➢ अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी कार्य।
➢ लगानीका क्षेत्रहरू पहिचान गरी, लगानीको वातावरण तयार गर्न प्रदेश सरकारलाई सल्लाह सुझाव दिने।

तालिका २१- आ.व. २०७९/०८० र २०८०/०८१ को अर्धवार्षिक अवधिको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शीर्षक | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च रकम | खर्च प्रतिशत | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
| चालु | ३५७७० | ४२५२ | ११.८९ | ३९९९७ | ६९७० | १७.४३ |
| पुँजीगत | ६९५ | ६ | ०.८६ | १००० | २२७ | २२.७० |
| **जम्मा** | **३६४६५** | **४२५८** | **११.६८** | **४०९९७** | **७१९७** | **१७.५५** |

**स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

चित्र १५- आ.व.२०७९/०८० र २०८०/०८१ को खर्चको अर्धवार्षिक अवधिको तुलनात्मक विवरण (रु.हजारमा)




**स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

### (क) समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरू

➢ बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सल्यान, रुकुम पश्चिम, जाजरकोट, दैलेख र जुम्ला जिल्लाका विभिन्न स्थानीय तहका ५ वटा वडामा रु. ३ लाखका दरले जम्मा रु. १५ लाख अनुदान निकासा दिइएको।

- पोषणमैत्री वडा घोषणाका लागि सल्यान जिल्लाको कालिमाटी गा.पा. वडा नं ५, रुकुम पश्चिमको सानीभेरी गा.पा. वडा नं ९, जाजरकोट जिल्लाको बारेकोट गा.पा. वडा नं १, दैलेख जिल्लाको महाबु गा.पा. वडा नं २ र जुम्ला जिल्लाको गुठिचौर गा.पा. वडा नं ५ समेत जम्मा ५ वटा वडामा पोषणमैत्री वडा घोषणाका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको।
- लगानी सम्मेलन पूर्व तयारीका लागि निर्णय तथा अन्य कार्यहरु भइरहेको।
- कर्णाली प्रदेशको पार्श्वचित्र अद्यावधिक गर्नका लागि संस्थागत समन्वय तथा तथ्याङ्क सङ्कलन कार्य भइरहेको।
- विभिन्न विषयगत मन्त्रालयबाट कार्यक्रम संशोधन/रकमान्तरको सिफारिस सम्बन्धी कार्यहरु।
- बहुवर्षीय ठेक्का स्वीकृति सम्बन्धी कार्यहरु।

**(ख) बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरू**

- कर्णाली प्रदेश विकास परिषद्को गोष्ठी सञ्चालन।
- कर्णाली प्रदेश विकास परिषद् गोष्ठी सञ्चालन तथा अन्य गोष्ठी सञ्चालन।
- योजना तर्जुमा, समन्वय, कार्यक्रम अनुगमन तथा मूल्याङ्कन र सहजीकरण।
- निर्देशिका, मापदण्ड, मार्गदर्शन निर्माण तथा परिमार्जन।
- आयोजना बैङ्कमा आयोजना प्रविष्टि अध्यावधिक सम्बन्धी कार्य।

**(ग) बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या/चुनौतीहरू**

- दरबन्दी अनुसार दक्ष जनशक्तिको पदपूर्ति हुन नसकेको।
- अन्तर निकायगत समन्वय र सहकार्य प्रभावकारी नभएको।

**(घ) सुधार गर्नुपर्ने क्षेत्रहरू**

- दरबन्दी अनुसार दक्ष जनशक्तिको पदपूर्ति।
- कार्यप्रति पदाधिकारीको प्रतिवद्धता।
- आवश्यक निर्णयहरु उपयुक्त समयमा गर्नुपर्ने।
- अन्तर निकायगत समन्वय र साझेदारी।

# परिच्छेद-चार

# बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

सीमित साधन स्रोतको अधिकतम परिचालन मार्फत समग्र प्रदेशको आर्थिक विकासको लागि योजनाबद्ध रूपमा कार्यक्रमहरू छनोट तथा बजेट विनियोजन मार्फत समग्र वित्तीय अनुशासन कायम गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयले सुधारका विभिन्न प्रयासहरू जारी राखेको छ।

नेपालको संविधानले निर्दिष्ट गरेको सहकार्य, सहअस्तित्व र समन्वयको मूल मर्मलाई आत्मसाथ गर्दै यस मन्त्रालयले प्रदेशको क्षेत्राधिकार भित्रको बजेट प्रणाली तथा सार्वजनिक वित्तसँग सम्बन्धित क्षेत्रमा कार्य गरिरहेको छ। यसका लागि प्रदेशको आर्थिक कार्यप्रणालीसँग सम्बन्धित नीति/नियमहरूको तर्जुमा तथा कार्यान्वयन, यससँग सम्बन्धित विद्युतीय प्रणालीको प्रयोग तथा सुधार गरी सक्षम सार्वजनिक वित्त व्यवस्थापनका लागि कार्यहरू भइरहेका छन्।

प्रदेशले सञ्चालन गर्ने बहुवर्षीय प्रकृतिका आयोजना/कार्यक्रममा स्रोतको सुनिश्चितता मार्फत कार्यक्रम/आयोजनाहरूको प्रभावकारिता अभिवृद्धि गरी व्यवस्थित गर्ने उद्देश्यका साथ प्रदेशको बहुवर्षीय आयोजना सम्बन्धित मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। सोको पहिलो संशोधन गरी समयानुकूल बनाइएको छ।साथै बजेट तर्जुमा, छलफल, कार्यक्रम संशोधन/रकमान्तर लगायत मन्त्रालयको बजेट, योजना तथा कार्यक्रम महाशाखा सम्बन्धित कार्यलाई सुव्यवस्थित बनाउन बजेट तर्जुमा दिग्दर्शन कार्यान्वयनमा ल्याएको छ। यसैगरी प्रदेशको आर्थिक कार्यप्रणालीलाई समयानुकूल बनाउन तथा विद्यमान ऐन/नियमलाई सङ्घीय ऐन/नियम अनुकुल हुने गरी तयार गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको मस्यौदा मन्त्रिपरिषद्बाट स्वीकृत भई प्रदेश सभामा पेश गर्ने वातावरण तयार भएको छ। वित्तीय हस्तान्तरण अन्तर्गत प्रदेशबाट प्रदेशभित्रका स्थानीय तहमा हस्तान्तरण हुने ससर्त अनुदानलाई व्यवस्थित गर्न तथा आन्तरिक आय कम भएका स्थानीय तहलाई विकास कार्यक्रममा बढी सहभागी गराउन प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधिको तयारीको लागि समिति गठन भई कार्यविधिको मस्यौदा तयार भएको छ।

वित्तीय हस्तान्तरण अन्तर्गतका समपूरक तथा विशेष अनुदान प्रस्ताव तथा छनोट प्रक्रियालाई प्रणालीकृत गरी थप व्यवस्थित गर्न राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा समपूरक तथा विशेष अनुदान माग सम्बन्धी अनलाईन प्रणाली कार्यान्वयनमा ल्याईएको छ।

सीमित साधन स्रोतबाट अधिकतम जनअपेक्षा तथा आयोजना/कार्यक्रमको व्यवस्थापन गर्नुपर्ने आजको आवश्यकतालाई मध्यनजर गर्दै यस चुनौती व्यवस्थापनको लागि पूर्वतयारी नभएका आयोजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन नगर्ने परपाटीको विकासका लागि कार्य थालनी भएको छ। यसका लागि राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा आयोजना बैङ्कको प्रणाली प्रदेशमा सञ्चालन गर्ने तयारी सुरू भएको छ। यसका साथै आय तथा व्ययको प्रक्षेपणलाई प्रणालीगत गरी आयोजना तथा कार्यक्रमलाई मध्यमकालीन संरचना भित्र राख्न मध्यमकालीन खर्च संरचनाको प्रणाली समेत प्रदेशगत रूपमा सञ्चालन गर्न राष्ट्रिय योजना आयोगसँग सहकार्य गरिएको छ। यस्ता प्रयासहरूबाट सार्वजनिक वित्त व्यवस्थापनमा सुधार भई प्रदेशले सञ्चालन गर्ने समग्र आर्थिक क्रियाकलाहरू पारदर्शी, व्यवस्थित भई वित्तीय सुशासन अभिवृद्धि हुँदै जाने कुरामा विश्वस्त हुन सकिन्छ।

## ४.१ वित्तीय सङ्घीयता कार्यान्वयन र वित्तीय हस्तान्तरण

१. नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, कर्णाली प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५, कर्णाली प्रदेश विनियोजन ऐन, २०८० लगायत वित्तीय हस्तान्तरणसँग सम्बन्धी विभिन्न कानुन तथा कार्यविधिहरूको आधारमा वित्तीय हस्तान्तरण तोकिएको समयमा भएको छ।

२. वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहमा हस्तान्तरण हुने बजेट तथा कार्यक्रमका सम्बन्धमा समपूरक तथा विशेष अनुदानको कार्यविधि समसामयिक बनाउन चौथो संशोधन गरिएको छ।

३. वित्तीय हस्तान्तरण अन्तर्गतका बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि सम्पूर्ण स्थानीय तहहरूलाई मार्गदर्शन प्रदान गरिएको छ।

४. वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको रकमको एक चौथाईले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रदेश लेखा नियन्त्रक र प्रदेश लेखा इकाई कार्यालयले भदौ ७ गते, कार्तिक ७ गते, माघ ७ गते र वैशाख ७ गते गरी चार किस्तामा दाखिला गर्ने कानुनी व्यवस्था रहेको छ।

५. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक ५ गते, माघ ५ गते, बैशाख ५ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २५ गते भित्र पेश गर्ने व्यवस्था गरिएको छ।

६. स्थानीय तहले ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँ/नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान श्रावण मसान्तभित्र प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरिएको छ।

७. वित्तीय हस्तान्तरण अन्तर्गतका ससर्त, समपूरक तथा विशेष अनुदानका स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक वर्ष भित्र खर्च नभई बचत भएको रकम सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने हुन्छ। यसरी बचत रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्ने व्यवस्था गरिएको छ।

८. प्रदेशका मन्त्रालय र विभिन्न निकायहरूमा वित्तीय स्रोतको उपयोगमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गरी वित्तीय अनुशासन कायम गर्ने उद्देश्य वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा रहेको छ।

९. प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदनका लागि नेपाल सरकारको समन्वयमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System-PLMBIS) प्रयोग गरिएको छ। प्रदेशस्तरीय बजेट सूचना प्रणालीलाई परिमार्जन गरी Web-Based बनाई प्रयोगकर्तामैत्री बनाइएको छ।

## ४.२ आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने अख्तियारी तथा मार्गदर्शन

### (क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट

१. आर्थिक वर्ष २०८०/०८१ को प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System - PLMBIS) मा समावेश भएको बजेट तथा कार्यक्रम बमोजिम निकासा लिने र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२. बहुवर्षीय, क्रमागत, स्रोत सुनिश्चितता भएका र निकायको आन्तरिक संरचना निर्माण तथा सुधार बाहेक सडक र भवन तर्फ रु ३० लाख भन्दा कम र अन्य निर्माण तर्फ रु १५ लाख भन्दा कम विनियोजन भएका आयोजनाहरूलाई व्यवस्थापन गर्नुपर्ने भएकाले अर्को निर्देशन प्राप्त नभए सम्मका लागि नयाँ आयोजनाहरु समेत रोक्का गरिएको छ।

३. वार्षिक विकास कार्यक्रममा एकमुष्ट रुपमा विनियोजित रकम बाँडफाँट गर्दा क्रियाकलाप सहित कार्यक्रमको विवरण र त्रैमासिक विभाजन प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट गरी असोज मसान्तभित्र स्वीकृतिका लागि कर्णाली प्रदेश योजना आयोगको सिफारिस सहित यस मन्त्रालयमा पठाउनु हुनेछ।

४. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट दोस्रो चौमासिक सम्म खर्च नभई बाँकी रहेको र चालु आर्थिक वर्षमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम वि.सं. २०८० चैत्र १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नु हुनेछ।

५. स्वीकृत कार्यक्रम/आयोजनामा स्वीकृत बजेट सीमा भन्दा बढी आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्नु हुने छैन। प्रदेश सरकारलाई थप आर्थिक दायित्व सिर्जना हुने काम गर्नु पर्ने भएमा यस मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्नु हुनेछ।

६. स्वीकृत कार्यक्रम/आयोजना सञ्चालनको लागि विनियोजित रकम र स्वीकृत बहुवर्षीय स्रोत सुनिश्चितताको सीमा भित्र रही खरिद प्रक्रिया सुरुवात गर्नु हुनेछ। विनियोजित रकम नभएको तथा यस मन्त्रालयबाट स्रोत सुनिश्चितता वा बहुवर्षीय स्वीकृति नभई खरिद प्रक्रिया गरे/गराएमा त्यसको दायित्व लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिले वहन गर्नुपर्नेछ।

७. बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको कार्ययोजना बनाई सम्वत् २०८० श्रावण १५ गतेभित्र स्वीकृत गराई सोही कार्ययोजना बमोजिम कार्य सम्पादन गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

८. आर्थिक वर्ष २०८०/०८१ को लागि प्रस्ताव गरिएका नयाँ आयोजना कार्यान्वयनको लागि प्रारम्भिक चरणको कार्यहरू (वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्तिको सूचना प्रकाशन, जनशक्ति व्यवस्थापन, बोलपत्र कागजातको तयारी, निर्देशिका, कार्यविधि तर्जुमा/संशोधन/परिमार्जन लगायतका कार्य) यथाशीघ्र सम्पन्न गरी खरिद प्रक्रिया अगाडि बढाउनु हुनेछ।

९. स्वीकृत कार्यक्रम/आयोजना कार्यान्वयनका लागि वार्षिक खरिद योजना, विस्तृत डिजाइन तथा लागत अनुमान, बोलपत्र मूल्याङ्कन र स्वीकृति सम्मका कार्य यथाशीघ्र सम्पन्न गर्नु पर्नेछ। यसरी ठेक्का सम्झौता गर्दा निर्माण व्यवसायीको कार्यसम्पादन, सम्पन्न गरेको कामको गुणस्तर, कार्यबोझ र तोकिएको समयमा प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१०. बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले विषयगत मन्त्रालयमार्फत् यस मन्त्रालयको स्वीकृति लिने व्यवस्था मिलाउनु हुनेछ।

११. स्वीकृत वार्षिक कार्यक्रम अनुसार विनियोजित बजेट कुनै कार्यक्रममा खर्च नहुने तथा कुनै कार्यक्रममा न्यून हुने देखिएमा अधिकार प्राप्त अधिकारीबाट सोको आवश्यकता र औचित्यता पुष्टि हुने प्रमाण सहित कर्णाली प्रदेश योजना आयोगको सिफारिसमा यस मन्त्रालयबाट स्वीकृत गराउनुपर्नेछ। तर नयाँ आयोजना तथा क्रियाकलाप थप हुने गरी कार्यक्रम संशोधन पेश गर्नु हुने छैन।

१२. बजेट कार्यान्वयन गर्दा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System - PLMBIS) बाट क्रियाकलाप, इकाइ, रकम, आयोजनाको नाम र स्थान निश्चित गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नु हुनेछ। एकमुष्ट बजेट राखिएको, थपघट भएको, एकाइ फरक परेको, कार्यक्रम दोहोरो परेको वा ठेगाना लगायतका विवरण गलत प्रविष्टि भएको भए क्रियाकलाप संशोधन गराई कार्यान्वयन गर्नु हुनेछ।

**(ख) <u>बजेट निकासा तथा बजेट कार्यान्वयन सम्बन्धी व्यवस्था</u>**

१३. विभिन्न किसिमका कोष, अनुदान, सहायता, मागमा आधारित कार्यक्रम आदिमा विनियोजन भएको रकम कर्णाली प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ बमोजिम आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। अनुदान सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा नेपाल सरकार र सम्बन्धित स्थानीय तहको कार्यक्रममा दोहोरो नपर्ने गरी रकम खर्च गर्नु हुनेछ।

१४. खर्च शीर्षक नं. २८९११ (भईपरी आउने चालु खर्च) र ३१५११ (भईपरी आउने पुँजीगत खर्च) मा विनियोजित बजेट कर्णाली प्रदेश योजना आयोगको सिफारिसमा यस मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१५. सार्वजनिक खरिद गर्दा सम्झौतामा तोकिए बमोजिम काम भए नभएको नियमित अनुगमन तथा मूल्याङ्कन गरी अर्को आर्थिक वर्षमा दायित्व नसर्ने गरी सम्बन्धित आर्थिक वर्ष भित्रै भुक्तानीको व्यवस्था मिलाउनु हुनेछ।

१६. प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रम र आयोजनामा जनप्रतिनिधि, निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी उपभोक्ता समितिमा रहन नपाउने व्यवस्था मिलाउनु हुनेछ। रु. १५ लाख भन्दा बढी लागत अनुमान भएका आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्दा वडा कार्यालयको सिफारिसमा विधान सहित स्थानीय तहमा उपभोक्ता समिति दर्ता गरी स्थायी लेखा नम्बर अनिवार्य रुपमा लिने व्यवस्था मिलाउनु हुनेछ।

१७. उपभोक्ता समितिबाट सञ्चालन हुने विकास कार्यक्रमलाई श्रम केन्द्रित (labour intensive) बनाई रोजगारी सिर्जनामा सहयोग पुग्ने गरी त्यस्ता आयोजनामा मेशिन/उपकरणको प्रयोग नगर्ने व्यवस्था मिलाउनु हुनेछ। श्रममा आधारित यस्ता कार्यक्रमको रकम श्रमिकको बैङ्क खाता मार्फत् भुक्तानी हुने व्यवस्था गर्नु हुनेछ।

१८. कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ मा उल्लिखित शर्त र प्रक्रिया पूरा नभएका आयोजनाहरूको लागि बहुवर्षीय आयोजनाको रुपमा स्रोत सुनिश्चितताको सिफारिस गर्नु हुने छैन। साथै स्रोत सुनिश्चितता र बहुवर्षीय ठेक्का सहमति माग गर्दा चालु आर्थिक वर्षमा विनियोजित बजेटको चार गुणा भन्दा बढी रकम तथा तीन वर्ष भन्दा बढी अवधिको स्रोत सहमति माग गर्नुहुने छैन।

१९. प्रदेश गौरवका आयोजना बाहेक अन्यका हकमा स्रोत सहमतिको अवधि बढीमा ३ वर्षको रहने र स्रोत सहमति प्रदान गरेको मितिले छ महिनाभित्र ठेक्का सम्झौता नभएमा सहमति स्वतः रद्द हुने र यस अघि सहमति दिइएका मध्ये छ महिना पूरा भइ हालसम्म बोलपत्र आह्वान नभएका तथा यस वर्षको बजेटमा विनियोजन प्रस्ताव नगरिएका आयोजनाहरूको स्रोत सुनिश्चितता सहमति खारेज गरिएको छ।

२०. प्रदेश भित्रका आयोजना कार्यान्वयनका लागि कार्त्तिक महिनाभित्र ठेक्का व्यवस्थापन मिलाउनु हुनेछ। सो समयावधिमा ठेक्का प्रक्रिया अगाडि नबढेको कार्यक्रममा विनियोजित रकम यस मन्त्रालयले रोक्का गर्न सक्नेछ।

२१. कर्णाली प्रदेश विनियोजन ऐन, २०८० को दफा ६ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तह मार्फत् कार्यान्वयन गर्नुपर्ने भएमा अख्तियारीको रुपमा शर्त सहित कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२२. सङ्घीय सरकारबाट तोकिएकोमा बाहेक सङ्घीय ससर्त, समपूरक र विशेष अनुदानको रुपमा प्रदेश सरकारलाई प्राप्त कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहमा अख्तियारी दिनु हुने छैन।

२३. नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानमा सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न कुनै द्विविधा भएमा यस मन्त्रालय र सङ्घीय सरकारको सम्बन्धित मन्त्रालयसँग समन्वय गर्नु हुनेछ।

२४. कर्णाली प्रदेश सरकारबाट निजी तथा सामुदायिक उद्योग, कम्पनी, सङ्घ-संस्था तथा सहकारीलाई प्रदान गर्ने अनुदानलाई नतिजामुखी र उत्पादनमूलक बनाई प्रभावकारी बनाउन अनुदान सम्बन्धी छुट्टै ऐन तर्जुमा पश्चात कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**(ग) <u>बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन</u>**

२५. बजेट तथा कार्यक्रमको बाँडफाँट र खर्च गर्दा प्रचलित कानुन र एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन सहित) अनुसार गर्नु हुनेछ।

२६. यस आर्थिक वर्षको असोज महिनासम्म एवम् असार महिनामा रकमान्तर तथा कार्यक्रम संशोधन नगरिने भएकोले उक्त अवधिमा रकमान्तर तथा कार्यक्रम संशोधन प्रस्ताव गर्नु हुने छैन।

२७. पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न सकिने छैन। कुनै कार्यक्रम वा आयोजना कार्यान्वयनमा रहेको अवस्थामा विनियोजित रकम खर्च नहुने स्पष्ट कारण र पुष्ट्याई बेगर अन्य आयोजनामा रकमान्तरको लागि प्रस्ताव गर्नु हुने छैन। विनियोजन ऐन २०८० को दफा ८ को उपदफा (३) बमोजिम एकमुष्ट रुपमा विनियोजन भएको रकम एक पटक बाँडफाँट गरेपछि पुनः रकमान्तर वा कार्यक्रम संशोधन प्रस्ताव गर्नु हुने छैन।

२८. स्वीकृत आयोजना तथा कार्यक्रमको लागि विनियोजित बजेटको ठेक्का वा अन्य प्रक्रियाबाट खरिद कार्य गर्दा बजेट भन्दा कम लागतमा ठेक्का सम्झौता वा उपभोक्ता समितिसँग सम्झौता भएका कारणले बचत हुने रकम सोही आयोजनाको अर्को ठेक्का तथा अन्य नयाँ कार्यक्रम वा आयोजनाका लागि खर्च गर्न नपाउने व्यवस्था मिलाई वित्तीय अनुशासन पालना गर्नु हुनेछ।

२९. कर्णाली प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ बमोजिम उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनामा रकम थप गरी रकमान्तर तथा कार्यक्रम संशोधन प्रस्ताव गर्नुहुने छैन।

३०. पदाधिकारी र कर्मचारीको पारिश्रमिक, भत्ता तथा सुविधा लगायत उपभोग खर्च (पोशाक, खाद्यान्न, पानी तथा विजुली, सञ्चार महसुल र घरभाडा) मा आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु हुनेछ।

३१. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नुहुनेछ। सेवा करारको खर्च लेख्दा खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नु हुनेछ।

३२. पारिश्रमिक भुक्तानी गर्दा स्थायी लेखा नम्बर **(PAN)** अनिवार्य गर्नुहुनेछ। आयकर ऐनको व्यवस्था अनुसार भुक्तानीमा अग्रिम कर कट्टी गरी समयमा नै कर दाखिलाको व्यवस्था मिलाउनुका साथै कार्यालयले अनिवार्य रुपमा **e-TDS** गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३३. सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदान मार्फत् सञ्चालन हुने कार्यक्रमको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा आवधिक रुपमा प्राप्त हुने हुँदा तहाँ मन्त्रालय र मातहतका निकाय समेतको खर्चको विवरण मासिक रुपमा र भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन त्रैमासिक रुपमा प्रदेश लेखा इकाई कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पठाउनु हुनेछ।

३४. सार्वजनिक निर्माण, वस्तु तथा मालसामान खरिद, परामर्श सेवा वा अन्य सेवा खरिद र तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ एवम् कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ र कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ मा भएका व्यवस्थाको परिपालन गर्नु हुनेछ।

३५. प्रदेश सरकारबाट स्वीकृत मापदण्ड बमोजिम लोक कल्याणकारी विज्ञापन मार्फत् एकद्वार प्रणालीमार्फत आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट सबै प्रकारका विज्ञापन र सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाउनु हुनेछ। स्वीकृत वार्षिक कार्यक्रमभित्र रहेका आवश्यकता र औचित्यता पुष्टि हुने गरी विज्ञापन गर्नु हुनेछ। आर्थिक वर्षको अन्त्यमा वर्षभरी भएका विज्ञापन र सूचनाको अभिलेख सार्वजनिक गर्नुहुनेछ।

३६. उपलब्ध जनशक्तिको अधिकतम् उपयोग गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। विशेषज्ञ सेवा मार्फत कार्य गराउँदा स्पष्ट कार्य विवरण र अवधि समेत खुलाई बजेट एकिन गरेर मात्र परामर्श सेवा लिनु हुनेछ। बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ।

३७. नयाँ स्थापना हुने कार्यालय बाहेक साविकको कार्यालयका लागि थप कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचर तथा फिक्चर्स खरिद गर्दा पुरानो तथा उपयोग विहीन सामग्रीको अनिवार्य लिलाम गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३८. आफू र मातहतका निकायमा जीर्ण अवस्थामा रहेका सवारी साधनहरू यो आर्थिक वर्षभित्र लिलाम गरी लगत कट्टा गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै अन्य प्रदेशमा दर्ता भई यस प्रदेशमा प्रयोगमा रहेका सरकारी सवारी साधन अनिवार्य रुपमा यसै प्रदेशको यातायात व्यवस्था कार्यालयमा दर्ता गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३९. कार्यालयका लागि सवारी साधन खरिद गर्दा मितव्ययिताको सिद्धान्तलाई ध्यानमा राखी सवारी साधन खरिद गर्ने र चारपाङ्ग्रे सवारी साधन खरिद गर्नुपूर्व आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति लिई कर्णाली प्रदेश सरकारबाट गठन गरिएको समितिको सिफारिसमा सार्वजनिक खरिद ऐन, नियमावली तथा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिकामा भएका व्यवस्था अनुसार खरिद गर्नुहुनेछ।

४०. कार्यालयको लागि आवश्यक पर्ने वस्तु तथा सेवाको खरिद तथा आपूर्ति, भण्डारण र वितरणलाई पारदर्शी, मितव्ययी र अनुमानयोग्य बनाउनु हुनेछ। सङ्घीय सरकार तथा प्रदेशले कार्यान्वयनमा ल्याएका सफ्टवेयर प्रणाली बाहेक अन्य कुनै प्रणाली तथा सफ्टवेयर खरिद गर्नु परेमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सहमति लिनु हुनेछ।

४१. सरकारी कार्यालयहरूले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवन उपयोग गर्न प्राथमिकता दिनुपर्नेछ। खाली भवन उपलब्ध हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम् आवश्यकता र सुविधा भएको घर बहालमा लिने व्यवस्था मिलाउनु हुनेछ।

**(घ) <u>वित्तीय पारदर्शीता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था</u>**

४२. प्रदेश सरकारलाई दीर्घकालीन रुपमा आर्थिक भार पर्ने गरी कुनै पनि सङ्घ, संस्था, समिति, परिषद् तथा अन्य संरचना स्थापना नगर्ने व्यवस्था मिलाउनु हुनेछ।

४३. कर्णाली प्रदेशमा उपलब्ध बिरुवा, बिऊ बिजन, भौतिक संरचना निर्माणमा प्रयोग हुने सामग्री र कोसेली तथा उपहारमा प्रदेशमै उत्पादित मालसामानको अनिवार्य रुपमा प्रयोगको व्यवस्था मिलाई खरिद व्यवस्थापन गर्नु हुनेछ।

४४. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी प्रचलित कानुनी व्यवस्था अनुसार सरकारी निकायले स्वदेशी वस्तुहरूको मूल्य प्रचलित बजार मूल्यभन्दा १५ प्रतिशतसम्म बढी भए पनि अनिवार्य खरिद गर्नुपर्ने व्यवस्थाको पालना गराउनु हुनेछ।

४५. आर्थिक क्रियाकलाप र विकास निर्माणका कार्यक्रम सञ्चालनका क्रममा अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षण, सार्वजनिक लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षणको माध्यमबाट प्रचलित कानुनी व्यवस्था एवम् कार्यविधि पालना गर्ने तथा तोकिएको समयमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४६. चालु तथा पुँजीगत शीर्षकमा विनियोजित बजेट खर्च गर्दा मितव्ययी तवरले दक्ष र प्रभावकारी ढङ्गले गर्नु गराउनु हुनेछ। सञ्चालन खर्च शीर्षकमा थप रकम निकासा नगरिने हुँदा विनियोजित बजेटबाटै खर्च व्यवस्थापन गर्नु हुनेछ।

४७. मन्त्रालय, सचिवालय, आयोग लगायत सरकारी कार्यालयहरू र अनुदान जाने निकायहरूको आम्दानी खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४८. सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण स्थलमा सो कामसँग सम्बन्धित आयोजनाको विवरण (आयोजनाको नाम, लागत, कार्य सुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अङ्क, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित उपलब्धि आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्ने स्थानमा होर्डिङ्ग बोर्ड राखी सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४९. सरकारी खर्चको दायित्व एकिन गर्नको लागि लेखा अभिलेख राख्ने व्यवस्था गर्नुका साथै यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५०. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गर्दा कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ बमोजिम हुने गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या, कारण र सम्भावित उपायहरू उल्लेख गरी यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

५१. कार्यक्रम/आयोजनाको सञ्चालनमा आएका समस्या समाधानको लागि नियमित रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक आयोजना गर्नु हुनेछ। मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा छलफल भई समाधान हुन नसकेका समस्या प्रदेशस्तरीय विकास समस्या समाधान समितिमा पठाई छलफल गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५२. प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर (PAN) लिनुपर्ने व्यक्ति, फर्म वा संस्थालाई रु. पाँचहजार भन्दा बढी भुक्तानी गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर उल्लेख गरी भुक्तानी गर्ने र त्यसको जानकारी भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु हुनेछ।

५३. तलब भत्ता लगायतका सबै कारोबार बैङ्किङ प्रणाली मार्फत् मात्र गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५४. उपभोक्ता समिति/लाभग्राही समुहबाट सञ्चालन हुने विकास कार्यक्रम, लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रम र अनुदान/सहायता/प्रोत्साहन/साझेदारीबाट हुने कार्यको अनुगमन प्रतिवेदन प्राप्त भए पछि मात्र सो समेतको आधारमा भुक्तानी हुने व्यवस्था अनिवार्य रुपमा मिलाउनु हुनेछ।

५५. वार्षिक कार्यक्रम अनुसार अनुदान/सहायता/प्रोत्साहन/साझेदारीमा कार्यक्रम सञ्चालन हुने निकायको हकमा सम्बन्धित मन्त्रालयले लाभग्राही (व्यक्ति, संस्था, समूह, फर्म, सहकारी, आदि) खुल्ने जिल्लागत विवरणको प्रमाणित अभिलेख राख्नु हुनेछ। यस्तो अभिलेख वेवसाइट मार्फत सार्वजनिक गर्नुहुनेछ र लेखापरीक्षणका बखत परीक्षण गराउनु हुनेछ।

५६. अनुदान/सहायता/प्रोत्साहन/साझेदारीमा सञ्चालन हुने कार्यक्रममा कुनै निश्चित लाभग्राही मात्र लाभान्वित हुने गरी नाम वा सीमित स्थान किटान गरी बिना प्रतिस्पर्धा निश्चित व्यक्ति, संस्था वा समूहका लागि लक्षित गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन। अनुदान सहायता दिँदा पटक-पटक एकै व्यक्ति समूह, सहकारी वा फर्मलाई दिने प्रवृत्तिलाई निरुत्साहन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५७. रु. ५ करोड भन्दा बढी बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रमहरूको आर्थिक मामिला तथा योजना मन्त्रीस्तरीय मासिक प्रगति समीक्षा गरिने हुँदा सो अनुसार मासिक प्रगति विवरण पठाउने र समीक्षामा सहभागिता जनाउनु हुनेछ।

५८. कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कनको लेखाजोखा तथा खर्च प्रगतिका आधारमा मन्त्रालयहरूको आगामी आर्थिक वर्षको बजेट सीमा निर्धारण गरिने भएकोले सोको लागि आवश्यक व्यवस्था मिलाउनु हुनेछ।

५९. प्रदेश बेरूजु व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरी आफू र मातहत निकायको बेरुजु फछर्यौट कार्यलाई तदारुकता साथ सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६०. कार्यालय प्रमुख तथा आयोजना प्रमुखसँग श्रावण मसान्तभित्र वार्षिक कार्यसम्पादन करार गर्नुहुनेछ। आयोजना/कार्यालय प्रमुखको कार्य सम्पादन मूल्याङ्कनलाई आयोजना/कार्यालयको प्रगतिसँग आवद्ध गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६१. आफू र मातहतमा राम्रो कार्यसम्पादन भएका कर्मचारीलाई उचित सम्मान र प्रोत्साहन गर्नुहुनेछ। तोकिएको जिम्मेवारी पुरा नगर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्नु हुनेछ।

६२. आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रमसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको वेवसाइट moeap.karnali.gov.np बाट प्राप्त गर्न सकिनेछ।

## ४.३ समीक्षा अवधिमा गरिएका प्रयास

### ४.३.१ समपूरक र विशेष अनुदान सम्बन्धी प्रणाली

प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यक्रम तथा आयोजनाको प्रस्तावका लागि समपूरक तथा विशेष अनुदान सम्बन्धी प्रणाली

http://karnali.csgrants.gov.np/ अद्यावधिक गरी अनलाईन प्रणाली मार्फत कार्यक्रम तथा आयोजना प्रस्ताव गर्ने व्यवस्था कार्यान्वयनमा रहेको छ।

### ४.३.२ प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा सुधार

प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) लाई मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) समयानुकूल परिमार्जन गरी Web-based मा आधारित बनाई कार्यान्वयनमा ल्याइएको छ।

### ४.३.३ सार्वजनिक वित्त व्यवस्थापनमा गरिएका अन्य सुधारहरू

१. बहुवर्षीय प्रकृतिका आयोजना तथा कार्यक्रमहरूको बजेट सुनिश्चिततालाई व्यवस्थित गरी निर्दिष्ट समयमा नै आयोजना तथा कार्यक्रमहरू सम्पन्न गर्न बहुवर्षीय आयोजनाहरूको व्यवस्थापनको लागि निश्चित आधार तथा मापदण्डसहितको प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ कार्यान्वयनमा रहेको छ। सो मापदण्डलाई समयानुकूल परिमार्जन गरिएको छ।

२. बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यक्रम संशोधन, रकमान्तर, मूल्याङ्कन लगायतका बजेट, योजना तथा कार्यक्रम महाशाखासँग सम्बन्धित विभिन्न कार्यलाई थप व्यवस्थित गर्नका लागि प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका तर्जुमा गर्ने कार्यक्रम रहेको छ।

३. प्रदेशको आर्थिक कार्यप्रणालीमा समयानुकूल सुधार गर्न तथा सङ्घीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन अनुकूल हुनेगरी यस अवधिमा प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन तर्जुमा गरी स्वीकृतिको लागि प्रदेशसभामा पेश गर्न मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भएको छ।

# परिच्छेद-पाँच

# स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

## ५.१ स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण

चालु आर्थिक वर्ष २०८०/०८१ मा कर्णाली प्रदेशका स्थानीय तहलाई वित्तीय समानीकरण, ससर्त, विशेष र समपूरक अनुदान गरी कुल रू. ४ अर्ब ८० करोड ४ लाख ४० हजार वित्तीय हस्तान्तरण गर्ने अनुमान गरिएको छ। जुन प्रदेश सरकारको कुल विनियोजित बजेटको १४.३८ प्रतिशत हुन आउँछ। गत आर्थिक वर्षमा भने त्यस्तो अनुदान कुल विनियोजित बजेटको १२.३१ प्रतिशत रहेको थियो। प्रदेश सरकारबाट गत आर्थिक वर्षको अर्धवार्षिक अवधिमा भएको खर्च र चालु आ.व. को अर्धवार्षिक अवधिमा भएको खर्चको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २२- स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको तुलनात्मक विवरण (रु. हजारमा)

| अनुदानको प्रकार | विनियोजन | | पहिलो ६ महिनाको वित्तीय हस्तान्तरण | | विनियोजनको तुलनामा वित्तीय हस्तान्तरणको प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ |
| समानीकरण | ८००००० | ८००००० | ३०५८२२.६६ | ३५६६४९ | ३८.२३ | ४४.६० |
| ससर्त | २३९८६५५ | २८८२४४० | ४६२४०८.६४ | ६३७०२७.५ | १९.३५ | २२.१० |
| समपूरक | ५१२०४२ | ८४२५०० | ११०६२.१३ | १२४५८.६ | २.१६ | १.४८ |
| विशेष | ३०५०३२ | २७५५०० | १४१६९.४० | ४२६९.५७ | ४.६५ | १.५५ |
| **जम्मा** | **४०१५७२९** | **४८००४४०** | **७८०७१०.३७** | **१०१०४०५** | **१९.४८** | **२१.०५** |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

१. चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा वित्तीय समानीकरण अनुदान अन्तर्गत विनियोजित कुल रकमको ४४.६ प्रतिशत रकम हस्तान्तरण भएको छ। गत आ.व. को सोही अवधिमा विनियोजित कुल रकमको ३८.२३ प्रतिशत रकम हस्तान्तरण भएको थियो।

२. त्यस्तै आर्थिक वर्षको अर्धवार्षिक अवधिमा समपूरक अनुदान अन्तर्गत विनियोजित कुल रकमको १.४८ प्रतिशत रकम हस्तान्तरण भएको छ। गत आ.व. को सोही अवधिमा विनियोजित रकमको कुल २.१६ प्रतिशत रकम मात्र हस्तान्तरण भएको थियो।

३. ससर्त अनुदानको हकमा सम्बन्धित विषयगत मन्त्रालय/निकायहरूबाट प्रस्ताव भई आएका आयोजनाहरूमा विनियोजित कुल रकम रु. २ अर्ब ८८ करोड २४ लाख मध्ये २२.१० प्रतिशत रकम हस्तान्तरण भएको छ। गत आ.व. को सोही अवधिमा विनियोजित कुल रकमको १९.३५ प्रतिशत रकम हस्तान्तरण भएको थियो।

४. त्यस्तै आर्थिक वर्षको अर्धवार्षिक अवधिमा विशेष अनुदान अन्तर्गत विनियोजित कुल रकमको १.५५ प्रतिशत रकम हस्तान्तरण भएको छ भने गत आ.व. को सोही अवधिमा विनियोजित कुल रकमको कुल ४.६५ प्रतिशत रकम हस्तान्तरण भएको थियो।

५. समग्रमा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिसम्म वित्तीय हस्तान्तरण अन्तर्गत विनियोजित कुल रकमको २१.०५ प्रतिशत रकम हस्तान्तरण भएको छ। गत आ.व. को सोही अवधिमा विनियोजित कुल रकमको १९.४८ प्रतिशत रकम हस्तान्तरण भएको थियो।

## ५.२ आर्थिक वर्ष २०८०/०८१ को लागि प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन

### (क) अन्तर सरकारी वित्तीय हस्तान्तरण

१. वित्तीय समानीकरण अनुदान रकमको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयबाट स्थानीय सञ्चित कोषमा भाद्र ७ गते, कार्तिक ७ गते, माघ ७ गते र वैशाख ७ गतेभित्र चार किस्तामा निकासा हुनेछ।

२. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत खर्च भएको रकमको विवरण कार्तिक ५ गते, माघ ५ गते, वैशाख ५ गते र वार्षिक आर्थिक विवरण श्रावण २५ गते भित्र बुझाउनु पर्नेछ। त्यस्तो विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम स्थानीय सञ्चित कोषमा दाखिला गरिने छैन।

३. मुलुकमा विपद् वा अन्य कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व सङ्कलन नभएमा र सङ्घीय सरकारबाट हस्तान्तरण हुने रकममा न्यूनता आएमा वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम सङ्कलित राजस्वको अनुपातका आधारमा प्रदेश सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्नेछ।

४. ससर्त अनुदान रकमको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले स्थानीय सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र ७ गतेभित्र हस्तान्तरण गर्नेछ। यसरी हस्तान्तरण भएको ससर्त अनुदानको रकमको खर्च प्रगतिको आधारमा थप रकम हस्तान्तरण गरिनेछ।

५. ससर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यक्रम वा आयोजना कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमानको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान श्रावण मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

६. बुँदा नं. ५ बमोजिम पेश भएको कार्ययोजना अनुसार खर्च भएको रकमको विवरण सम्बन्धित स्थानीय तहले प्रत्येक आर्थिक वर्षको मंसिर १५ गते, चैत्र १५ गते, असार २५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

७. बुँदा नं. ६ बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बुँदा नं. ४ बमोजिम हस्तान्तरण भएको ससर्त अनुदानको रकम समायोजन गरी थप रकम सोधभर्ना निकासा दिनेछ।

८. बुदा नं. ६ बमोजिमको खर्चको विवरण प्राप्त नभएसम्म ससर्त अनुदान बापतको थप रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिला गरिने छैन।

९. समपूरक अनुदान र विशेष अनुदान सम्बन्धमा कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) र कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) को आधारमा हस्तान्तरित कार्यक्रम/आयोजना छनौट गरिएको र सोही बमोजिम अनुदान रकम उपलब्ध गराइने हुँदा सोको कार्यान्वयन गर्नु पर्नेछ।

१०. ससर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम कर्णाली प्रदेश विनियोजन ऐन, २०८० को दफा ५ को उपदफा (७) बमोजिम सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत् आगामी आर्थिक वर्षको श्रावण १५ गते भित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। अघिल्लो आर्थिक वर्षमा हस्तान्तरण भएको त्यस्तो अनुदान बापतको बचत रकम फिर्ता दाखिला नगर्ने स्थानीय तहलाई चालु आर्थिक वर्षमा हस्तान्तरण हुने अनुदान रकमबाट कट्टा गरी अनुदान रकम पठाइनेछ।

११. वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँटको रकम मूलतः स्वास्थ्य, सुरक्षा, कृषि, आर्थिक पुनरुत्थान, जोखिममा रहेको वर्ग तथा समुदायको हित र त्यसपछि क्रमशः नागरिकका अन्य मौलिक हक कार्यान्वयनलाई प्राथमिकतामा राखी विनियोजन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१२. वित्तीय हस्तान्तरणको उपयोग नेपालको संविधान, दिगो विकास लक्ष्य, नेपालको पन्ध्रौं योजना र कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका क्षेत्र र मार्गदर्शन बमोजिम गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**(ख) <u>राजस्व बाँडफाँट सम्बन्धी व्यवस्था</u>**

१३. स्थानीय तहले उठाएको राजस्व, बाँडफाँटबाट प्राप्त राजस्व र हस्तान्तरण भएको अनुदान रकम कानुन बनाई खर्च गर्नु पर्नेछ।

१४. घर जग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर र मनोरञ्जन करबाट सङ्कलन हुने राजस्व रकम साठी प्रतिशत सम्बन्धित गाउँपालिका वा नगरपालिका र चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१५. प्रदेश सरकारबाट सङ्कलन हुने सवारी साधन कर बापतको राजस्व रकमको चालीस प्रतिशतले हुन आउने रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट निर्धारण गरे बमोजिम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिनेछ।

१६. ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलनबाट उठेको शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले आफ्नो सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी नियमित रुपमा सो को प्रतिवेदन गर्नु पर्नेछ।

(ग) **<u>आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था</u>**

१७. कर्णाली प्रदेश विनियोजन ऐन, २०८० को दफा ६(१) बमोजिम प्रदेश सरकारको कुनै निकायमा विनियोजन भएको कार्यक्रम वा आयोजनाको कार्यान्वयन स्थानीय तह मार्फत गराउँदा शर्त सहित पठाएकोमा उक्त शर्तको स्थानीय तहले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

१८. कुनै स्थानीय तहको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कार्यक्रम वा आयोजना प्रदेश सरकार मातहतको निकाय मार्फत् कार्यान्वयन गराउनु पर्ने भएमा विषयगत मन्त्रालय र यस मन्त्रालयको स्वीकृतिमा सम्बन्धित कार्यालय मार्फत् कार्यान्वयन गराउन सकिनेछ।

१९. स्थानीय तहमा हस्तान्तरण भएका ससर्त, समपूरक र विशेष अनुदान तर्फका कार्यक्रमको संशोधन गर्नु पर्ने भएमा सोको स्पष्ट कारण र पुष्ट्याई सहित कायम हुने आयोजनाको लागत अनुमान र सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय समेत पेश गर्नु पर्नेछ। साथै एक पटक संशोधन भएका आयोजना तथा कार्यक्रम पुनः संशोधन गरिने छैन।

२०. आर्थिक वर्षको बीचमा अख्तियारीको रुपमा वा वित्तीय हस्तान्तरण मार्फत कार्यान्वयनका लागि पठाइएका आयोजना तथा कार्यक्रम संशोधन गरिने छैन।

२१. स्थानीय तहमा ससर्त अनुदान अन्तर्गतका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा स्पष्ट उपलब्धि र कार्ययोजना सहित थप रकम माग भई आएमा कार्यक्रम वा आयोजनाको प्रगति, उपयुक्तता र स्रोतको उपलब्धताको आधारमा प्रदेश सरकारले थप रकम उपलब्ध गराउन सक्नेछ। कर्णाली प्रदेश विनियोजन ऐन, २०८० को दफा ८ को उपदफा (९) बमोजिम उपभोक्ता समिति मार्फत आयोजनामा रकम थप गरिने छैन।

२२. ससर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि कुनै द्विविधा पर्न गएमा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित मन्त्रालयसँग समन्वय गर्नु हुनेछ।

२३. हस्तान्तरण भएका आयोजना वा कार्यक्रमको स्थान नखुलेको अवस्थामा सम्बन्धित स्थानीय तहले आवश्यकताको आधारमा स्थान छनौट गरी प्रदेश मन्त्रालयको मार्गदर्शन समेतको आधारमा कार्यान्वयन गर्न सक्नेछ।

## (घ) <u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण</u>

२४. एक तहको सरकारको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च एकाइको रुपमा सम्बन्धित तहको कानुनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

२५. बुँदा नं. १८ बमोजिमका आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले वार्षिक आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा श्रावण मसान्त भित्र पठाउनु पर्नेछ।

२६. ससर्त अनुदान अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण सम्बन्धित आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले सम्बन्धित प्रदेश मन्त्रालय/निकायमा चौमासिक रुपमा पठाउनु पर्नेछ।

२७. स्थानीय तहको महालेखा परीक्षकको कार्यालयबाट भएको लेखापरीक्षण प्रतिवेदन अर्को आर्थिक वर्षको मंसिर मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

(ङ) <u>वित्तीय अनुशासन</u>

२८. प्रदेश लेखा नियन्त्रक कार्यालयले आय र व्ययको एकीकृत आर्थिक विवरण तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने हुँदा निर्धारित ढाँचामा स्थानीय तहको आय व्ययको विवरण सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय मार्फत् पठाउने व्यवस्था गर्नु पर्नेछ।

२९. आर्थिक वर्ष २०७९/०८० को आम्दानी र खर्चको प्रतिवेदन तोकिएको ढाँचामा श्रावण मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ। गत आर्थिक वर्षको यस्तो प्रतिवेदन प्राप्त नभई चालु वर्षको राजस्व बाँडफाँट र अनुदान बापतको रकम हस्तान्तरण हुने छैन।

३०. समपूरक, विशेष र ससर्त अनुदान तर्फका स्वीकृत आयोजना तथा कार्यक्रमको लागि विनियोजित बजेटको ठेक्का वा अन्य प्रक्रियाबाट खरिद कार्य गर्दा बजेट भन्दा कम लागतमा ठेक्का सम्झौता वा उपभोक्ता समितिसँग सम्झौता भएका कारण वा अन्य कुनै कारणले बचत हुने रकम अर्को ठेक्का तथा उपभोक्ताबाट सोही आयोजनामा वा अन्य नयाँ कार्यक्रम वा आयोजनाका लागि खर्च गर्न नपाउने व्यवस्था मिलाई त्यस्तो रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गरी वित्तीय अनुशासन पालना गर्नु हुनेछ।

३१. सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण स्थलमा सो कामसँग सम्बन्धित विवरण (आयोजनाको नाम, लागत, कार्य सुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अङ्क, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित उपलब्धि आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी आयोजनाको जानकारी दिने होर्डिङ्ग बोर्ड राखी सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३२. आर्थिक वर्ष २०८०/०८१ को बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको **website: www.moeap.karnali.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

## ५.३ वित्तीय सङ्घीयता कार्यान्वयन गर्ने सन्दर्भमा भएका उपलब्धी र समीक्षा

१. कर्णाली प्रदेश सरकारले आफ्नो स्थापना काल देखि नै यस प्रदेश भित्रका सबै स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिरहेको छ। वित्तीय हस्तान्तरणका आयोजना/कार्यक्रम छनोट तथा सोको कार्यान्वयनका सम्बन्धमा कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५, कर्णाली प्रदेश समपूरक तथा विशेष अनुदान कार्यविधि, २०७५ चौथो संशोधन सहित तर्जुमा भएको।

२. स्थानीय तहमा ससर्त अनुदानका रूपमा हस्तान्तरण गरिने आयोजना/कार्यक्रमको प्रस्ताव, छनोट लगायत सोको कार्यान्वयनलाई थप व्यवस्थित बनाउनका लागि ससर्त अनुदान सम्बन्धी कार्यविधिको मस्यौदा तयारीको लागि समिति गठन भई प्रारम्भिक मस्यौदा तर्जुमा भएको।

३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, नेपाल सरकार अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायतका निकायहरूसँग अनुदान तथा राजस्व बाँडफाँटका सम्बन्धमा समन्वय, सहकार्य भईरहेको।

४. राष्ट्रिय योजना आयोगको समन्वय र सहकार्यमा आगामी आर्थिक वर्षमा छनोट हुने समपूरक तथा विशेष अनुदानको प्रस्तावका लागि विद्युतीय प्रणाली विकासको प्रक्रिया अगाडि बढाई सञ्चालनमा ल्याइएको।

५. वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न अनुदानहरू हस्तान्तरणका सम्बन्धमा हासिल भएको उपलब्धि सन्तोषजनक रहे पनि योजना तर्जुमा, सोको कार्यान्वयन तथा वित्तीय अनुशासनको पालना लगायतका विषयहरूमा आगामी दिनमा थप कार्य गर्नुपर्ने देखिन्छ।

६. विभिन्न योजना/कार्यक्रमको कार्यान्वयनको गुणस्तरीयता, प्रभावकारिताको विषयमा पर्याप्त अनुगमन मूल्याङ्कन हुन आवश्यक रहेको। यसका लागि आगामी दिनमा अनुगमन तथा मूल्याङ्कन संयन्त्रहरूलाई बलियो बनाउन जरुरी देखिन्छ।

७. नेपालको संविधानले परिकल्पना गरेको तीन तहको राज्यको संरचनाको समन्वय, सहकार्यको एक महत्त्वपूर्ण औजारको रूपमा वित्तीय सङ्घीयतालाई लिइन्छ। सोको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहको सरकारबिच निरन्तर रूपमा समन्वय सहकार्य हुनुपर्ने तथा विभिन्न तहका सरकारबाट निर्धारित कार्यक्षेत्र अनुरूप मात्र आयोजना/कार्यक्रम छनोट भई बजेट विनियोजन हुनुपर्ने आवश्यकता रहेको।

## ५.४ वित्तीय सङ्घीयताको कार्यान्वयनमा देखा परेका समस्याहरू

१. वित्तीय सङ्घीयताको कार्यान्वयन तथा वार्षिक बजेट कार्यान्वयनको लागि प्रदेश तथा स्थानीय तहमा पर्याप्त जनशक्तिको अभावका कारण अपेक्षित लक्ष्य हासिलमा कठिनाई भएको।

२. प्रदेश समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम ठेक्का सम्झौताको विवरण सम्झौता सम्पन्न भएको सात दिनभित्र सम्बन्धित स्थानीय तहले आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रेषित गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुसारको विवरण सबै स्थानीय तहबाट प्राप्त नभएको।

३. प्रदेश विनियोजन ऐन तथा मन्त्रालयबाट जारी गरिने विभिन्न परिपत्र तथा मार्गदशर्नको पालनामा ध्यान नपुगेको। कतिपय स्थानीय तहले वित्तीय हस्तान्तरणका आयोजनाहरूको आर्थिक वर्ष समाप्त भएपछि विनियोजन ऐन अनुसार फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेको।

४. समपूरक अनुदानका आयोजनाहरूको हकमा कतिपय स्थानीय तहले आयोजना प्रस्ताव गर्दा महत्त्वकांक्षी ढङ्गले प्रस्ताव गर्ने तर तोकिए बमोजिमको स्रोत सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्न नसक्दा व्यवहारमा आयोजना कार्यान्वयन नै नहुने वा ढिलाई हुने तथा संशोधनको लागि समेत अनुरोध गर्ने गरेको।

५. समपूरक र विशेष अनुदानका आयोजनामा पूर्व तयारीका चरण सम्पन्न भईसकेका आयोजना प्रस्ताव गर्नुपर्नेमा सो नगरी आयोजना अन्तिम चौमासिकमा ठेक्का सम्झौता गरी कार्यान्वयनमा ढिलाई गर्ने लगायतका कारण उक्त आयोजना/कार्यक्रमको दायित्व अर्को आर्थिक वर्षमा सर्ने र उक्त दायित्व व्यवस्थापन नगर्दा आयोजना/कार्यक्रम अधुरो रहने स्थिति देखिएको।

६. प्रदेश विनियोजन ऐन तथा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा समेत जुन आयोजना/कार्यक्रमको लागि बजेट विनियोजन भएको हो सोही आयोजना/कार्यक्रममा खर्च गर्नुपर्ने र बचत रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा बचत रकम स्वीकृत आयोजना/कार्यक्रम बाहेकका आयोजना/कार्यक्रमा खर्च गर्ने गरेको।

७. ससर्त अनुदानतर्फ आयोजना छनोटको निश्चित मापदण्ड नहुँदा टुक्रे प्रकृतिका आयोजनाको सङ्ख्या बढ्न गई स्रोत र साधनको प्राथमिकतापूर्ण र दक्षतापूर्ण उपयोग हुन नसकेको।

८. कतिपय स्थानीय तहमा ससर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम स्थानीय तहको आवश्यकता बमोजिम नभएको भनी उक्त आयोजना/कार्यक्रम कार्यान्वयनमा तदारूकता नहुँदा सोको सट्टामा अन्य योजना/कार्यक्रममा सो रकम रकमान्तर गर्नका लागि अनुरोध गर्ने गरेको।

९. ससर्त अनुदानका आयोजनाहरूको कार्यान्वयनका सन्दर्भमा विषयगत मन्त्रालयहरूबाट पनि समयमै कार्यविधि/मापदण्ड/मार्गदर्शन स्थानीय तहमा प्रेषित नहुँदा आयोजना/ कार्यक्रम कार्यान्वयनको विधि र प्रक्रियाका सम्बन्धमा द्विविधा उत्पन्न भएको।

१०. कर्णाली प्रदेश आर्थिक ऐन, २०८० मा तोकिएको समयमा सबै स्थानीय तहबाट राजस्व बाँडफाँटको रकम प्रदेश सञ्चित कोषमा दाखिला नभएको। यसका साथै स्थानीय तहबाट दहत्तर बहत्तर शुल्क बापत सङ्कलन भएको राजस्व कतिपय स्थानीय तहले प्रदेश सञ्चित कोषमा प्रदेश आर्थिक ऐन बमोजिम दाखिला नगरेको।

११. वार्षिक बजेट तर्जुमा पश्चात समेत योजना/कार्यक्रममा गैरबजेटरी रकमका लागि प्रस्ताव गर्ने प्रवृत्ति देखिएको।

१२. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली **(PLMBIS) र SUTRA (Sub-national treasury regulatory application)** बिच **Real time** आबद्धता नहुँदा प्रतिवेदन प्राप्तिमा समस्या देखिएको।

१३. कतिपय स्थानीय तहले **SUTRA** प्रणालीमा पूर्ण रूपमा बजेट तथा खर्च प्रविष्टि नगर्दा स्थानीय तहमा वित्तीय हस्तान्तरणको रूपमा उपलब्ध गराइएको रकमको यथार्थ खर्च विवरण प्राप्ति तथा सोका आधारमा खर्च विश्लेषण तथा प्रतिवेदन प्रणाली व्यवस्थापनमा कठिनाई भएको।

१४. स्थानीय तहले कार्यान्वयन गर्ने कतिपय आयोजनाहरूमा दोहोरोपना देखिएकोले सो आयोजना/कार्यक्रममा विनियोजित रकम नयाँ आयोजना/कार्यक्रममा रकमान्तरका लागि प्रस्ताव गर्ने गरेका।

## ५.५ समाधानका उपायहरू

१. प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रम कार्यान्वयन कुशलतामा वृद्धिका लागि पर्याप्त र दक्ष जनशक्तिको परिचालन गर्नुपर्ने। यसका लागि कर्मचारीको पदपूर्ति, क्षमता अभिवृद्धि लगायतका विषयमा ध्यान दिनुपर्ने।

२. प्रचलित कानुन बमोजिम उपलब्ध गराउनुपर्ने प्रतिवेदन समयमै पेश गर्न सम्बन्धित सबै निकाय जिम्मेवार हुनुपर्ने।

३. प्रदेश विनियोजन ऐन तथा मन्त्रालयबाट जारी गरिने विभिन्न परिपत्र तथा मार्गदर्शन लगायत प्रचलित कानुनको पालनामा ध्यान दिई वित्तीय अनुशासन कायम गर्नुपर्ने।

४. वित्तीय हस्तान्तरण अन्तर्गतका विभिन्न अनुदानको कार्यान्वयनका सम्बन्धमा सम्बन्धित ऐन, कानुन, कार्यविधि तथा मापदण्डमा तोकिएको कार्यान्वयन विधि लगायतका विषयहरूको अधीनमा रही आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने।

५. वित्तीय हस्तान्तरण अन्तर्गत अनुदानका कार्यक्रमहरूको माग/छनोट कार्यलाई प्रणालीसँग आवद्ध गर्दै लैजाने र स्वचालित प्रतिवेदन प्रणालीको विकास गर्ने।

६. अनुदान हस्तान्तरण गर्दा मानव विकास सुचकाङ्क, राजस्व उठाउने क्षमता, कार्यान्वयन दक्षता लगायतका विषयमा ध्यान दिई विकट भौगोलिक अवस्थितिमा रहेका स्थानीय तहलाई प्राथमिकता दिनुपर्ने।

७. स्वीकृत आयोजना/कार्यक्रम तोकिएको समयमै सम्पन्न गर्नका लागि सोको कार्यान्वयनमा तदारुकताका साथ लाग्नुपर्ने।

८. कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम ५० प्रतिशत साझेदारी गर्न नसक्ने स्थानीय तहहरूलाई साझेदारी गर्नुपर्ने अनुपात घटाउने वा विशेष अनुदानका आयोजनाको सङ्ख्या बढाई बजेट सन्तुलन कायम गर्नुपर्ने।

९. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट ससर्त अनुदान प्रदान गर्दा पालना गर्नुपर्ने आधार तथा सिफारिसको अधीनमा रही स्थानीय तहहरूसँगको समन्वय र सहकार्यमा हस्तान्तरण गर्नुपर्ने।

१०. ससर्त अनुदानका आयोजना/कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सम्बन्धित विषयगत मन्त्रालयबाट समयमै कार्यविधि/मापदण्ड/मार्गदर्शन स्थानीय तहमा प्रेषित गरी आयोजना/कार्यक्रम कार्यान्विनयको विधि र प्रक्रियाका सम्बन्धमा स्पष्ट गर्नुपर्ने।

११.प्रचलित आर्थिक ऐन बमोजिम राजस्व बाँडफाँट तोकिएको समयमै सम्बन्धित सञ्चितकोषमा दाखिला गरी राज्यका विभिन्न तहहरूबिच समन्वय र सम्पर्क बढाउनुपर्ने।

१२.विपद्जन्य अवस्थाको व्यवस्थापन बाहेक अन्य आयोजना/कार्यक्रमका लागि वार्षिक बजेट तर्जुमाको समयमा नै बजेट प्रस्ताव र विनियोजन गर्ने परिपाटीको विकास गर्नुपर्ने।

१३.वार्षिक बजेट तर्जुमा, सोको कार्यान्वयनका सम्बन्धमा हुने खर्च/प्रगति, राजस्व सङ्कलन लगायतका विषयलाई थप व्यवस्थित गर्नका लागि विकास गरिएको प्रणालीहरूमा अनिवार्य रूपमा विवरण प्रविष्टि गरी प्रतिवेदन प्रणालीको सुदृढीकरणका लागि सबै तहले ध्यान दिनुपर्ने।

१४.आयोजना/कार्यक्रममा देखिएका दोहोरोपना हटाउनका लागि केन्द्रीय तथ्याङ्क प्रणाली/परियोजना बैङ्कको विकास गर्नुका साथै पूर्वतयारी, सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका चरण पूरा भएका आयोजना/कार्यक्रममा मात्र सबै तहले आफ्नो कार्यजिम्मेवारी अनुरूप बजेट विनियोजन गर्नुपर्ने।

१५.कार्य सम्पादनमा आधारित अनुदान प्रणालीको अवलम्वन गरी स्थानीय तहमा आर्थिक अनुशासन र खर्च गर्ने क्षमतामा वृद्धि गर्नुपर्ने।

१६.अन्तरसरकारी वित्त हस्तान्तरण अन्तर्गत हस्तान्तरित आयोजना/कार्यक्रम, राजस्व बाँडफाँट लगायतका विषयहरू र सोको कार्यान्वयन प्रचलित कानुन बमोजिम भए/नभएको सम्बन्धमा अनुगमन मूल्याङ्कन गरी सो को पृष्ठपोषणका आधारमा कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्नु पर्ने।

१७.सङ्घ, प्रदेश तथा स्थानीय तहबिचको समन्वय र सहकार्य चुस्त दुरुस्त बनाउनका लागि संविधान, प्रचलित कानुन बमोजिम व्यवस्था भएका अन्तर समन्वय परिषद्हरुको समयमै बैठक हुनुपर्ने र तीनै तहमा देखिएका नीतिगत तथा कार्यात्मक बाधा व्यवधानका विषयमा अन्तरक्रिया र छलफलबाट बाधा फुकाउनु पर्ने।

## परिच्छेद-छ

# बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने प्रयासहरू

चालु आर्थिक वर्ष २०८०/०८१ को पहिलो ६ महिनाको बजेट कार्यान्वयनको आधारमा कर्णाली प्रदेशको बजेट तर्जुमा र कार्यान्वयनका क्रममा देखिएका कमजोरीहरू हटाई सार्वजनिक स्रोतको कुशलतापूर्वक परिचालन गरी दक्षता अभिवृद्धि गर्न देहाय बमोजिमका सुधार गर्नु पर्ने देखिन्छ।

### ६.१ तत्काल गर्नुपर्ने कार्यहरू

### ६.१.१ बजेट कार्यान्वयन

१. चालु आ.व. को पहिलो ६ महिनाको खर्च न्यून देखिएकाले आगामी अवधिको लागि संशोधित कार्ययोजना बनाई बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने।

२. बिना अध्ययन र पूर्व तयारी नगरी बजेट विनियोजन गरिएका कार्यक्रम र आयोजना कार्यान्वयनमा जान सक्ने वा नसक्ने सम्बन्धमा तत्काल निक्र्यौल गरी कार्यान्वयनमा जान नसक्ने देखिएका आयोजना/कार्यक्रममा विनियोजित बजेट समर्पण गर्ने वा कुनै आयोजना वा कार्यक्रममा बजेट नपुग भएमा प्रचलित कानुन बमोजिम रकमान्तर प्रस्ताव गर्ने।

३. आयोजना कार्यान्वयनका क्रममा कुनै समस्या देखिएमा तत्काल समाधानका उपाय खोज्ने/आयोजना प्रमुखबाट समस्या समाधान हुन नसक्ने भएमा मन्त्रालय वा विकास समस्या समाधान समितिबाट समाधानको उपाय खोज्ने।

४. आयोजना/कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि, निर्देशिका आवश्यक पर्ने भएमा यथाशीघ्र तर्जुमा गरी कार्यान्वयनमा लैजानु पर्ने।

५. कार्यक्रम/आयोजनाको मासिक रूपमा समीक्षा गर्ने।

६. चालु आर्थिक वर्षमा सिर्जित दायित्व यसै वर्ष भुक्तानीको व्यवस्था मिलाउने।

७. आयोजनाको स्थलगत अनुगमनमा जोड दिने।

८. आर्थिक मामिला तथा योजना मन्त्रालयले विभिन्न मन्त्रालयहरूबाट माग गरिएको थप निकासा/रकमान्तर/कार्यक्रम संशोधनमा तत्काल निर्णय दिने। कार्यविधि, निर्देशिकाको समेत अध्ययन गरी समयमै राय/सुझाव उपलब्ध गराउने।

९. रणनीतिक महत्त्वका आयोजना/कार्यक्रममा विनियोजित बजेटमा मात्र थप रकम आवश्यक भएमा रकमान्तर/थप निकासा माग गर्ने।

१०. ठुला रणनीतिक महत्त्वको आयोजना/कार्यक्रमबाट साना/खुद्रे कार्यक्रम/ आयोजनामा रकमान्तर प्रस्ताव नगर्ने।

११. सङ्घीय सरकारबाट ससर्त अनुदानमा सञ्चालित आयोजनामा थप रकम आवश्यक पर्ने भए सो को विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालयमा तत्काल अनुरोध गर्ने।

१२. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति बिना दीर्घकालीन दायित्व सिर्जना हुने गरी कार्यक्रम सञ्चालन नगर्ने।

१३. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका बखत नै वस्तुपरक ढङ्गबाट विनियोजन कुशलता कायम गरी रकमान्तर तथा कार्यक्रम संशोधनलाई निरुत्साहित गर्ने।

### ६.१.२ राजस्व व्यवस्थापन

१. गैरकर राजस्व वा सम्भावित राजस्वका क्षेत्रहरूको पहिचान गरी सङ्कलनको अवस्थाबारे अनुगमन गर्ने।

२. घरजग्गा रजिष्ट्रेशन शुल्क सङ्कलनमा देखिएका समस्या र आवश्यकताबारे मालपोत कार्यालयहरूसँग समन्वय गरी समाधानका प्रयास गर्ने।

३. कर्णाली प्रदेश आर्थिक ऐन २०८० को परिपालना भए नभएको सम्बन्धमा सम्बद्ध निकायहरूको अनुगमन गर्ने।

४. सवारी साधन कर र यातायात क्षेत्रबाट सङ्कलन हुने राजस्व सङ्कलनमा चुहावट र अनियमितता हुन नदिन निरन्तर अनुगमन गर्ने।

५. ससर्त, समपूरक र विशेष अनुदान तर्फ खर्च नभएको रकम नियमानुसार प्रदेश सञ्चित कोषमा फिर्ता नगर्ने स्थानीय तहलाई फिर्ता गर्न लगाउने।

६. ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर बापतको स्थानीय तहले सङ्कलन गरेको राजस्वको ४०% प्रदेश सञ्चित कोषमा जम्मा नगर्ने स्थानीय तहको नियमित अनुगमन गर्ने।

७. मनोरञ्जन कर र विज्ञापन कर बापतको प्रदेश सञ्चित कोषमा जम्मा हुनुपर्ने रकम प्राप्त भएको देखिदैन, सोको अनुगमन गर्ने।

## ६.२ दीर्घकालमा गर्नुपर्ने कार्यहरू

### ६.२.१ बजेट तर्जुमा

१. आवश्यक पूर्वतयारी भएका आयोजनालाई मात्र बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्ने। परियोजना बैङ्कलाई कार्यान्वयनमा ल्याई सो बैङ्कमा नपरेका आयोजनामा बजेट विनियोजन नगर्ने नीति लिने।

२. सञ्चालन विधि स्पष्ट भएका कार्यक्रमहरूलाई मात्र बजेटमा समावेश गर्ने।

३. विगतमा बहुवर्षीय ठेक्का, क्रमागत र अधुरा आयोजनामा आवश्यक पर्ने रकम पर्याप्त विनियोजन गरेर मात्र नयाँ कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।

४. कर्णाली प्रदेश बहुवर्षीय ठेक्का सम्बन्धी निर्देशिका, २०७७ बमोजिम बहुवर्षीय आयोजनाका लागि पर्याप्त रकम विनियोजन गर्नुपर्ने।

५. बजेट छलफल गर्दा प्रदेश तहबाट स्थानीय तहलाई ससर्त अनुदान दिनुपर्ने आयोजना/कार्यक्रमको समेत पर्याप्त तयारी गरी बजेट विनियोजन गर्ने।

६. आयोजना प्रस्ताव गर्दा मध्यमकालीन खर्च संरचनामा समावेश गरी तीन वर्षको खर्च अनुमान गर्ने।

७. बजेट तर्जुमा र आयोजना छनोट सम्बन्धमा प्रदेश आर्थिक कार्यविधि ऐनको व्यवस्था पूर्ण परिपालना गर्ने।

८. बजेट विनियोजन गर्दा संवैधानिक दायित्व, नेपालका आवधिक योजना, प्रदेशको आवधिक योजनाका उद्देश्यहरू हासिल हुने गरी बजेट विनियोजनमा कुशलता हासिल गर्ने।

९. बजेट प्रस्ताव गर्दा अवण्डा राख्ने गरी प्रस्ताव नगर्ने। स्थानीय तह मार्फत गर्नुपर्ने कामको लागि बजेट तर्जुमा गर्दा नै वित्तीय हस्तान्तरण प्रस्ताव गर्ने।

१०. औचित्य नभई नयाँ सङ्गठन संरचना स्थापना र दरबन्दी सिर्जना नगर्ने। दोहोरो जिम्मेवारी देखिएका निकायहरू एक आपसमा गाभ्ने वा खारेज गर्ने।

११. कुनै खास आयोजना/कार्यक्रम सञ्चालन गर्न स्थायी संरचना खडा नगरी विद्यामान सङ्गठन संरचनाबाट नै कार्यसम्पादन गर्ने व्यवस्था मिलाउने।

१२. नतिजा वा उत्पादनसँग आवद्ध गरेर पारदर्शी तरिका अपनाउने गरी मात्र व्याज अनुदान दिने नीति अवलम्बन गर्ने।

### ६.२.२ बजेट कार्यान्वयन

१. प्रदेश सभाबाट बजेट स्वीकृत हुनु अगावै बजेट कार्यान्वयन कार्ययोजना बनाउने र पूर्व तयारीका कामहरू सुरु गर्ने। बजेट कार्यान्वयनका लागि तयार गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरू यथाशीघ्र स्वीकृत गराउने।

२. अवण्डा राखिएका रकमहरू विनियोजन  ऐनले तोकेको समयभित्र बाँडफाँट गरी सक्नुपर्ने।

३. वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका बाहेक कुनैपनि नयाँ आयोजना/कार्यक्रम प्रस्ताव नगर्ने। आकस्मिक र विशेष परिस्थिति बाहेक आर्थिक वर्षकोबिचमा नयाँ आयोजनामा रकमान्तर/कार्यक्रम संशोधन नगर्ने।

४. कर्णाली प्रदेश योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विषयगत मन्त्रालयको प्रतिनिधित्व हुने गरी संयुक्त अनुगमन टोली बनाई ठुला आयोजना/ कार्यक्रमको नियमित अनुगमन गर्ने। यसरी अनुगमनका क्रममा देखिएका समस्याको तत्काल समाधान गर्ने।

५. बजेट कार्यान्वयनमा अन्तर निकाय समन्वय र सहजीकरणलाई प्रभावकारी बनाउने।

६. प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी निर्देशिका, २०७७ बमोजिमको प्रक्रिया पूरा गरी बहुवर्षीय ठेक्कामा लैजानु पर्ने आयोजनामा स्रोतको सहमति माग गर्ने।

७. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति विना कुनै पनि निकायले विनियोजित बजेट भन्दा बढीको दायित्व सिर्जना नगर्ने।
८. व्यक्ति, समुदाय, सहकारीलाई अनुदान दिंदा विगतको कार्य प्रभावकारिताको विश्लेषण गर्ने।
९. विशेष कारण बाहेक आयोजनाको सिर्जित दायित्वको भुक्तानी समयमा नगरी अर्को वर्ष दायित्व सार्ने पदाधिकारी उपर कारवाही गर्ने।
१०. क्रियाकलापमा आधारित बजेट तर्जुमा तथा खर्च प्रणालीलाई थप व्यवस्थित र उपयोगमैत्री बनाउने।
११. बहुवर्षीय र ठेक्कामा रहेको आयोजनामा खर्च हुन नसक्ने बजेट अन्य आयोजनामा खर्चको लागि सिफारिस गर्ने प्रवृत्तिलाई निरुत्साहन गर्ने।
१२. स्थानीय तहबाट समपूरक अनुदानमा सञ्चालित आयोजनाहरूमा स्थानीय तहले योगदान गरे नगरेको अनुगमन गर्ने।
१३. निर्माण सामग्री परीक्षणको लागि प्रादेशिक गुणस्तर परीक्षण प्रयोगशालाको व्यवस्था गर्नुपर्ने।
१४. प्रदेश निजामती सेवा ऐन तर्जुमा तथा जनशक्ति व्यवस्थापनको पहल गर्नुपर्ने।
१५. बजेट कार्यान्वयन कार्ययोजना, खरिद योजना/गुरुयोजना अनुसार कार्य गर्नुपर्ने।

### ६.२.३ स्रोत व्यवस्थापन

१. प्रदेशको क्षेत्राधिकारमा परेका नयाँ कर, गैरकरका क्षेत्रहरू पहिचान गरी दायरा विस्तार गर्ने।
२. प्रदेशको आर्थिक क्रियाकलापलाई प्रोत्साहन गर्ने वा प्रणालीको माध्यमबाट उत्प्रेरणा दिने नीति लिने।
३. कर दाखिलालाई सुत्र प्रणालीमा आवद्ध गर्ने।
४. खर्च गरी बचत रहेको ससर्त, समपूरक र विशेष अनुदान आर्थिक वर्षको अन्त्यमा फिर्ता नगर्ने स्थानीय तहलाई अर्को वर्ष हस्तान्तरण गरिने समानीकरण अनुदान दिंदा फिर्ता गर्नुपर्ने बरावरको रकम कटौति गर्ने।
५. राजस्व बाँडफाँटबाट स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजस्व जम्मा नगर्ने स्थानीय तहलाई ससर्त अनुदानका आयोजना नदिने प्रणाली विकास गर्ने।
६. गैरकर राजस्वका दरहरू पुनरावलोकन गरी समसामयिक बनाउने।
७. आन्तरिक आयको क्षेत्र पहिचान गरी आय स्रोत बढाउन पहल गर्ने।
८. नेपालको संविधानमा भएको व्यवस्था, प्रदेशको एकल अधिकार वा साझा अधिकार सूचिमा रहेका राजस्व सङ्कलन र प्राप्तिमा पहलकदमी बढाउनुपर्ने।
९. सङ्घीय कायक्रम संशोधन तर्फ प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलाई उद्देश्यमा फरक नपर्ने गरी कार्यक्रम संशोधन गर्न सक्ने अनुमति प्राप्त हुनुपर्ने।
१०. मनोरञ्जन कर, विज्ञापन करको दायरा विस्तार गर्ने।
११. वन पैदावर बिक्री शुल्क र पर्यटन शुल्कमा विविधीकरण गर्नुपर्ने।
१२. कृषि आयमा लाग्ने करको अध्ययन गर्नुपर्ने।
१३. प्रदेशको आन्तरिक राजस्व सीमित भएको र खर्चको आवश्यकता बढिरहेको अवस्थामा प्रदेशलाई प्राप्त हुने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउन पहल गर्नुपर्ने।
१४. वैदेशिक स्रोत समावेश भएका आयोजना वा कार्यक्रम कार्यान्वयन, बजेट रोक्का/फुकुवा, प्रगति विवरण र शोधभर्ना माग सम्बन्धमा ससर्त अनुदान प्रदान गर्न सम्बन्धित निकाय र कार्यान्वयन गर्ने प्रदेश अन्तर्गतका कार्यालयहरूबिच पर्याप्त समन्वय हुनुपर्ने।
१५. स्थानीय तह र राजस्व सङ्कलन गर्ने सरकारी कार्यालयको राजस्वको तथ्याङ्क अद्यावधिक र नियमन गर्ने प्रणालीको व्यवस्थापन गर्ने।

१६. प्रदेशमा पहिचानमा रहेका पर्यटकीय स्थलहरूमा आन्तरिक तथा बाह्य पर्यटन विकास र पर्यटन तथा पदयात्रा शुल्क सङ्कलनका लागि स्थानीय तहसँग साझेदारी गर्ने।
१७. बैङ्क तथा वित्तीय संस्था, बिमा, धितोपत्र लगायतमा प्रदेशको कार्यक्षेत्र र समन्वय स्पष्ट हुनुपर्ने।
१८. मालपोतबाट हुने घरजग्गा रजिष्ट्रेशन शुल्क निर्धारण वास्तविक कारोबार मूल्यमा मूल्याङ्कन गर्ने व्यवस्था गरिनुपर्ने।
१९. कर्णाली प्रदेशको राजस्व परिचालनमा प्राप्त प्रतिवेदनका सुझावहरू कार्यान्वयनमा ल्याउने।

### ६.२.४ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना

१. विनियोजित बजेट भन्दा बढीको खरिद प्रक्रिया अगाडि नबढाउने।
२. आर्थिक दायित्व हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति वा सहमति अनिवार्य रूपमा लिने।
३. आम्दानी, खर्च, अनुदानको विवरण मासिक रूपमा सार्वजनिक गर्ने।
४. आयोजना कार्यान्वयन कार्ययोजना, आयोजनाको विवरण सार्वजनिक गर्ने।
५. भौतिक प्रगतिको आधारमा मात्र भुक्तानी गरिने व्यवस्था कार्यान्वयन गर्ने।
६. कार्यक्रम संशोधन, स्रोत व्यवस्था र **PLMBIS** मा बजेट स्वीकृत भएपछि मात्र कार्य सुरु गर्ने।
७. विनियोजन ऐन र बजेट कार्यान्वयनका लागि जारी भएको मार्गदर्शनको परिपालना गर्ने।
८. सबै निकायले बजेट कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन गर्ने।
९. चौमासिक रूपमा मन्त्रालयले विकास समस्या समाधान समितिको बैठक बसी समाधान गर्न नसकिने समस्याहरू प्रदेशस्तरीय विकास समस्या समाधान समितिमा पेश गर्ने।
१०. बेरुजु फछ्र्यौट अनुगमन तथा मूल्याङ्कन समितिको निर्देशन अनुसार आ-आफ्नो निकायको बेरुजु फछ्र्यौटका लागि पहल गर्ने।

### ६.२.५ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउन गर्नुपर्ने कार्यहरु

१. वार्षिक बजेट, नीति तथा कार्यक्रमले निर्धारण गरेका लक्ष्य प्राप्तिको लागि कार्यान्वयन गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने।
२. कार्यालय र दरबन्दी सङ्ख्यालाई छरितो बनाउन र सूचना प्रवधिको प्रयोग गरी समय/लागत घटाउन पहल गर्नुपर्ने।
३. प्रदेश अन्तर्गतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि सेवा परामर्शमा खर्च नगर्ने।
४. क्षेत्रगत कार्यक्रम कार्यान्वयनको लागि विषयगत मन्त्रालयहरूसँगको समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने।
५. अनुगमन र मूल्याङ्कनलाई विकास मापनको प्राथमिकतामा राखी अनुगमन संयन्त्रको विकास गरी नियमित र प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने।
६. मातहतका कार्यलय नभएका र प्राविधिक जनशक्ति आवश्यक पर्ने मन्त्रालय/निकायको कार्यक्रम प्रभावकारी कार्यान्वयका लागि अन्तरनिकाय समन्वय गर्नुपर्ने।
७. अन्तरनिकाय समन्वयका लागि अन्तरनिकाय, अन्तर मन्त्रालय नियमित समन्वय बैठक गरी सहजीकरण गर्नु पर्ने।
८. पुराना सवारी साधन, मेशिनरी औजार, फर्निचर लगायतका सामग्रीको लिलाम प्रक्रिया अगाडि बढाउने।

### ६.२.६ सूचना प्रविधिको प्रयोग

१. डिजिटल प्रदेशको अवधारणा कार्यान्वयन गर्न प्रणालीहरूको **Integration** मा समन्वय गर्ने।

२. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली **(PLMBIS)** को स्तरोन्नति, क्षमता विकास र सेक्युरिटि अडिट गर्नुपर्ने।

३. प्रदेशको एकीकृत सम्पति विवरण तयार गर्न **Public Asset Management System (PAMS)** को प्रयोगलाई प्रभावकारी बनाउने।

४. स्थानीय तहमा बजेट व्यवस्थापनका लागि प्रयोगमा रहेको **Sub-National Treasury Regulatory Application (SuTRA)** र प्रदेशले प्रयोग गर्ने प्रणालीबिच **Application Programming Interface(API**) विकास गर्ने। राजस्व, बजेट एवम् लेखाङ्कन सम्बन्धी सूचना प्रणालीहरूबिच एक अर्कासँग आवद्धता कायम गर्ने।

५. बजेट तर्जुमा गर्दा तयार गरिने वार्षिक खरिद योजनालाई **Public Procurement Monitoring Office (PPMO)** को विद्युतीय सरकारी खरिद प्रणाली (e-GP) सँग आवद्धता गर्न पहल गर्ने।

६. प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणालीमा बेरुजुको सबै अभिलेख अद्यावधिक गर्ने।

७. प्रदेशका सबै कार्यालयमा प्रयोग हुने समान प्रकृतिका सामग्री खरिदमा एकरूपता कायम गर्न, सामग्रीको गुणस्तर सुनिश्चित गर्न र खरिद कार्यलाई सहजीकरण गर्नका लागि त्यस्ता सामग्रीहरूको **Specification Bank** तयार गर्ने।

८. प्रदेशको बजेट, लेखाङ्कन तथा प्रतिवेदनको लागि **Database** तयार गर्नुपर्ने वा प्रयोगमा रहेको प्रणालीहरूमा उच्चतहको पहुँच प्राप्त गर्ने।

९. प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित सबै सूचना प्रणालीहरू एकीकृत गर्ने।

# अनुसूचीहरू

## अनुसूची-१

## आय व्ययको विवरण

(रु. हजारमा)

| दातृनिकाय/श्रोत | शुरु बजेट | रकमान्तर | | अन्तिम बजेट | निकासा /खर्च | बाँकी | निकासा /खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | थप | घट | | | | |
| **कर्णाली प्रदेश** | **३३३७९७०७०००** | **५८४५७७६३९** | **५८४५७७६३९** | **३३३७९७०७०००** | **४३८३३३५४७८** | **२८९९६३७१५२२** | १३.१९ |
| **चालु** | **१३८०२४६४०००** | **१६२९१३६३९** | **१६४५६५६३९** | **१३८००८१२०००** | **२९०२२६०२६०** | **१०८९८५५१७४०** | २१.०३ |
| **११०००01 प्रदेश सरकार** | **१०८०२३४९०००** | **१४३७४१६३९** | **१४५३९३६३९** | **१०८००६९७०००** | **२२८७६८९५२६** | **८५१३००७४७४** | २१.१८ |
| **०१ नगद (आन्तरिक स्रोत)** | १०८०२३४९००० | १४३७४१६३९ | १४५३९३६३९ | १०८००६९७००० | २२८७६८९५२६ | ८५१३००७४७४ | २१.१८ |
| **११०२००१ नेपाल सरकार** | **२९८१४२५०००** | **१६६७२०००** | **१९१७२०००** | **२९७८९२५०००** | **६१४६८५३०८** | **२३६४२३९६९२** | २०.६३ |
| **०१ नगद (आन्तरिक स्रोत)** | ० | ० | ० | ० | -७५० | ७५० | |
| **११ वित्तीय समानिकरण अनुदान** | १२३३८६५००० | ० | ० | १२३३८६५००० | २६९३३१४५२ | ९६४५३३५४८ | २१.८३ |
| **१२ ससर्त अनुदान** | १६१७५६००००० | १६६७२००० | १९१७२००० | १६१५०६०००० | ३२५१६८८३८ | १२८९८९११६२ | २०.१३ |
| **१४ विशेष अनुदान** | १३००००००० | ० | ० | १३००००००० | २०१८५७६८ | १०९८१४२३२ | १५.५३ |
| **२१०९०११ युनिसेफ** | **१८६९००००** | **०** | **०** | **१८६९००००** | **६६०००** | **१८६२४०००** | ०.३५ |
| **३२ सोझै भुक्तानी अनुदान** | १८६९०००० | ० | ० | १८६९०००० | ६६००० | १८६२४००० | ०.३५ |
| **२११६००१ एस.इ.एस.पी.** | **०** | **०** | **०** | **०** | **-१८०५७४** | **१८०५७४** | |
| **३३ शोधभर्ना हुने अनुदान** | ० | ० | ० | ० | -१८०५७४ | १८०५७४ | |
| **२३१६००१ दाताको संयुक्त कोष** | **०** | **२५०००००** | **०** | **२५०००००** | **०** | **२५०००००** | |
| **३३ शोधभर्ना हुने अनुदान** | ० | २५००००० | ० | २५००००० | ० | २५००००० | |
| **पुजिगत** | **१९५७७२४३०००** | **४२१६६४०००** | **४२००१२०००** | **१९५७८८९५०००** | **१४८१०७५२१८** | **१८०९७८१९७८२** | ७.५६ |
| **११००००१ प्रदेश सरकार** | **६२८४७६८०००** | **८३३६४०००** | **८१७१२०००** | **६२८६४२००००** | **२०५७४८४३९** | **६०८०६७१५६१** | ३.२७ |
| **०१ नगद (आन्तरिक स्रोत)** | ६२८४७६८००० | ८३३६४००० | ८१७१२००० | ६२८६४२०००० | २०५७४८४३९ | ६०८०६७१५६१ | ३.२७ |
| **११०२००१ नेपाल सरकार** | **१३२९२४७५०००** | **३३८३०००००** | **३३८३०००००** | **१३२९२४७५०००** | **१२७५३२६७७९** | **१२०१७१४८२२१** | ९.५९ |
| **११ वित्तीय समानिकरण अनुदान** | ८९३०२३५००० | ३३८०००००० | ३३८०००००० | ८९३०२३५००० | १०४१२९१७१२ | ७८८८९४३२८८ | ११.६६ |
| **१२ ससर्त अनुदान** | ३१३२७४०००० | ३००००० | ३००००० | ३१३२७४०००० | १५००६७६४९ | २९८२६७२३५१ | ४.७९ |
| **१३ समपूरक अनुदान** | ७६१६००००० | ० | ० | ७६१६००००० | ३३७३३४८८ | ७२७८६६५१२ | ४.४३ |
| **१४ विशेष अनुदान** | ४६७९००००० | ० | ० | ४६७९००००० | ५०२३३९३० | ४१७६६६०७० | १०.७४ |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

# अनुसुची-२
## राजस्व तथा अनुदान प्राप्ति

(रु. हजारमा)

| ] शीर्षक | आ.ब. २०७९/८० को अनुमान | आ.ब. २०७९/८० को अर्धवार्षिक प्राप्ति | प्रतिशत | आ.ब. २०८०/०८१ को अनुमान | आ.ब. २०८०/०८१ को अर्धवार्षिक प्राप्ति | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कर | ९१५०३२९ | | | ९२०४७८४ | ५४६५०७३ | ५९.३७ |
| आय मुनाफा तथा पुँजीगत आयमा लाग्ने कर | | | | | | |
| एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | | | | | | |
| ११९४१ कृषि आयमा कर | | | | | | |
| सम्पति कर | १२५०१४ | २६६७५ | | | | |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | १२५०१४ | २६६७५ | | १४७८४० | | |
| ११३१५-घरजग्गा रजिष्टेशन दस्तुर | १२५०१४ | २६६७५ | २१.३४ | १४७८४० | १०३४६४ | ६९.९८ |
| राजस्व बाँडफाँट सङ्घ | ९०२२००० | २९२९१०७ | ३२.४७ | | | |
| बस्तु तथा सेवामा आधारित कर | | | | ९०५३८३६ | | ०.०० |
| ११४११-बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | | २२१६५५४ | | ६६०९७१४ | ५३६१६०९ | ८१.१२ |
| अन्तशुल्क | | | | २१९७७२२ | | ०.०० |
| ११४२१-बाँडफाँटभई प्राप्त हुने अन्त शुल्क | | ७१२५५३ | | २१९७७२२ | १८८१५२८ | ८५.६१ |
| पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर | १९०००० | १ | | | | |
| ११४५२ पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १९०००० | १ | | | २५६ | |
| मनोरञ्जन तथा विज्ञापन कर | | | | | | |
| ११४७१-बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | | | | | | |
| ११४७२-विज्ञापनकर | | | | | | |
| अन्य कर | | ६३४ | | ३१०८ | | |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | | ६३४ | | ३१०८ | ९१९ | २९.५७ |
| अनुदान | १८३२६६०४ | ५३६३१०० | २९.२६ | १६२९२५९० | १२४६९००१ | ७६.५३ |
| वहुपक्षीय वैदेशिक अनुदान | २०५०४ | | | १८६९० | | |
| अन्य वैदेशिक चालु अनुदान | २०५०४ | | | १८६९० | | |
| १३२३१ अन्य वैदेशिक चालु अनुदान | २०५०४ | | | १८६९० | | |
| अन्तरसरकारी वित्तीय हस्तान्तरण | १८३०६१०० | | | १६२७३९०० | | |
| १३३११-समानिकरण अनुदान | १०७२६४०० | ५३६३१०० | ५० | १०१६४१०० | १०३२१६५० | १०१.५५ |
| १३३१२-ससर्त अनुदान चालु | १९३२९०० | | | १५९१११० | | ०.०० |
| १३३१३-ससर्त अनुदान पुँजीगत | ३७६३८०० | | | ३१५९१९० | १९५७६०४ | ६१.९७ |
| १३३१५ विषेश अनुदान चालु | ६६८००० | | | १६०००० | १८९७४७ | ११८.५९ |
| विषेश अनुदान पुँजीगत | | | | ४३७९०० | | |
| १३३१६ समपूरक अनुदान पुँजीगत | १२१५००० | | | ७६१६०० | | |
| १३३१८ अन्य अनुदान चालु( सङ्घ सरकार पछि प्राप्त हुनेसक्ने शर्शत अनुदान) | - | | | | | |
| अन्य राजस्व | ५१२१०५ | | | २९५१७६ | ३१८७१ | १०.८० |
| सम्पतिबाट प्राप्त आय | २५०३५८ | | | ६२१५२ | | |
| भाडा र रोयल्टी | १७०८१ | २७८१० | १६२.८१ | ६१९४५ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४१५१-सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | | १० | | ० | १९९ | |
| १४१५३-बाँडफाँट भई प्राप्त वन रोयल्टी | | | | २८६०० | १८६६३ | ६५.२६ |
| १४१५४-बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | | | | १२४२ | ८११ | ६५.३० |
| १४१५६-बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | | | | २४९२ | १६२६ | ६५.२५ |
| १४१५७-बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १७०८१ | ४३९१ | २५.७१ | २९०८१ | ७२६७ | २४.९९ |
| १४१५८-बाँडफाँट भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | | | | ५३० | ३४६ | ६५.२८ |
| १४१५९ अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी | | २३८ | | ० | ३२० | |
| ३३३६१ वन क्षेत्रको रोयल्टी | | २३१७१ | | | | |
| राजस्व बाँडफाँटबाट प्राप्त आय | २३२३३३ | ९४४०३ | ४०.६३ | २०७ | | |
| सवारी साधन कर | २३२३३३ | ९४४०३ | ४०.६३ | २०७ | | |
| अन्य शुल्क | ९४४ | | ० | ० | | |
| पर्यटन शुल्क | ९४४ | | ० | ० | | |
| वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम | २८५७ | | ० | २०६२७३ | | |
| वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम | २८५७ | १५१३ | ५२.९६ | ५२९१ | | |
| १४२११-कृषिउत्पादनको विक्रीबाट प्राप्त रकम | १३९९ | १६६ | ११.८७ | १८२१ | | |
| १४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | ६६० | ६ | ०.९१ | ७७० | ११९३ | १५४.९४ |
| १४२१३-अन्यविक्रीबाट प्राप्त रकम | ७९८ | १३४१ | १६८.०५ | २७०० | १४४६ | ५३.५६ |
| १४२१७-नहर तथा कुलो उपयोग बापतको शुल्क | | | | | | |
| १४२१९-अन्यसेवा शुल्क तथा विक्री | | | | | | |
| प्रशासनिक सेवा शुल्क | १३६६९८ | ५१९६८ | ३८.०२ | ८७७९४ | १५९९६३ | १८२.२० |
| १४२२३-शिक्षाक्षेत्रको आम्दानी | ५८१ | ३०४ | ५२.३२ | ६२५ | ५९३ | ९४.८८ |
| १४२२४-परीक्षाशुल्क | ९८२७७ | ३७७७६ | ३८.४४ | ४९३२९ | ५८०१२ | ११७.६० |
| १४२२५-यातायातक्षेत्रको आम्दानी | १२३२० | ३९१९ | ३१.८१ | १२३२० | ८९६४ | ७२.७६ |
| १४२२९-अन्यप्रशासनिक सेवा शुल्क | २५५२० | ९९६९ | ३९.०६ | २५५२० | १९११७ | ७४.९१ |
| अन्य प्रशासनिक दस्तुरहरू | ६९१९० | ३१६३१ | ४५.७२ | ८२३८८ | | |
| १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३०१४० | ६५३० | २१.६७ | ३०१४० | ११२१ | ३.७२ |
| १४२५४-रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ३३० | ७०० | २१२.१२ | २१०० | १०६० | ५०.४८ |
| १४२५५-टेलिभिजन सञ्चालन दस्तुर | ० | | | | | |
| १४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब (ब्लुबुक) सम्बन्धी दस्तुर | ३८७२० | २४४०१ | ६३.०२ | ५०१४८ | ५३५५९ | १०६.८० |
| अन्य प्रशासनिक सेवा शुल्क | ३०८०० | १७५६ | ५.७ | ३०८०० | | |
| १४२६४-वन क्षेत्रको अन्य आय | ३०८०० | १७५६ | ५.७ | ३०८०० | ८६१७ | २७.९८ |
| दण्ड जरिवाना र जफत | २२२०२ | | ० | २६०९१ | | |
| दण्ड जरिवाना र जफत | २२२०२ | २२५२ | १०.१४ | २६०९१ | | |
| १४३११-न्यायिकदण्ड,जरिबाना र जफत | २२ | ४० | १८१.८२ | ९१ | ३१४ | ३४५.०५ |
| १४३१२-प्रशासनिकदण्ड,जरिबाना र जफत | २०६८० | २२१२ | १०.७ | २४६८० | ७१५४ | २८.९९ |
| १४३१३-धरौटी सदरस्याहा | १५०० | ० | | १३२० | | |
| विविध राजस्व | | | | ६६० | | |
| चालु दावी तथा अन्य शुल्कहरू | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४५११-बिमादावी प्राप्ति | | | | | | |
| अन्य राजस्व | ० | १४०३ | | ६६० | | |
| १४५२९-अन्यराजस्व | ० | १४०३ | | ६६० | १४५२ | २२०.०० |
| विविध प्राप्ति | ४७१९२९७ | | | ७५८७१५७ | १३४९९३ | १.७८ |
| विविध प्राप्ति | ४७१९२९७ | | | ७५८७१५७ | | |
| विविध प्राप्ति | १६४७१२ | ९९४१५ | ६०.३६ | १७६५५२ | | |
| १५१११-बेरूजू | ९९२६६ | २९५२३ | २९.७४ | ९४५१८ | ४७८५३ | ५०.६३ |
| १५११२-निकासा फिर्ता | २३५६० | २३१७४ | ९८.३६ | २६७२२ | ३५४२२ | १३२.५६ |
| १५११३-अनुदान फिर्ता | ४१८८६ | ४६७१८ | १११.५४ | ५५३१२ | ५१७१८ | ९३.५० |
| नगद तथा मौज्दात | ४५५४५८५ | ८६०२६८१ | १८८.८८ | ७४१०६०५ | | |
| ३२१२१- गत वर्षको नगद मौज्दात | ४५५४५८५ | ८६०२६८१ | १८८.८८ | ७४१०६०५ | | |
| राजस्व, अनुदानको जम्मा (राजस्व बाँडफाँट सङ्घ बाहेक) | २३५९४१६३ | १४३०५२४२ | ७३.०५ | | | |
| बाँडफाँट सहित | ३२६१६१६३ | १७२३४३४९ | ५२.८४ | ३३३७८५९८ | १८२६०९०१ | ५४.७१ |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

## अनुसूची-३

### आ.व. २०७९/०८० र २०८०/०८१ मा विनियोजित बजेट र खर्चको तुलनात्मक विवरण (पौषसम्म), (रु. हजारमा)

| क.सं. | मन्त्रालय/कार्यालय | आ.व. २०७९/०८० | | | आ.व. २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा बजेट | जम्मा खर्च | खर्च प्रतिशत | जम्मा बजेट | जम्मा खर्च | खर्च प्रतिशत |
| १ | प्रदेश व्यवस्थापिका | १७१९७९ | ३४८९८ | २०.२९ | १५०९१८ | ४८०९९ | ३१.८७ |
| २ | प्रदेश लोक सेवा आयोग | ११४२६८ | ३७७५२ | ३३.०४ | १०९९९५ | २८६६६ | २६.०६ |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १८२३६ | ६३८७ | ३५.०२ | १७६२९ | ६७८९ | ३८.५१ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६७३५९९ | ७७३५३ | ११.४८ | १८७४३०५ | ९३६८७ | ५.०० |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०९६९५ | ६२६८३ | २९.८९ | १९२७४० | ५५९६७ | २९.०४ |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २१३७४०१ | ३००५५६ | १४.०६ | २१४१२७३ | ३२७६४५ | १५.३० |
| ७ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ३७९३२०० | ३९९०५१ | १०.५२ | ३५३९७३८ | २९२७८८ | ८.२७ |
| ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २३८२६०० | २५६२५७ | १०.७६ | २११२७०५ | २७०२९९ | १२.७९ |
| ९ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २९६८९३ | ४५६९५ | १५.३९ | ३४४०२१ | ७१२९५ | २०.७२ |
| १० | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | १०९२०९५८ | ९५८६६७ | ८.७८ | १०११४२६१ | ७९५३१२ | ७.८६ |
| ११ | सामाजिक विकास मन्त्रालय | ५८९५१४० | १२७७६६१ | २१.६७ | ५९४०६८५ | १३९३४४६ | २३.४६ |
| १२ | कर्णाली प्रदेश योजना आयोग | ३६४६५ | ४२५८ | ११.६८ | ४०९९७ | ७१९७ | १७.५५ |
| १३ | अर्थ - वित्तीय व्यवस्था | २५०००० | | | २५०००० | | |
| १४ | अर्थ - विविध | १७०००००० | | | १७५०००० | | |
| १५ | स्थानीय तह | ४०१५७२९ | ७९३४६३ | १९.७६ | ४८००४४० | १०१०४०५ | २१.०५ |
| | **जम्मा** | ३२६१६१६३ | ४२५४६८१ | १३.०४ | ३३३७९७०७ | ४४०१५९५ | १३.१९ |

**स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।

## अनुसुची-४

### आ.व. २०८०/०८१ मा स्रोत सुनिश्चितता र बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति दिइएका आयोजनाहरुको विवरण

जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय (रु. हजारमा)

| क. सं. | आयोजनाको नाम | आयोजनाको कुल लागत | आ.व.२०८०/०८१ मा विनियोजित बजेट | आ.व.२०८१/०८२ मा आवश्यक बजेट | आ.व.२०८२/०८३ मा आवश्यक बजेट | आयोजना सम्पन्न हुन लाग्ने वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | निकास खोला नियन्त्रण आयोजना, वी.न. पा. २ र ९, सुर्खेत | ४९९३९ | १४५०० | ३५४३९ | - | २ | स्रोत सुनिश्चितता |
| २ | राक्से सिँचाइ योजना, सिम्ता गा.पा. सुर्खेत | २२५८० | ७००० | १५५८० | - | २ | स्रोत सुनिश्चितता |
| ३ | कार्यालय भवन तथा आवास सुधार कार्यक्रम, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेत | १८४४१ | ५००० | १३४४१ | - | २ | स्रोत सुनिश्चितता |
| ४ | समैचे भ्यागुते सिँचाइ योजना, पञ्चपुरी सुर्खेत | १९७१७ | ५००० | १४७१७ | | २ | स्रोत सुनिश्चितता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | धारापानी लिफ्ट खानेपानी योजना, बागचौर न.पा.-५ सल्यान | ११८१८ | ३००० | ८८१८ | - | २ | स्रोत सुनिश्चितता |
| ६ | शान्तिटोल तटबन्ध, ठूलीभेरी-३ डोल्पा | १९७९५ | ५००० | ७००० | ७७९५ | ३ | स्रोत सुनिश्चितता |
| **जम्मा** | | **१४२२९०** | **३९५००** | **९४९९५** | **७७९५** | | |

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय (रु. हजारमा)

| क्र.सं. | आयोजनाको नाम | आयोजनाको कुल लागत | आ.व. २०८०/०८१ मा विनियोजित रकम | आ.व. २०८१/०८२ मा आवश्यक बजेट | आ.व. २०८२/०८३ मा आवश्यक बजेट | आयोजना सम्पन्न हुन लाग्ने वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सांगेतडा-चामुण्डा विन्द्रासैनी सडक खण्डको डौसुर देखि चामुण्डा विन्द्रासैनी ०८ भोटेचौतारा मध्यपहाडी जोड्ने सडक स्तरोन्नति | ६७२५३ | ३०००० | ३७२५३ | - | २ | स्रोत सुनिश्चितता |
| २ | सुर्खेत विमानस्थल ढल निकास तथा सडक स्तरोन्नति, वी.न.पा.-१२ सुर्खेत | १०९१३८ | २०००० | ६०००० | - | २ | स्रोत सुनिश्चितता |
| ३ | गोठीखोला ज्युका सडक निर्माण तथा स्तरोन्नति, मुगु | २३९९७ | ६००० | १७९९७ | - | २ | स्रोत सुनिश्चितता |
| ४ | टोप्ला इमिल्चा जाजरकोट सडक, जुम्ला | ९९१३७ | २५००० | ७४१३७ | - | २ | स्रोत सुनिश्चितता |
| ५ | जुम्ला गच्छेसाँगु जलजला गोठि जिउला सडक, जुम्ला | ८७९५८ | २२००० | ६५९५८ | - | २ | स्रोत सुनिश्चितता |
| ६ | नेहरघाट बेलिब्रिज सोरु ५ मुगु | ४९९९३ | २५००० | २४९९३ | - | २ | स्रोत सुनिश्चितता |
| ७ | माथिल्लो डुङ्गेश्वर दुल्लु बेउली कालीकोट सडक खण्डको दह वडाडाँडादेखि बैंक बजार सम्म सडक स्तरोन्नती, दैलेख | ५९९९९ | १५००० | ४४९९९ | - | २ | स्रोत सुनिश्चितता |
| ८ | सुन्तला पकेट क्षेत्र कोटमौला किमिरे पोखरी खोरबारे परीलेख सडक स्तरोन्नती, सल्यान | ३९९९२ | १०००० | २९९९२ | - | २ | स्रोत सुनिश्चितता |
| ९ | स्वीकोट नेटा मर्म परिकाँडा जिमाली चौरपानी जोड्ने सडक स्तरोन्नती | १५९९२ | ४००० | ११९९२ | - | २ | स्रोत सुनिश्चितता |
| १० | चिला खेरा बेलीब्रिज पुल निर्माण, डोल्पा | २९७५२ | १०००० | १९७५२ | - | २ | स्रोत सुनिश्चितता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | जिउखोर खोला देखि सुँ हुँदै रंग गाउँ सडक त्रिपुरासुन्दरी, डोल्पा | ९८१६० | २५००० | ७३१६० | - | २ | स्रोत सुनिश्चितता |
| १२ | सेपुखोला कोल्यानी बण्डाला सुवाकोट लुहाग धुम तोल्खाना दह हुँदै जुम्ला सडक जाजरकोट, जुम्ला | ९९७९८ | २५००० | ७४७९८ | - | २ | स्रोत सुनिश्चितता |
| १३ | काउली बेलिब्रिज पुल बारेकोट गा.पा.-५ जाजरकोट | ३१९९८ | ८००० | २३९९८ | - | १.५ | स्रोत सुनिश्चितता |
| १४ | पिना देखि गमगढी सडक, मुगु | १९९९९ | ५००० | १४९९९ | - | १.५ | स्रोत सुनिश्चितता |
| १५ | शान्तिनगर बुलबुले टोल जोड्ने सडक पुल, वी.न.पा.-१० सुर्खेत | १८६०४ | ५००० | १३६०४ | - | २ | स्रोत सुनिश्चितता |
| १६ | सेपुखोला बेलिब्रिज पुल, बारेकोट-८ जाजरकोट | ३८०८० | १०००० | २८०८० | - | १.५ | स्रोत सुनिश्चितता |
| १७ | धरमपोखरा पातिकान्ला ठाँटिचौर मौलेहाले तिप्लाकाँध खनेटा सडक स्तरोन्नति, सुर्खेत | ३९९९६ | १०००० | २९९९६ | - | २ | स्रोत सुनिश्चितता |
| १८ | ताराघाट खोला मोटरेवल पुल महाबु गा.पा. | ४९९९७ | ९००० | ३०००० | १०९९७ | ३ | स्रोत सुनिश्चितता |
| १९ | डिमुरे खोला पुल, सल्यान | ४११७५ | ५००० | ३६१०० | | २ | स्रोत सुनिश्चितता |
| २० | न्याउरीगाट पक्की पुल, कनकासुन्दरी जुम्ला | ७१८७७ | १८००० | ३५००० | १८८०० | | वहुवर्षीय |
| २१ | लुम पक्की पुल, पातारासी जुम्ला | ७१९२० | १८००० | ३५००० | १८९०० | | वहुवर्षीय |
| २२ | दुनै कालिका मन्दिर देखि जिल्ला अस्पताल जोड्ने बेलिब्रिज पुल | ५८८९४ | २०००० | ३८८९४ | - | | वहुवर्षीय |
| २३ | सल्यान खलङ्गा कालिमाटी घुइयाबारी काप्रेचौर खर्कबार कोहलपुर सडक | ३९९९५७ | १२०००० | १५०००० | १३०००० | | वहुवर्षीय |
| २४ | कृष्ण प्रसाद भट्टराई स्मृति प्रतिष्ठान भवन निर्माण, लेकवेंशी १ सुर्खेत | १२३०३५ | ३६२५० | ५०००० | ३६७८५ | | वहुवर्षीय |
| **जम्मा** | | **१७४६७०१** | **४८१२५०** | **१०२०७०२** | **२१५४८२** | | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(रु. हजारमा)

| क्र.सं. | आयोजनाको नाम | आयोजनाको कुल लागत | आ.व. २०८०/०८१ मा विनियोजित बजेट | आ.व. २०८१/०८२ मा आवश्यक बजेट | आ.व. २०८२/०८३ मा आवश्यक बजेट | आयोजना सम्पन्न हुन लागने वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि विकास कार्यालय मुगुको कार्यालय भवन निर्माण | २५४२७ | ६५०० | ९४६३ | ९४६३ | ३ | स्रोत सुनिश्चितता |
| २ | तरल नाइट्रोजन | ७१८७७ | १८००० | ३५००० | १८८०० | २ | वहुवर्षीय |
| **जम्मा** | | ९७३०४ | २४५०० | ४४४६३ | २८२६३ | | |

**स्रोतः** आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश।